# पहिलो अध्याय
# शोध परिचय

## १.१. शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक **जिन्दगीका टिपोटहरू संस्मरणको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२. शोध प्रयोजन

प्रस्तुत शोध कार्यको प्रयोजन त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायको नेपाली विभाग पृथ्वी नारायण क्याम्पस अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र ( ५४०-१) को आवश्यकता पुरा गर्नु रहेको छ ।

## १.३. विषय प्रवेश

कृष्णचन्द्र सिंह प्रधान (१९८२-२०६७) नेपाली साहित्यका क्षेत्रमा देखा परेका साहित्यकार हुन् । यिनले नेपाली साहित्यमा कविता, निबन्ध, समालोचना जस्ता विधाहरूमा कलम चलाएर आफूलाई सशक्त साहित्यकारको रूपमा परिचय दिएका छन् । यिनले साहित्यका विभिन्न विधामा कलम चलाएका भए पनि निबन्ध र समालोचना लेखनमा निकै सफलता हासिल गरेका छन् । वि.सं. २००२ सालमा 'उदय' पत्रिकामा 'अश्रुधार' शीर्षकको कविता प्रकाशित गरेर नेपाली साहित्यका क्षेत्रमा देखा परेका प्रधानले आफ्नो साहित्यिक यात्राका उत्तरार्द्धतिर मात्र संस्मरणहरू लेख्न थालेका हुन् । **'नफर्कने ती दिनहरू'** (२०५९) शीर्षकको पुस्तकाकार कृति नै उनको पहिलो प्रकाशित संस्मरणात्मक कृति हो । **'जिन्दगीका टिपोटहरू'** (२०६३) यिनको दोस्रो संस्मरणात्मक कृति हो । यी दुवै पुस्तकाकार कृति प्रधानका संस्मरणात्मक लेखका सङ्ग्रहहरू हुन् ।

कृष्णचन्द्र सिंह प्रधानका साहित्यिक सिर्जनाको एउटा महत्त्वपूर्ण क्षेत्र संस्मरणात्मक निबन्ध लेखनको क्षेत्र पनि हो । कवि र समालोचकका रूपमा देखिएका प्रधान संस्मरणात्मक निबन्ध लेखनमा पनि क्रियाशील रहेका छन् । यिनको संस्मरणात्मक निबन्धकारिताको अध्ययन नगरी समग्र रूपमा यिनको साहित्यिक व्यक्तित्वमाथि प्रकाश पार्न सकिँदैन । संस्मरण लेखन उनको साहित्यिक जीवनको एउटा महत्त्वपूर्ण पाटो हो । त्यसैले प्रधानको संस्मरणकारिताको अध्ययन एवम् विश्लेषण गर्ने काम यस शोध पत्रमा गरिएको छ ।

## १.४. शोध समस्या

नेपाली साहित्यका क्षेत्रमा साहित्यकारका रूपमा स्थापित भएका कृष्णचन्द्र सिंह प्रधानले नेपाली साहित्यका कविता, निबन्ध, संस्मरण र समालोचना लगायतका विधामा कलम चलाएका छन् । प्रधानका साहित्यिक जीवनका विभिन्न परिचयमध्ये संस्मरणकारका रूपमा उनको छुट्टै परिचय रहेको छ । उनी एक सशक्त संस्मरणकार हुन् । उनका संस्मरणात्मक कृतिका रूपमा **नफर्कने ती दिनहरू** र **जिन्दगीका टिपोटहरू** रहेका छन् । यी मध्ये प्रधानको दोस्रो संस्मरणात्मक कृति **जिन्दगीका टिपोटहरू** को अध्ययन विश्लेषण गर्ने कार्यलाई नै प्रस्तुत शोध कार्यको केन्द्रबिन्दु बनाइएको छ । प्रधानको संस्मरणात्मक कृति 'जिन्दगीका टिपोटहरू' मा केकस्ता कृतिगत पक्षहरू अन्तर्निहित रहेका छन् भन्ने मूल प्राज्ञिक जिज्ञासाको समाधानका लागि प्रस्तुत शोध गर्न लागिएको छ ।  यस अध्ययन कार्यमा मुख्य रूपमा निम्न लिखित समस्याहरू रहेका छन् -

१. संस्मरण लेखकका रूपमा कृष्णचन्द्र सिंह प्रधानको परिचय के हो ?

२. कृष्णचन्द्र सिंह प्रधानले **जिन्दगीका टिपोटहरू** मा के कस्ता संस्मरण लेखेका छन् ?

३. कृष्णचन्द्र सिंह प्रधानको **जिन्दगीका टिपोटहरू** संस्मरणात्मक कृतिका खास विशेषताहरू के-के हुन् ?

## १.५. शोधको उद्देश्य

प्रधानको संस्मरणात्मक कृति **जिन्दगीका टिपोटहरू**मा अन्तर्निहित कृतिगत पक्षहरूको खोज अन्वेषण गर्नु प्रस्तुत शोधको मूल उद्देश्य रहेको छ । यी उद्देश्यहरूलाई निम्न बुँदाहरूबाट थप प्रष्ट पारिन्छ :-

१. संस्मरण लेखकका रूपमा कृष्णचन्द्र सिंह प्रधानको परिचय दिनु,

२. कृष्णचन्द्र सिंह प्रधानको संस्मरणात्मक कृति **जिन्दगीका टिपोटहरू**को विश्लेषण गर्नु,

३. कृष्णचन्द्र सिंह प्रधानको **जिन्दगीका टिपोटहरू** संस्मरणात्मक कृतिका विशेषताहरू पहिचान गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

बहुमुखी प्रतिभाका धनी साहित्यकार कृष्णचन्द्र सिंह प्रधान एक प्रसिद्ध संस्मरणकार हुन् । उनका दुई वटा संस्मरणात्मक कृतिहरू प्रकाशित छन् । ती हुन् : **नफर्कने ती दिनहरू** ( २०५९) र **जिन्दगीका टिपोटहरू** (२०६३) । उनको पहिलो संस्मरणात्मक कृति **नफर्कने ती**

**दिनहरू** प्रकाशित भएपछि नै उनको संस्मरणकारिताका सम्बन्धमा विभिन्न टिप्पणी र समीक्षाहरू अभिव्यक्त भए तापनि 'जिन्दगीका टिपोटहरू' नामक दोस्रो कृति प्रकाशित भएपछि यस कार्यले थप विस्तारमा निरन्तरता पाएको देखिन्छ । उनका संस्मरणका सम्बन्धमा विभिन्न अध्येता, लेखक एवम् समालोचकहरूद्वारा विचार, धारणा, समीक्षा, विश्लेषण र टिप्पणीहरू अभिव्यक्त हुनुका साथै विभिन्न लेख, रचना, ग्रन्थ प्रकाशनदेखि अनुसन्धान स्तरसम्मका कार्यहरू भएका छन् । यहाँ ती सबै पूर्व अध्ययनहरूलाई समावेश गर्न असम्भव भए पनि समस्या कथनमा उल्लेखित समस्यासँग सम्बन्धित रहेर केही महत्त्वपूर्ण पूर्वकार्यहरूलाई उल्लेख गरिएको छ ।

रविलाल अधिकारीले **नेपाली समालोचनाको रूपरेखा** मा आफ्ना समालोचना लेखनमा प्रारम्भ कालमा उनी जति सशक्त प्रगतिवादी बनेर देखा परेका थिए; त्यसका सापेक्षतामा क्रमशः पछिपछि उनले प्रगतिवादी अडान छोड्दै गएको देखिन्छ तापनि प्रगतिवादको विरोध गर्ने काम आजसम्म गरेको देखिँदैन भनेर प्रधानका बारेमा टिप्पणी गरेका छन् । उनले प्रधान प्रगतिवाद विरोधी नभए पनि यथास्थितिवादी विचारमा रूप लिने धारणा र प्रयोगको विशिष्टता उनको आज पनि मूल प्रवृत्ति बनेको छ भन्ने धारणा व्यक्त गरेका छन् (अधिकारी, २०५१ : ४०) । अधिकारीले प्रधानको समग्र साहित्यिक व्यत्तित्वको चर्चा गर्ने क्रममा उनको संस्मरणकारिताको सम्बन्धमा पनि चर्चा गरेका छन् तर संस्मरणमा मात्र आधारित भएर विश्लेषण गरेको भने देखिदैन ।

विनोद मन्जनले **खोज-अनुसन्धानपरपक नेपाली समालोचना** नामक कृतिमा कृष्णचन्द्र सिंह प्रधानद्वारा लिखित कृतिहरूको समीक्षा गरेका छन् । उनले कृष्णचन्द्र सिंह प्रधानद्वारा लिखित कृतिहरूमा 'कवि व्यथित र उनले काव्यसाधना' (२०६०), 'नेपाली उपन्यास र उपन्यासकार' (२०३७), 'सिर्जनाको सेरोफेरो' (२०४०) मुख्य रहेको; उनले सम्पादन गरेको 'साझा समालोचना' (२०२५) पनि महत्त्वपूर्ण भएको धारणा व्यक्त गरेका छन् । उनले प्रधान सैद्धान्तिक सचेतताका साथ प्रगतिवादी समालोचनालाई अघि बढाउने समालोचक हुन् भन्ने टिप्पणी गरेका छन् । प्रधानका समालोचनामा तर्कपूर्ण व्याख्या पाइने धारणा व्यक्त गरेका छन् । उनले प्रधानले स्वतन्त्र रूपमा समालोचना गर्न थालेपछि पनि उनका समालोचना बौद्धिक धरातलमै उभिएका छन् भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् (मन्जन, २०६० : ६६) । मन्जनको विश्लेषण मूलतः प्रधानका समालोचनात्मक कृतिहरूका प्रवृत्ति केलाउने उद्देश्यमा आधारित छ । उनले पनि खास गरी संस्मरणात्मक कृतिहरू अझ त्यसमा पनि **जिन्दगीका टिपोटहरू**

नामक संस्मरणात्मक कृतिमा नै आधारित भएर समीक्षा गरेको पाइँदैन ।

बाबुराम अधिकारीले **समालोचना सिद्धान्त र नेपाली समालोचना** नामक कृतिमा समालोचक कृष्णचन्द्र सिंह प्रधानको समालोचनात्मक योगदानको निरूपण गर्दै उनका समालोचनात्मक विशेषताका बारेमा चर्चा गरेका छन् । उनले कृष्णचन्द्र सिंह सिर्जनातर्फ कविका साथै एक सफल र सशक्त निबन्धकारका रूपमा चिनिएका र समालोचनाका फाँटमा एउटा स्तम्भ बनेर उभिएको धारणा प्रस्तुत गरेका छन् । उनले कवि, निबन्धकार र सम्पादक व्यक्तित्व एउटा पाटो र समालोचकको  अर्को पाटो मिलाउँदा मात्र कृष्णचन्द्रको व्यक्तित्व पूर्ण हुने विचार राखेका छन् । उनले वि.सं. २००८ सालमा 'भन्ज्याङनिरै'  कविता सङ्ग्रह प्रकाशित गर्ने प्रधानको समालोचना यात्रा यसै कविता सङ्ग्रहमा लेखिएको भूमिकालाई नेपाली समालोचनाको इतिहासमा प्रगतिवादी समालोचनाको दह्रो रूप मान्न सकिने धारणा प्रस्तुत गरेका छन् । उनले भूमिकाको रूपमा रहेको यस समालोचनात्मक लेखले प्रगतिवादी साहित्य र गैर प्रगतिवादी साहित्यको मापनको आधार प्रस्तुत गरेको हुँदा यसले महत्त्वपूर्ण भूमिका खेलेको विचार राखेका छन् (अधिकारी, २०६१ : १३०) । यसरी अधिकारीले प्रधानको समग्र साहित्यिक तथा समालोचकीय विशेषताहरुलाई औंलाएका छन् ।

नेत्र एटमले **समालोचनाको स्वरूप** नामक कृतिमा कृष्णचन्द्र सिंह प्रधानको समालोचकीय प्रवृत्तिका बारेमा चर्चा गरेका छन् । उनले कृष्णचन्द्र सिंह प्रधानको 'भन्ज्याङ्निरै' (२००८) कविता सङ्ग्रहमा प्रधानले नै लेखेको भूमिका नेपाली साहित्यमा प्रगतिवादी समालोचनाको आरम्भ विन्दु बनेर देखा परेको धारणा प्रस्तुत गरेका छन् । उनले प्रगतिवादको स्वरूप, विश्व वातावरणको परिवेश र नेपाली साहित्यमा कविता लेखन परम्पराको मूल्याङ्कन गर्दै साहित्यकारले युगीन मागतर्फ ध्यान दिनुपर्ने कुरा उठाएर प्रधानले समालोचनाको नयाँ प्रवृत्तिलाई सबलता प्रदान गरेको टिप्पणी प्रस्तुत गरेका छन् । उनले विश्व परिवेशको चित्रण गर्दै त्यसको पृष्ठभूमिमा नेपाली कविताको दिशा देखाउने क्रममा उनले कला र अन्तर्वस्तुमा रहनु पर्ने सन्तुलनका बारेमा राम्रो विवेचना प्रस्तुत गरे भनेर टिप्पणी गरेका छन् (एटम,  २०६१ : २२२) । यिनले पनि कृष्णचन्द्र सिंह प्रधानको संस्मरणात्मक निबन्ध लेखनका सम्बन्धमा चर्चा गरेका छैनन् ।

राजेन्द्र सुवेदीले **नेपाली समालोचना परम्परा र प्रवृत्ति** नामक समालोचनात्मक कृतिमा कृष्णचन्द्र सिंह प्रधानका साहित्यिक विशेषताहरूका बारेमा चर्चा गरेका छन् । उनले प्रधान वस्तु र चिन्तन एकातिर, कला र सौन्दर्य अर्कातिर राखेर गम्भीर समीक्षा गर्ने समालोचक

भएको; प्रधानले नेपाली साहित्यमा प्रगतिशील समालोचनामा आधिकारिक स्थान आर्जन गरेको भनेर टिप्पणी गरेका छन् ।  उनले प्रधान नेपाली समालोचनालाई प्रगतिशील मूल्य प्रदान गर्न निकै सफल देखिएको; नेपाली साहित्यमा वर्गीय दृष्टिले समीक्षा गर्ने परम्पराको आरम्भ कर्ता भएको; प्रगतिवादी समीक्षा सिद्धान्तका आधारमा कृति मूल्याकन गर्ने समालोचक भएको; कृतिको प्रायोगिक र वस्तुवादी ढङ्गले समीक्षा गर्ने समालोचक भएको धारणा व्यक्त गरेका छन् । उनले प्रधान विषय वस्तु र युगका सन्दर्भमा कलागत मूल्य पहिल्याउन प्रयत्न गर्ने समालोचक भएको; भाषामा वस्तुभन्दा रूप निष्ठता आर्जन गर्दै गएर उत्तर कालमा रूपवादी समालोचक बनेका; प्रगतिवादी चिन्तनबाट लेखन आरम्भ गरेर क्रमशः प्रभाववादी र बहुलवादी बन्दै गएका समीक्षक भनेर टिप्पणी गरेका छन् (सुवेदी, २०६१ : १५७) । सुवेदीको विश्लेषण मूलतः प्रधानका समालोचनात्मक प्रवृत्तिहरूमा नै केन्द्रित रहेको छ; संस्मरणात्मक कृतिहरूका बारेमा भने खासै दृष्टि पुगेको पाइँदैन ।

गोविन्द राज भट्टराईले **जिन्दगीका टिपोटहरू** संस्मरणको परिशिष्ट खण्डमा “हरएक मान्छे आफ्नै उज्यालोमा देखिन्छन्, चिनिन्छन्” शीर्षकको समीक्षात्मक लेख मार्फत् कृष्णचन्द्र सिंह प्रधानको संस्मरणकारिताका सम्बन्धमा चर्चा गरेका छन् । उनले कृष्णचन्द्र नेपाली साहित्यका एक शिखर व्यक्तित्व भएको कुरा उल्लेख गर्दै उनको **जिन्दगीका टिपोटहरू** कृति नेपाली गद्य साहित्यका क्षेत्रमा एक उत्कृष्ट नमुना भएको धारणा प्रस्तुत गरेका छन् । उनले यो लेखकको जीवन भोगाइको निबन्धात्मक प्रस्तुति भएको विचार राखेका छन् । उनले यस संस्मरणले वि.सं. १९९० सालको भैँचालोदेखि वि.सं. २०६२ सालको अन्त्यसम्मको समय सन्दर्भलाई समेटेको टिप्पणी गरेका छन् । उनले यसमा लेखकका विचार र चिन्तनका ज्वारभाटाहरू उत्पन्न भएको; ग्लानी र विषाद्का रेखाहरू कोरिएको; लेखकको अठोटको राँको र ठक्करका अनगिन्ती चोटहरूलाई प्रस्तुत गरिएको; केही उपलब्धि र असन्तुष्टिका पोकाहरू फुकाइएको भनेर टिप्पणी गरेका छन् । उनले प्रधानका संस्मरण पढ्दा पाठक कृतिबाट बाहिर निस्कन नमान्ने, पढ्दा गम्भीर वस्तुले छोएजस्तो हुने धारणा प्रस्तुत गरेका छन् ।

उनले **जिन्दगीका टिपोटहरू** आत्म वृतान्त भए पनि यसमा केवल आत्म विवरण मात्र नभएको भनेर टिप्पणी गरेका छन् । उनले यो आत्म वृतान्त लेख्ने शैलीमा बिल्कुल नयाँ तरिकामा लेखिएको धारणा राखेका छन् । उनले यसमा ‘सालिक’, ‘अनाम सत्य’, ‘पाइला आगतमा टेकेर’ जस्तै अत्यन्तै ओजपूर्ण, शालीन र भव्य शैलीको एकछत्र प्रयोग भएको; नियात्रा, संस्मरण र उत्कृष्ट आख्यानका अनगिन्ती नमुनाहरूलाई निबन्धात्मक रूप दिइएको; महाकवि

देवकोटा र शङ्कर लामिछानेलाई सम्झाउने शालीन गद्यको प्रयोग भएको भनेर टिप्पणी गरेका छन् । उनले प्रधानका संस्मरणमा भावुकताभन्दा वस्तुवादी धारणामा आधारित भएको; विवरणात्मकताको गन्ध नभेटिएको; तथ्याङ्कको एकोहोरो र पट्यार लाग्दो स्थिति नरहेको; महान् लेखक विस्टन चर्चिलका आत्म वृतान्तको झझल्को दिनसक्ने भनेर टिप्पणी गरेका छन् । उनले यस कृतिभित्रको 'सिमान्तको यात्रा' उप शीर्षकको संस्मरणलाई अङ्ग्रेजी कवि लरेन्सका गद्य कविताका जस्तो शैलीको प्रयोग भएको र यो नेपाली गद्यको अमर सिर्जना भएको धारणा राखेका छन् । उनले यस संस्मरणात्मक कृतिमा प्रस्तुत घटनाहरू लेखकका व्यक्तिगत जीवनका जस्ता देखिए पनि ती घटना सन्दर्भहरू कुनै न कुनै रूपमा राष्ट्रिय जीवनमा जोडिएका छन् भनेर टिप्पणी गरेका छन् (भट्टराई; २०६३ : १०५-११५) । भट्टराईको यो समीक्षात्मक विश्लेषणले प्रधानको संस्मरणकारिताका महत्त्वपूर्ण पक्षहरूलाई उद्घाटन गरेको छ । यसमा प्रधानका संस्मरणको विषय सन्दर्भ, चरित्र, सन्दर्भ चित्रण, भाषाशैली लगायतका विभिन्न पक्षहरूको सूक्ष्म, गहन र सटिक विश्लेषण गरिएको छ । भट्टराईको यस आलेखले प्रस्तुत शोधका लागि महत्त्वपूर्ण आधार सामग्रीको काम गरेको छ; साथै आवश्यक मार्गदिशा प्रदान गर्न सहयोग गरेको छ ।

विष्णुविभु घिमिरेले **जिन्दगीका टिपोटहरू**को समीक्षामा "जिन्दगीका टिपोटहरू- केही टिप्पणी" शीर्षकमा यसका विविध पक्षहरूका बारेमा चर्चा गरेका छन् । उनले यस कृतिलाई प्रधानको व्यक्तिगत जीवनका विशिष्टताहरूको सँगालो हो भनी टिप्पणी गरेका छन् । यसैगरी उनले लेखकको जीवनमा आएका विभिन्न उतार चढावको दस्तावेजका रूपमा उल्लेख गर्दै यसमा घटनासँगै भावना र भावनासँगै गहिरा अनुभूतिहरूको टिपोट भेट्न सकिन्छ भनी उल्लेख गरेका छन् । उनले लेखकले प्रसङ्ग विहीन भनेका कुराकानीमा समेत सार्वजनिक महत्त्वका थुप्रै संस्मरणहरू भेट्न सकिन्छ भनी उल्लेख गरेका छन् (घिमिरे, २०६३ : ख) । उनले प्रधानको संस्मरणलाई जीवनको विशिष्टताको सँगालो भनी व्याख्या गरका छन् । उनको यो समीक्षा पनि प्रधानको समग्र संस्मरणकारितालाई समेट्न सकेको छैन ।

हिमाल खबर पत्रिकामा **जिन्दगीका टिपोटहरू**को समीक्षामा 'जिन्दगीका टिपोटहरू- केही टिप्पणी' शीर्षकमा प्रधानको संस्मरणकारिताका विविध पक्षका बारेमा चर्चा गरिएको छ । यस सङ्ग्रह भित्रका सबै निबन्धमा पहिचानहरू सुरक्षित रहेको र यसको सबैभन्दा ठूलो विशेषता भनेको विषय वस्तुको ताजापन हो भनेर टिप्पणी गरिएको छ । पत्रिकाले प्रधानको निबन्धमा विषय वस्तुको ताजापन, भाषा अत्यन्तै परिष्कृत र माझिएको तथा झर्रा शब्दले बनिएको ठेट

नेपाली मौलिक सुगन्ध भएको र लेखक संस्मरणमा कविजस्तै छन् भनी उल्लेख गरेको पाइन्छ ( प्रधान, २०६३ : ख) । खबर पत्रिकाले उनको निबन्धमा भाषालाई महत्त्व दिए तापनि यसको समालोचकीय अध्ययनलाई व्यवस्थित रूपमा देखाउन भने सकेको छैन ।

अर्जुन प्रसाद दाहालले **कृष्णचन्द्र सिंह प्रधानको संस्मरणकारिता** शीर्षकमा त्रिभुवन विश्व विद्यालय कीर्तिपुरमा स्नातकोत्तर तहको शोध पत्र प्रस्तुत गरेका छन् । यस शोधमा उनले प्रधानका 'नफर्किने ती दिनहरू' (२०५९) र 'जिन्दगीका टिपोटहरू' (२०६३) दुईओटै संस्मरणात्मक कृतिहरूको चर्चा गरेका छन् । उनले संस्मरण साहित्यको सिद्धान्त, कृष्णचन्द्र सिंह प्रधानको जीवनी आदिको चर्चा गर्दै उनका संस्मरणात्मक कृतिहरूको परिचयात्मक विवेचना गर्ने प्रयत्न गरेका छन् (दाहाल, २०६७ : १-९०) । उनको शोध कृष्णचन्द्र सिंह प्रधानका संस्मरणका सम्बन्धमा भएकाले यहाँ प्रस्तुत गर्न लागिएको शोधसँग सम्बन्धित छ तापनि त्यसमा 'जिन्दगीका टिपोटहरू'मा नै केन्द्रित भएर अध्ययन गरिएको छैन । प्रधानका दुवै कृति र ती भित्रका ससाना शीर्षकमा केन्द्रित भएकाले उक्त शोधले सबै पक्षलाई समेट्न सकेको छैन ।

अभि सुवेदीले **समकालीन साहित्य**मा "कृष्णचन्द्रसिंह : कोणहरू र लेखन" शीर्षकको लेखमा उनका निबन्ध, समालोचना र संस्मरणकारिताका सम्बन्धमा चर्चा गरेका छन् । उनले कृष्णचन्द्र सिंह प्रधानको लेखनमा ओज र शास्त्रीय बहस गर्ने पद्धति रहेको तथा बिम्बहरूलाई समुचित प्रयोग गर्ने सामर्थ्य रहेको कुरा उल्लेख गरेका छन् । कृष्णचन्द्रको सबैभन्दा ठूलो सामर्थ्यका रूपमा चिन्तनको निरन्तरता रहेको धारणा व्यक्त गरेका छन् । उनले प्रधानमा समालोचना र सिर्जनालाई एकै ठाउँमा जोड्ने सामर्थ्य रहेको; निबन्धमा दर्शन पक्ष अभिव्यक्त हुने; संस्मरणहरूमा जीवनको एउटा प्रवाह रहेको धारणा प्रस्तुत गरेका छन् । उनले कृष्णचन्द्रका निबन्धहरूमा समाज, इतिकास, कला, समय र विषयका बारेमा गम्भीर चिन्तन मनन प्रस्तुत गरिएको हुन्छ भनी टिप्पणी गरेका छन् । उनका संस्मरणहरू 'नफर्कने ती दिनहरू' र 'जिन्दगीका टिपोटहरू' पढ्दा प्रधानको जीवन एउटा खोलो जस्तो लाग्छ; जसको जीवनको धेरै प्रवाह अनेकौं मौसममा अनेकौं गतिमा प्रवाहित भएको उल्लेख गरेका छन् (सुवेदी, २०६७ : २१) । सुवेदीले प्रधानको कृतिलाई सवै कोणबाट अध्ययन गर्ने प्रयास गरे तापनि अपेक्षित रूपमा संस्मरणात्मक कृतिका सम्बन्धमा केन्द्रित भएर गहन र वस्तुवादी विश्लेषण भने गरेका छैनन् ।

इन्द्र मालीले **गरिमा**मा "कृष्णचन्द्र सिंह प्रधान : हाम्रो हियारको सियाँलनेर' शीर्षकको लेखमा कृष्णचन्द्र सिंह समीक्षात्मक निबन्धको माध्यमबाट विस्तारै उनको लेखनमा आत्मपरकता मुखरित हुँदै गएको; आत्मपरकताको प्रवाह फुटेर आएको र भावनाको छताछुल्लता

आत्मपरकतामा भेटियो भनी टिप्पणी गरेका छन् । त्यसै गरी मालीले उनका निबन्धमा सौन्दर्य शास्त्रको अलग्गै पहिचान भएको र अरूको भन्दा कृष्णचन्द्र सिंहको निबन्धको प्रस्तुतिमा बेजोडता भेटिने धारणा राखेका छन् । विषय वस्तु छनोट र विश्लेषणमा गहनता, स्पष्ट भनाइ, काव्यात्मकता र बौद्धिकताको पराकाष्ठा उनका निबन्धमा अभिव्यक्त भएको छ भनी उल्लेख गरेका छन् । त्यति मात्र नभएर उनले कृष्णचन्द्र सिंहका निबन्धमा शिल्पशैली पनि प्रबोध पूर्ण छ भनेर टिप्पणी गरेका छन् । त्यसैले, उनलाई नेपाली भाषा साहित्यको आत्मपरक निबन्ध शैलीका शिखर पुरुष मान्न सकिने कुरा उल्लेख गरेका छन् (माली, २०६७ : ३४-३५) । मालीले निबन्धको मात्र कुरा उठाएको पाइन्छ ।

कृष्ण प्रसाद पराजुलीले **गरिमा**मा "कृष्णचन्द्र सिंह प्रधान : हाम्रो हियारको सियाँलनेर" शीर्षकमा कृष्णचन्द्र सिंह प्रधानको व्यक्तित्व र कृतित्वका सम्बन्धमा चर्चा गरेका छन् । उनले प्रधानले ठाडो बयान गर्ने नभएर सुझबुझका साथ निबन्ध लेख्ने; विषय वस्तुको चुरो छामेर, गहनता पहिल्याएर, वैचारिक मन्थन र गम्भीर विश्लेषण गरेर लेख्ने कौशल प्रस्तुत गर्ने गरेको धारणा राखेका छन् । त्यसै गरी पराजुलीले बाहिर त्यसै झुल्किएर होइन; भित्रैसम्म गढेर विषय वस्तुलाई पूर्णतामा लैजाने बानी कृष्णचन्द्र प्रधानको निबन्धकारितामा भएको स्पष्ट हुन्छ भनी उल्लेख गरेका छन् । त्यति मात्र हैन उनका कृतिको अध्ययन र विश्लेषणबाट उनले कृष्णचन्द्र सिंह ठोस र खँदिलो लेखन भएको निबन्धकार र संस्मरणकारको रूपमा देखिन्छ भनी टिप्पणी गरेका छन् (पराजुली, २०६७ : ३३) । पराजुलीले प्रधानका निबन्धमा लेखन कौशलको प्रभावकारितालाई बढी जोड दिए पनि तथ्यपरकताको भने कुरा उठाउन सकेको पाइँदैन ।

गोविन्द राज भट्टराईले **समकालीन साहित्य**मा "एक महान शिखरयात्रीसँगका अन्तिम सम्झना" शीर्षकको लेखमा कृष्णचन्द्रको समग्र कृतित्वका बारेमा चर्चा गरेका छन् । उनले कृष्णचन्द्र सिंह प्रधान आधुनिक नेपाली समालोचनाका क्षेत्रमा मौलिक स्थान बनाउन सफल साहित्यकार भएको कुरा उल्लेख गर्दै उनको समालोचना पद्धति शास्त्रीयताभन्दा माथि उठेको; रूखो संरचनावादी पाण्डित्यलाई वेवास्ता गरेको; स्रष्टा र पाठकलाई नजिक उभ्याउने प्रयत्न गरेको धारणा व्यक्त गरेका छन् । उनले प्रधानका निबन्ध र समालोचना जुम्ल्याहा जस्तै भएर समानान्तर गतिमा अघि बढेको धारणा राख्दै उनका समालोचनामा निबन्धकारिताको प्रभाव रहेको विचार व्यक्त गरेका छन् । उनका निबन्ध सङ्ख्यात्मक रूपले थोरै भए तापनि निबन्धलाई दिएको समय, परिष्कारमा गरेको लगानी, विषय वस्तुको भिन्नता र त्यसले छोएको उचाइ सम्झँदा यो सिर्जनात्मक रूपमा धेरै ठूलो उपलब्धि भएको धारणा प्रस्तुत गरेका छन् । उनको

एउटाभन्दा अर्को निबन्धको विषय वस्तु भिन्न हुनुका साथै विशिष्ट प्रस्तुतिको मौलिकताले उनका निबन्धमा बौद्धिकता र तार्किकताको बेजोड प्रस्तुति भेटिने विचार व्यक्त गरेका छन् ( भट्टराई; २०६७ : ७-८) । भट्टराईको उक्त समीक्षात्मक टिप्पणीले प्रस्तुत शोधमा प्रधानका संस्मरणात्मक कृतिहरूको विशेषता पहिचान गर्ने क्रममा आंशिक रूपमा भए पनि सहयोग गर्ने देखिन्छ तापनि उनको विश्लेषणमा भावनात्मकता बढी र तथ्यपरकता कम देखिएको छ ।

चूडामणि बन्धुले **गरिमा**मा 'कृष्णचन्द्र सिंह प्रधान : जीवनी र व्यक्तित्वका केही पाटाहरू' शीर्षकको लेखमा प्रधानको कृतित्वका सम्बन्धमा चर्चा गरेका छन् । उनले कृष्णचन्द्र सिंह प्रधान निजात्मक निबन्धमा प्रतीक र विम्बहरूको आवश्यकता अनुसार समायोजन गर्दै युग चेतनाले भरिएका निबन्धहरूको सिर्जना गर्ने प्रखर चिन्तक रहेको कुरा उल्लेख गरेका छन् । उनले कृष्णचन्द्रका निबन्धमा सम, देवकोटा र शङ्कर लामिछानेको समन्वय देखेका छन् । उनले नेपाली निबन्धकारहरूमध्ये अभिव्यक्तिको निर्भीकता, शैलीको कलात्मकता र चिन्तनको गहनताका दृष्टिमा प्रधानको उचाइ प्राप्त गर्न सक्ने निबन्धकार विरलै पाइने धारणा राखेका छन् । उनले चिन्तन र कलाका दृष्टिले प्रधानका निबन्ध अत्यन्त परिपूर्ण छन् भन्ने कुराको उल्लेख गरेका छन् (बन्धु; २०६७ : १४-१७) । बन्धुको यो विश्लेषण प्रधानका निबन्धहरूमै बढी केन्द्रित देखिन्छ; संस्मरणात्मक कृतिहरूका विशेषता केलाउने सम्बन्धमा उनको ध्यान पुग्न सकेको छैन ।

तेजेश्वर बाबु ग्वंगले **कान्तिपुर** पत्रिकाको "स्तब्ध श्रद्धाञ्जलि" शीर्षकको लेखमा कृष्णचन्द्रका संस्मरणका बारेमा लेखिएका आत्म कथाहरूको वर्णनलाई न त तरवारले छिनाल्नै सक्छ, न त आगोको मुस्लोले नै डढाउन सक्छ भनी टिप्पणी गरेका छन् । त्यस क्रममा उनले प्रधानको आत्मा कृष्ण पक्षमा पनि शुक्ल पक्षका चन्द्रझैं चहकिलै रहेका हुने छन् भन्ने टिप्पणी पनि गरेका छन् । त्यति मात्र हैन उनका आत्मकथामा आत्मलोकका चिन्तन र दर्शनहरूको वर्णन भेटिन्छ भन्ने कुरा समेत ग्वंगले उल्लेख गरेका छन् (ग्वंग, २०६७ : ११) । उनको टिप्पणी सामान्य छ तापनि यसले प्रस्तुत अध्ययनमा कृति विश्लेषणका लागि आवश्यक सहयोग गर्ने देखिन्छ ।

दयाराम श्रेष्ठले **गरिमा**मा "समालोचक कृष्णचन्द्र सिंह प्रधानका साहित्यसम्बन्धी मान्यताहरू" शीर्षकको लेखमा कृष्णचन्द्र सिंह प्रधानका निबन्धमा बढी केन्द्रित रहेर समालोचकीय दृष्टिकोण प्रस्तुत गरेका छन् । उनले प्रधानलाई अत्यन्त वैज्ञानिक समालोचकीय चेत भएका र युगीन चेतनालाई आत्मसात् गर्न सक्ने समालोचक भनेर टिप्पणी गरेका छन् । उनले प्रधानका निबन्धमा यथार्थको प्रतिभास र प्रतिबोधित मनको सत्यको सहज आलोक पाइन्छ

भनी टिप्पणी गरेका छन् । उनले निबन्धकै रूपमा संस्मरणात्मक कृति **नफर्कने ती दिनहरू** र **जिन्दगीका टिपोटहरू** मा कृष्णचन्द्रका निबन्धात्मक लेखन विशेषताहरूको समायोजन पाइन्छ भनी उल्लेख गरेका छन् (श्रेष्ठ, २०६७ : १८-२३) । श्रेष्ठले आफनो विश्लेषणलाई बढी निबन्धमा नै केन्द्रित गरेका छन् ।

ध्रुवचन्द्र गौतमले **समकालीन साहित्य**मा “मेरा आदरणीय कृष्णचन्द्र सिंह प्रधान” शीर्षकको लेखमा कृष्णचन्द्र सिंहको समग्र जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षका बारेमा चर्चा गरेका छन् । उनले कृष्णचन्द्र सिंह प्रधानले  एउटा सफल र स्वाभिमानी जीवन बाँचेको; सधैं जीवनवादी बनेर उपस्थित भएको; बोलाइ र लेखाइमा एक प्रकारको ओज र तार्किकता रहेको कुरा उल्लेख गरेका छन् । उनले कृष्णचन्द्र कहिल्यै हार नखाइकन निरन्तर सङ्घर्षको मैदानमा उभिएको; उनमा सधैं सबैलाई उत्साहित बनाउने स्वभाव रहेको; लवाइ खवाइदेखि जीवनका सबै कुरा व्यवस्थित हुने गरेको; बामपन्थी राजनीतिमा संलग्न भए पनि कहिल्यै पूर्वाग्रही नभएको भनेर टिप्पणी गरेका छन् । उनले कृष्णचन्द्र सिंह प्रधानको संस्मरणात्मक कृतिको अध्ययनले एउटा विजयी जीवन गाथाको झझल्को दिन्छ भन्ने कुरा उल्लेख गरेका छन् (गौतम; २०६७ : १४) । गौतमले प्रधानको व्यक्तिगत जीवनीका महत्त्वपूर्ण पक्षहरू उल्लेख गरे तापनि संस्मरणात्मक कृतिकै सम्बन्धमा गहन विश्लेषण गरेका भने छैनन् ।

पुस्तुन प्रधानले **गरिमा**मा “म धर्तीमाथि बोझ भएर बाँच्न चाहन्नँ” शीर्षकको लेखमा कृष्णचन्द्रको सिर्जना र समालोचनाका बारेमा चर्चा गरेका छन् । उनले बुढो पास्नीका अवसरमा अभिव्यक्त सार्वजनिक विचारलाई उपयोग गर्दै प्रधानले ‘नफर्कने ती दिनहरू’ नामक आफ्नै आत्म वृत्तान्त तयार गरेको कुरा उल्लेख गरेका छन् । उनले यस कृतिमा उल्लेख भएका आत्म वृतान्तहरूमा एउटा निश्चित कालखण्डमा घटेका घटनाहरूको समायोजन गरी वर्णन गरिएको छ भनी टिप्पणी गरेका छन् । त्यसै गरी प्रधानले संस्मरणकारका जीवनका भोगाइहरूलाई क्रमिक रूपमा वर्णन गरेर निजत्व र आत्म वृतान्तका रूपमा पाठक सामु प्रस्तुत गरेका छन् भनी उल्लेख गरेका छन् । उनले प्रधानका निबन्धहरू पढ्दै जाँदा आफूले प्रधानलाई कुनै प्रयोगशालामा रसायनहरूको खोजी गरि रहेको अवस्थामा पाएको धारणा व्यक्त गर्दै सामान्य विषय वस्तुभित्रका असामान्यताहरू, दृश्यभित्रका अदृश्य तथ्यहरूको छर्लङ्ग उजागर गर्न सक्नु नै उनको लेखनीको महत्त्वपूर्ण विशेषता भएको कुरा उल्लेख गरेका छन् (प्रधान; २०६७ : २९-३१) । प्रधानको यो समीक्षामा पनि कृष्णचन्द्रको संस्मरणकारिताका सम्बन्धमा उल्लेख्य कुरा प्रस्तुत गरिएको पाइँदैन ।

मोहन दुवालले **गरिमा**मा “कृष्णचन्द्र सिंह प्रधान : हाम्रो हियारको सियाँलनेर” शीर्षकमा कृष्णचन्द्र सिंह प्रधानको व्यक्तित्व र कृतित्वका सम्बन्धमा चर्चा गरेका छन् । उनले कृष्णचन्द्र सिंह प्रधान एक विशिष्ट लेखक, समालोचक, निबन्धकार मात्र नभएर एक कुशल सम्पादक पनि भएको धारणा व्यक्त गरेका छन् । उनले प्रधान गरिमाको संस्थापक प्रधान सम्पादकका साथै अन्य विभिन्न ग्रन्थको सम्पादनमा पनि संलग्न रहेको; गरिमालाई नेपाली साहित्यिक पत्रकारितामा स्तरीय बनाउन महत्त्वपूर्ण भूमिका खेलेको; साझा प्रकाशनमा लामो समय कार्यकारी प्रमुख भएर विशिष्ट योगदान पुऱ्याएको; नेपाल भाषाका क्षेत्रमा समेत उल्लेखनीय योगदान पुऱ्याएको भनेर टिप्पणी गरेका छन् (दुवाल; २०६७ : ३५) ।

युवराज नयाँघरेले **समकालीन साहित्यमा**मा “कृष्णचन्द्र र ह्याट्रिक” भन्ने शीर्षकको लेखमा उनको जीवनी र कृतित्वका विविध पक्षमा चर्चा गरेका छन् । उनले प्रधानका निबन्धमा भद्र विद्रोह र सचेत खबरदारी पाइने; युगबोधको चेतना पाइने; मानिस, सत्ता र अन्तर्सम्बन्धको प्रवाह भेटिने धारणा व्यक्त गरेका छन् । उनले कृष्णचन्द्रको आलोचनात्मक कौशल चित्रात्मक रहेको; कसैको खोट देखाउने वा उपदेश पस्कने अल्पसोचबाट कोसौँ पर रहेको; भाषिक दक्षता र सम्प्रेषणीय प्रवाह औधी सुन्दर रहेको विचार व्यक्त गरेका छन् । उनको पहिलो संस्मरणत्मक कृतिमा प्रवासी अवस्था, मानवीय अवमूल्यन र नेपाली चेतनाको क्षयग्रस्त स्थितिमाथि तीव्र कटाक्ष गरिएको भनेर टिप्पणी गरेका छन् । निबन्धका कममा कृष्णचन्द्र सिंहलाई धेरै घुम्तीमा भेटिन्छ भनी लेखेका छन् । उनले प्रधानले सात सालको कान्ति, पञ्चायतको कालखण्ड, बहुदलीय अभ्यास र गणतन्त्रको अन्तर्दव्न्द्व जस्ता सबै समयलाई नजिकबाट भोगेर संस्मरणका रूपमा उतारेको धारणा व्यक्त गरेका छन् । त्यस्तै, उनले प्रधानका रचनामा शालीनता र व्यवहारमा समन्वय पाइने; काल र विषयको समानान्तर बयान पाइने लगायतका विचारहरू प्रस्तुत गरेका छन् (नयाँघरे; २०६७ : २९) । नयाँघरेले प्रधानको जीवनी र कृतित्वलाई राजनैतिक दृष्टिकोणबाट बढी हेरेको तर वस्तुवादी समालोचकीय आधारमा कमै मात्र विश्लेषण गरेको पाइन्छ ।

राजेन्द्र सुवेदीले **गरिमा**मा “गुड बाई कृष्णचन्द्र दाइ” शीर्षकको लेखमा प्रधानको संस्मरणकारिताका सम्बन्धमा चर्चा गरेका छन् । उनले आफ्नो आत्मकथा लेख्ने विषयमा प्रधान शक्तिशाली बनेर उदाएको; निजात्मक निबन्ध स्रष्टा चेतनाले आत्मपरकताको सम्बल थप्न मद्दत गरेको; आख्यानको दुर्बलता पनि रचनाकारका गुणकै पक्षमा उपस्थित भएको भनेर विश्लेषण गरेका छन् । अन्य सन्दर्भहरूमा उनी त्यति बेइमानी नदेखिएको; सत्य बोल्दा सानो

भइन्छ भन्ने भावना नभएको; ढाँटेर आफ्ना कमजोरी लुकाउन चाहने कथित आत्मकथा नलेखेको भनी प्रधानको उच्च संस्मरणकारिताका बारेमा टिप्पणी गरेका छन् (सुवेदी; २०६७ : २४-२८)। सुवेदीले आख्यानको दुर्बलतालाई गुणकै पक्षमा उपस्थित छ भनिए पनि त्यसो नभएको पाइन्छ।

क्षेत्र प्रताप अधिकारीले **गरिमा**मा "साझा प्रकाशन र कृष्णचन्द्रजीसँगको सहकार्य" शीर्षकमा प्रधानसँग सहकर्मी भएर काम गर्दाका अनुभवहरू, विभिन्न प्रसङ्ग र क्षणहरूको स्मरण गरेका छन् । उनले कृष्णचन्द्र, गरिमा र आफू एउटा त्रिवेणी जस्तो अनुभव भएको; साझा प्रकाशनको इतिहासमा सबैभन्दा लामो समय सफल महाप्रबन्धकका रूपमा कृष्णचन्द्र रहेको; उनी स्पष्ट वक्ता र इमान्दार व्यक्तित्व भएको धारणा व्यक्त गरेका छन् । उनले कृष्णचन्द्र सिंह प्रधान एउटा साहित्यकार मात्र नभएर एक गम्भीर प्रशासक र कुशल व्यवस्थापक समेत भएको टिप्पणी गरेका छन् । उनले प्रधानले साझा प्रकाशनको नेतृत्वमा रहेर नेपाली साहित्यका क्षेत्रमा अविस्मरणीय भूमिका खेलेको विचार व्यक्त गरेका छन् (अधिकारी; २०६७ : ५-१३)।

**इन्साइक्लोपेडिया**को अनलाइन संस्करणमा "कृष्णचन्द्र सिंह प्रधान" शीर्षकमा कृष्णचन्द्र सिंह प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा छोटो टिप्पणी गरिएको छ। यसमा कृष्णचन्द्र सिंह (१९८२-२०६७) एक प्रसिद्ध साहित्यकार र समालोचक रहेको कुरा उल्लेख गर्दै उनको साहित्यिक व्यक्तित्वको चिनारी उनले प्राप्त गरेका मदन पुरस्कार, साझा पुरस्कार र उत्तम पुरस्कारबाट स्पष्ट भएको भनेर टिप्पणी गरिएको छ (इन्साइक्लोपेडिया; २०१० : २)।

**काठमाडौं पोष्ट**को अनलाइन संस्करणमा "साहित्यकार कृष्णचन्द्र सिंह प्रधान रहेनन्" शीर्षकमा कृष्णचन्द्र सिंह प्रधानको बारेमा सङ्क्षिप्त टिप्पणी गरिएको छ। यसमा मदन पुरस्कार, साझा पुरस्कार, उत्तम पुरस्कार जस्ता चर्चित पुरस्कार प्राप्त गरेका र थुप्रै साहित्यिक कृतिहरू प्रदान गरेर नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएका प्रधानको निधनले समग्र नेपाली साहित्य र समालोचनाको क्षेत्रमा अपुरणीय क्षति पुगेको भनेर टिप्पणी गरिएको छ (काठमाडौं पोष्ट; २०१० : ३)।

पिटर जे.कार्थकले **रिपब्लिका** दैनिक पत्रिकाको अनलाइन संस्करणमा कृष्णचन्द्रको जीवनी, व्यक्तित्व र साहित्यिकताका विविध विषयमा चर्चा गरेका छन्। उनले दार्जिलिङका इन्द्र बहादुर राई र उनको समालोचनात्मक ग्रन्थ 'नेपाली उपन्यासका आधारहरू'सँग प्रधानको 'नेपाली उपन्यास र उपन्यासकार' को तुलना गरेका छन् । प्रधानको यस कृतिले नेपाली

उपन्यास समालोचनाको क्षेत्रमा अविस्मरणीय योगदान पुऱ्याएको धारणा राखेका छन् । उनले कृष्णचन्द्रका कृतिहरूले नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएको भन्दै उनी साहित्यकार मात्र नभएर एक असल शिक्षक समेत रहेको धारणा प्रस्तुत गरेका छन् । त्यस्तै, उनले प्रधानले साझा प्रकाशन, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान जस्ता प्राज्ञिक संस्थाहरूको उच्च ओहदामा काम गरेको कुरा उल्लेख गर्दै उनले आफ्ना साहित्यिक कृतिहरूमा सबै जाति, धर्म, क्षेत्र र लिङ्गका पक्षमा आवाज उठाएको धारणा प्रस्तुत गरेका छन् (कार्थक; २०१० : ६) ।

त्यस्तै, भूषिता वाशिष्टाले **काठमाडौँ पोष्ट**को अनलाइन संस्करणमा "कृष्णचन्द्र सिंह प्रधान" शीर्षकमा कृष्णचन्द्रको व्यक्तित्व र साहित्यिकताका सम्बन्धमा चर्चा गरेका छन् । उनले चार कक्षामा पढ्दा पढ्दै स्कूलको फिस तिर्न नसकेर स्कूल छाडेका प्रधानको जीवन विरोधाभाषपूर्ण रहेको; चार कक्षामा पढाइ छाडेर घुमफिर गर्न थालेको; पैसाको अभावमा पढाइ अधुरो भएको; दाजुको प्रभाव र प्रेरणाले उनको जीवनमा सकारात्मक प्रभाव पारेको; जीवनमा दुःख सुख सबै भोगेका; भद्रगोल जेलमा छ महिना बिताएका भनेर टिप्पणी गरेका छन् । त्यस्तै, उनले कृष्णचन्द्रले आफैले देखे भोगेको विषय वस्तुलाई साहित्यमा प्रस्तुत गरेका; गान्धीवादी आन्दोलनमा लागेर पनि मार्क्सवादी बनेका प्रधान नेपाली साहित्य र समालोचनाका एक महत्त्वपूर्ण व्यक्तित्व रहेको धारणा प्रस्तुत गरेका छन् (वाशिष्टा; २०१४ : १) ।

यसरी माथि उल्लेख गरिएका पूर्वकार्यका सबै अध्ययनहरूमा कृष्णचन्द्र सिंह प्रधानको जीवनी र कृतित्वका विविध पक्षहरूलाई कुनै न कुनै रूपमा समेट्ने प्रयत्न गरिएको छ । यी सबै अध्ययनहरू आआफ्ना ठाउँमा उत्तिकै महत्त्वका छन् । यीमध्ये कतिपयले उनको जीवनीलाई बढी जोड दिएको देखिन्छ भने कतिपयले उनका व्यक्तित्वका विविध पक्षलाई समीक्षा गरेको पाइन्छ । कतिपयले उनका निबन्धका र समालोचनाका सम्बन्धमा चर्चा गरेका छन् भने कतिपयले उनका संस्मरणका बारेमा पनि चर्चा गरेका छन् । अन्य साहित्यका विधा उपविधाहरूको तुलनामा संस्मरणका सम्बन्धमा आंशिक रूपमा मात्र चर्चा गरिएको देखिन्छ । अझ त्यसमा पनि कृष्णचन्द्र सिंह प्रधानको दोस्रो कृति **जिन्दगीका टिपोटहरू** का सम्बन्धमा नै केन्द्रित भएर वस्तुगत र वैज्ञानिक ढङ्गमा विश्लेषण गर्ने काम भने यी कुनै पनि अध्ययनमा भएको पाइँदैन । यसरी शोधकार्यमा माथि पूर्वकार्यका रूपमा उल्लेख गरिएका सामग्रीहरूले प्रधानको संस्मरणकारिताका सम्बन्धमा अध्ययन विश्लेषण गर्न उपयुक्त आधार प्रदान गरेको छ ।

### १.७. अध्ययनको औचित्य र महत्त्व

कृष्णचन्द्र सिंह प्रधान बहुमुखी प्रतिभा भएका साहित्यकार हुन् । उनले कविता, निबन्ध र समालोचनाका क्षेत्रमा कलम चलाएका छन् तापनि उनको साहित्यिक जीवनीको मूल प्राप्ति निबन्ध र संस्मरण नै हो । अझ त्यसमा पनि उनी निबन्धका क्षेत्रमा स्थापित साहित्यकार हुन् । यसपछि सिर्जनात्मक क्षेत्रमा उनको अर्को महत्त्वपूर्ण क्षेत्र संस्मरण साहित्य हो । उनको निबन्धकारिताका सम्बन्धमा थुप्रै समीक्षा, विश्लेषण र अनुसन्धान कार्यहरू भए तापनि संस्मरणकारिताका सम्बन्धमा बृहत अध्ययन अनुसन्धान भएको पाइँदैन । संस्मरणात्मक कृतिका रूपमा **नफर्किने ती दिनहरू** (२०५९) र **जिन्दगीका टिपोटहरू** (२०६३) गरी दुई वटा ग्रन्थहरू प्रकाशित भइसक्दा पनि उनका संस्मरणका सम्बन्धमा गहन र वस्तुगत अध्ययन विश्लेषण हुन सकेको पाइँदैन । अझ त्यसमा पनि उनको 'जिन्दगीका टिपोटहरू' नामक दोस्रो संस्मरणात्मक कृतिका बारेमा पत्र पत्रिकामा सामान्य टीका टिप्पणी, समीक्षा र समालोचना भए तापनि संस्मरण साहित्यको सैद्धान्तिक मान्यताका आधारमा वस्तुगत, गहन, वैज्ञानिक र प्रामाणिक अध्ययन अनुसन्धान भएको पाइँदैन । यसै पृष्ठभूमिमा प्रस्तुत शोधमा प्रधानको 'जिन्दगीका टिपोटहरू' नामक संस्मरणात्मक कृतिलाई संस्मरण साहित्यको सैद्धान्तिक मान्यताका आधारमा गहन, वस्तुगत र वैज्ञानिक अध्ययन अनुसन्धान गरिने भएकाले यसको अनुसन्धात्मक औचित्य स्वतः प्रमाणित हुन्छ । यस क्रममा प्रस्तुत शोधमा रचनाकारको परिचय, संस्मरण साहित्यको विधागत स्वरूपको निर्धारण, आख्यानेतर विधाका विशेषता, संस्मरण र अन्य विधा उपविधाका बिचमा समानता र भिन्नता, 'जिन्दगीका टिपोटहरू' संस्मरणात्मक कृतिको विधागत विवेचना जस्ता कुराहरूलाई वस्तुगत रूपमा प्रकाश पारी त्यसको महत्त्वलाई उजागर गरिने भएकाले यसको प्राज्ञिक औचित्य रहेको छ । यसका साथै प्रस्तुत शोधले संस्मरण साहित्यको स्वरूपको बारेमा पाठकलाई अवगत गराउनुका साथै मूल रूपमा 'जिन्दगीका टिपोटहरू' संस्मरणात्मक कृतिको विश्लेषणबाट संस्मरणकारका रूपमा कृष्णचन्द्र सिंह प्रधानको सम्बन्धमा जानकारी गराउने भएकाले संस्मरण र कृष्णचन्द्र सिंहको संस्मरणकारिताका सम्बन्धमा जान्न चाहने हरेक पाठकका लागि यो उत्तिकै उपयोगी र महत्त्वपूर्ण रहेको छ ।

### १.८. सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोध कार्यको लागि मूलतः पुस्तकालीय अध्ययन विधिको उपयोग गरिएको छ । यस शोधकार्यलाई पुरा गर्ने क्रममा संस्मरणकार कृष्णचन्द्र सिंह प्रधानको **जिन्दगीका टिपोटहरू**

पुस्तकलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ। त्यसै गरी प्रधान र उनको संस्मरणको बारेमा लेखिएका तथा संस्मरण सिद्धान्तका बारेमा चर्चा गरिएका पुस्तक, पत्र पत्रिका आदिलाई द्वितीय सामग्रीका रूपमा लिइएको छ। यी दुवै सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ। यस शोधकार्यमा विश्लेषणत्मक एवम् वर्णनात्मक विधिद्वारा 'जिन्दगीका टिपोटहरू' संस्मरणात्मक कृतिको वस्तुपरक अध्ययन गरिएको छ।

## १.९. शोध कार्यको सीमाङ्कन

साहित्यकार कृष्णचन्द्र सिंह प्रधान साहित्यिक व्यक्तित्वका रूपमा स्थापित कला साधक हुन्। प्रधानले साहित्यका विविध विधामा आफ्ना रचनाहरू सिर्जना गरेका छन्। संस्मरणका क्षेत्रमा उनले **नर्फकने ती दिनहरू** र **जिन्दगीका टिपोटहरू**को रचना गरेको पाइन्छ। यी दुवै प्रधानका संस्मरणात्मक कृति हुन्। प्रस्तुत शोधमा कृष्णचन्द्र सिंह प्रधानको 'जिन्दगीका टिपोटहरू' कृतिको विधागत स्वरूप निर्धारण गरी कृतिपरक अध्ययन गर्नुका साथै विवेचना र मूल्याङ्कन गर्ने कार्यलाई नै यसको क्षेत्र र सीमा मानिएको छ।

## १.१०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्न अनुसारका पाँच अध्यायमा विभाजन गरिएको छ।

१) पहिलो अध्याय : शोधपत्रको परिचय

२) दोस्रो अध्याय : 'संस्मरण' सहित्यको सैद्धान्तिक परिचय

३) तेस्रो अध्याय : संस्मरणकार कृष्णचन्द्र सिंह प्रधानको परिचय

४) चौथो अध्याय : कृष्णचन्द्र सिंह प्रधानको 'जिन्दगीका टिपोटहरू' कृतिको विश्लेषण

५) पाँचौं अध्याय : उपसंहार

# दोस्रो अध्याय

# संस्मरण साहित्यको परिचय

वाङ्मयका विभिन्न भेदहरूमध्ये साहित्य एउटा महत्त्वपूर्ण भेद हो । साहित्यलाई पनि आख्यान र आख्यानेतर गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ । आख्यान अन्तर्गत कथा उपन्यास आदि विधा पर्दछन् भने आख्यानेतर अन्तर्गत कथा उपन्यास बाहेकका निबन्ध, संस्मरण, जीवनी, आत्मकथा, नियात्रा, दैनिकी आदि साहित्यिक विधा पर्दछन् । 'संस्मरण'लाई साहित्यको गद्य आख्यानेतर विधाभित्रको एक उपविधा मानिन्छ । आख्यानेतर विधाको मूल उपविधा निबन्ध रहेको र आख्यानेतर उपविधाहरूका प्रायः साझा विशेषता रहेकाले कतिपय सन्दर्भमा संस्मरणलाई पनि निबन्धकै एक भेदका रूपमा लिने गरिएको पाइन्छ तापनि यसका केही मौलिक विशेषताहरूका कारण संस्मरण साहित्य एक स्वायत्त र स्वतन्त्र उपविधाका रूपमा विकास भएको छ । त्यसैले यहाँ संस्मरण साहित्यको परिचय, पृष्ठभूमि, यसका आधारभूत तत्त्वहरू, अन्य विधा उपविधासँग यसको तुलना गर्दै कृष्णचन्द्र सिंह प्रधानका संस्मरणात्मक कृतिहरूको अध्ययन विश्लेषणका लागि उपयुक्त सैद्धान्तिक प्रारूप तयार गरिएको छ ।

## २.१. संस्मरण साहित्यको सैद्धान्तिक परिचय

भाषा र साहित्यको सम्बन्ध नङ र मासुको जस्तै रहेको हुन्छ । भाषाका माध्यमबाट साहित्यले सजीव स्वरूप धारण गरेको हुन्छ । मानव सभ्यताको आरम्भसँगसँगै भाषाको प्रादुर्भाव भएपछि मात्र साहित्यको उद्गम भएको हो । साहित्यका रूपमा आरम्भ भएको कलात्मक विधाले आजसम्म लामो इतिहासलाई व्यतित गरि सकेको र साहित्यिक सिर्जनाका अनेकन ग्रन्थहरूको ठेली निर्माण गरि सकेको छ ।

नवीनतम रूपमा विकसित भएर पनि नवीनताको खोजीमा कलात्मक साहित्यले यात्रा गरि रहेको छ । कलाका स्रष्टा प्रतिभाशाली र संवेदनशील भावनाले ओतप्रोत भएका हुनाले भाव वा अनुभूतिलाई अभिव्यक्ति गर्दा प्रयोग गर्ने नवीन भाषा, शैली एवम् प्रस्तुतिगत ढाँचाले साहित्यमा नित्य नवीनताको विकास हुँदै गएको पाइन्छ । यसरी नै साहित्यमा नवीनतम विधाको जन्म हुन्छ । अतः साहित्यमा नविनताको खोजी गर्ने क्रममा गद्य विधा र पद्य विधाका अलग अलग उपविधाहरू जन्मिएको पाइन्छ । यही पृष्ठभूमिमा 'संस्मरण साहित्य' गद्य विधा अन्तर्गतको एक उपविधाका रूपमा विकसित भएको हो ।

मानव जीवनका आयाम दिनप्रतिदिन विस्तारित हुँदै जाने क्रममा रहेका छन् । मानव जीवनका फराकिला आयामहरूलाई यथार्थ रूपमा प्रस्तुत गर्न आजको गद्य साहित्य प्रयत्नशील रहेको छ । यथार्थपरक जीवनका व्यापकतालाई सिर्जनामा प्रस्तुत गर्न लेखकका अनुभूतिहरू तरङ्गित भएका छन् साथै ज्ञान विज्ञान र चिन्तनको क्षेत्र तीव्रतर भएपछि अभिव्यक्तिको सुगम माध्यमको खोजी गरिन्छ । यसैको प्रेरणा स्वरूप स्रष्टाले भाषालाई प्रयोगको माध्यम बनाउँछ । साहित्यका सीमित विधाका फाँटलाई अतिक्रमण गरेर नवीन अनुहार प्रस्तुत गर्दछ । साहित्यका क्षेत्रमा स्थापित विधाका अतिरिक्त केही नवीन विधाहरू गद्य साहित्यका क्षेत्रमा जन्मन पुगेका छन् : जीवनी, आत्मकथा, संस्मरण, नियात्रा, विवरण, दैनिकी, शब्दचित्र, अन्तर्वार्ता र पत्र साहित्य । यी नवीनतम विधाहरूले मानव जीवनका यथार्थलाई व्यापक रूपमा प्रस्तुत गरेका छन् ।

गद्य साहित्यका फाँटमा देखा परेका यी विधाले विश्व साहित्यमा उचित स्थान पाइ सकेका छन् (त्रिपाठी; २०३१ : २५) । हिन्दी साहित्यमा यी विधालाई गद्यको नवीनतम विधाको नाम दिइएको छ भने नेपाली साहित्यमा यी विधालाई भर्खर मात्र प्रचलनमा आएको मानेर गद्यका आख्यानेतर विधा नामले चिनिएको छ ।

प्राचीन कालदेखि आधुनिक कालसम्म साहित्यका क्षेत्रमा भएका विविध विधाहरूको बिस्तार हुने क्रम जारी रहेको छ । यसै क्रममा नवीनतम गद्य विधाको फाँटमा जन्मन पुगेको आख्यानेतर विधा र यस अन्तर्गतका अन्य उपविधाहरू छन् । साहित्यका प्रतिभाशाली स्रष्टाका कलमद्वारा आख्यानेतर विधाका विविध फाँटमा फुटकर एवम् पुस्तकका रूपमा प्रकाशन भई विकसित हुँदै जाने सन्दर्भमा नेपाली साहित्यका प्रबुद्ध समीक्षक एवम् इतिहासकारहरूबाट यी उपविधाहरूलाई स्वतन्त्र विधाका रूपमा अध्ययन गर्ने परम्पराको प्रारम्भ भएको देखिन्छ (सुवेदी, २०४९ : २६) । विधागत रूपमा साहित्यिक अस्तित्वलाई ग्रहण गर्दै आएका आख्यानेतर गद्य साहित्य विधाका आधुनिक कालसम्मका विविध उपविधाको विकासलाई जीवनी, आत्मकथा, संस्मरण, नियात्रा, दैनिकी, अन्तर्वार्ता, शब्दचित्र, विवरण र पत्र साहित्यका रूपमा लिइने गरेको छ र यिनीहरूलाई स्वतन्त्र विधाका रूपमा अध्ययन गर्न थालिएको छ । यसरी स्वतन्त्र विधाका रूपमा अध्ययन गर्ने परम्पराको थालनी भएको भए पनि गद्य साहित्यका आख्यानेतर विधाहरूका सैद्धान्तिक स्वरूपमा प्रायः एकरूपता पाइने हुनाले यी सबै विधाहरूलाई एउटै मूल नाम आख्यानेतर विधा अन्तर्गत राखी अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

### २.१.१. आख्यानेतर गद्य विधाका मूलभूत विशेषता

विश्व साहित्यबाट विकासित भएका आख्यानेतर गद्य विधाका विविध उपविधाहरू नेपाली साहित्यमा पनि विकसित हुँदै आएका छन्। नेपाली साहित्यका क्षेत्रमा गद्य साहित्यका रूपमा रहेका -जीवनी, आत्मकथा, संस्मरण, नियात्रा, दैनिकी, शब्दचित्र, विवरण, पत्र-साहित्य आदि सबैमा केही साझा विशेषताहरू रहेको पाइन्छ। यसका साथै यी गद्यात्मक रचनाहरूलाई निबन्धात्मक वृत्तभित्रै समेट्ने गरिएको पनि पाइन्छ । आख्यानेतर गद्य विधाका साझा विशेषताहरूका रूपमा गद्यमयता, आख्यानात्मकता र विकासशील अवस्थालाई लिइएको छ ।

#### २.१.१.१. गद्यमयता

वर्तमान सम सामयिक युग गद्य साहित्यको युग हो। मानव जीवनका भोगाइका सन्दर्भबाट प्राप्त सुन्दर, कोमल अनुभूति, भावना, संवेदना एवम् विचारलाई रोचक, कलात्मक र सरल ढङ्गबाट प्रस्तुत गर्ने सर्वग्राह्य माध्यम गद्य भाषा भएकाले आख्यानेतर विधाका सबै उपविधाको अभिव्यक्तिको माध्यम गद्य भाषा रहेको छ। आख्यानेतर विधाको आरम्भ स्थान निबन्ध भएकाले यी विधाको भाषा पनि गद्य नै हो। पद्य साहित्यमा पनि जीवनी, आत्मकथा, नियात्रा र पत्र साहित्य आदिको रचना गर्न नसकिने होइन तर पद्यमा लेखिने विधा मूलतः पद्य साहित्यकै विविध रूप अन्तर्गत पर्दछन्। यिनलाई आख्यानेतर विधाका हाँगाहरू मान्न सकिन्न किनभने आख्यानेतर विधा गद्य साहित्यको मूलभूत विधाका सापेक्षमा मात्र रहेको हुन्छ। अतः आख्यानेतर विधाका विविध उपविधाको साझा विशेषता गद्यमयता हो ।

#### २.१.१.२. विकासशील अवस्था

साहित्यका फाँटमा स्थापित भइ सकेका साहित्यिक विधाका सापेक्षतामा आख्यानेतर विधाले सैद्धान्तिक स्वरूप निर्धारण गरि सकेको पाइँदैन तर सैद्धान्तिक मान्यता ग्रहण गर्ने गतिशील अवस्थामा रहेको भने पाइन्छ। गद्य साहित्यका नवीनतम विधा भएकाले यिनलाई स्थापित हुन समयलाई पर्खनु पर्ने र सङ्घर्ष गर्नु पर्ने हुन्छ। त्यसैले यी उपविधाहरू विकासशील अवस्थामा नै यात्रा गरि रहेका छन् (प्रधान, २०४४ : २)। यी उपविधाहरूका स्वरूप र प्रवृत्तिहरूमा धेरै समानता भएर विभिन्नताबाट आरम्भ हुँदै आ-आफ्नै प्रवृत्तिले फस्टाउँदै आए पनि पूर्ण विकसित भइ सकेका छैनन्। यिनीहरू विकास क्रमको यात्रामा प्राथमिक चरणमा नै रहेका छन्। अतः आख्यानेतर विधाको अर्को साझा प्रवृत्ति विकासशील अवस्था पनि हो ।

#### २.१.१.३. आख्यानात्मकता

आख्यानको प्रयोग प्राचीन कालदेखि नै साहित्यमा हुँदै आएको पाइन्छ। त्यसको विकसित रूप आजको गद्य साहित्यिक विधामा पाइन्छ। मानव अनुभूति, भावना, संवेदना र विचारलाई व्यक्त गर्ने प्रमुख माध्यम आख्यानात्मक अभिव्यक्ति नै हो। आख्यानात्मक प्रस्तुतिमा कथा, उपन्यास, नाटक आदि विधाले सजीवता पाउँदै आएको छ। आख्यानको सङ्गठनात्मक स्वरूप जुन रूपमा कथा, उपन्यास र नाटकमा पाइन्छ; त्यसै अनुरूपको आख्यानात्मक गद्य प्रस्तुति यी नवीनतम विधामा नपाइए पनि रमरम गद्याख्यानको प्रयोग भने गरिएको पाइन्छ। आख्यानात्मक स्वरूपको प्रयोग गद्य साहित्यको 'आख्यानेतर विधा' मा आ-आफ्नै ढङ्गले प्रयोग गरिएको पाइन्छ। यद्यपि यिनीहरूको साझा प्रस्तुतिको प्रवृत्तिमा भने रमरम आख्यानको साङ्गठनिक प्रयोग नै मानिन्छ।

#### २.१.१.४. निबन्धात्मकता

'निबन्ध' साहित्यका फाँटमा स्थापित गद्य विधाभित्रको विधा हो । यो गद्य साहित्यमा आफ्नो छुट्टै पहिचान बनाउन सफल विधाका रूपमा परिचित रहेको छ। निबन्ध विधाका उपविधाका रूपमा मुख्यतः जीवनी, नियात्रा, दैनिकी, पत्र-साहित्य, विवरण, अन्तर्वार्ता, आत्मकथा, संस्मरण आदि पर्दछन्। त्यसैले संस्मरण वास्तवमा नै निबन्ध विधाको एक उपविधा हो। निबन्धात्मक प्रवृत्तिहरूको समायोजन संस्मरणमा पनि हुन्छ। निबन्धात्मक प्रवृत्ति संस्मरण साहित्यमा भएकाले नै निबन्धको एक उपविधाका रूपमा यसको चर्चा परिचर्चा भएको हो।

### २.१.२. संस्मरण साहित्यको सैद्धान्तिक स्वरूप

साहित्यका विविध भेदमा आख्यानेतर विविध उपविधा भए पनि यस शोधपत्रमा आख्यानेतर साहित्यको  संस्मरण विधाको मात्र सैद्धान्तिक स्वरूपको निर्धारण गरिएको छ।

#### २.१.२.१ 'संस्मरण' गद्य-साहित्यको सैद्धान्तिक स्वरूप

संस्मरण गद्य साहित्यको एउटा उपविधा भएकाले र प्रस्तुत शोध संस्मरण साहित्यको सैद्धान्तिक स्वरूप र मान्यताका आधारमा कृष्णचन्द्र सिंह प्रधानको 'जिन्दगीका टिपोटहरू' संस्मरणको कृतिगत विशेषता पहिचान गर्ने उद्देश्यमा केन्द्रित रहेको छ। त्यसैले, प्रस्तुत उद्देश्य प्राप्तिका लागि यहाँ स्वतन्त्र उपविधाका रूपमा संस्मरणको अर्थ, परिभाषा, आधारभूत तत्त्वहरू लगायतका सैद्धान्तिक आधारहरूको चर्चा गरिएको छ।

### २.१.२.१.१ 'संस्मरण' को अर्थ र परिभाषा

नवीन गद्य विधाको एक उपविधा 'संस्मरण' शब्द संस्कृतको 'स्मृ' धातुमा 'सम्' उपसर्ग र 'अन्' प्रत्यय लागेर व्युत्पन्न भएको हो । यसको शाब्दिक अर्थ हुन्छ 'संस्मरण गर्नु' । शाब्दिक अर्थमा मात्र संस्मरणलाई सीमाङ्कन गर्न सकिदैन; यसको अर्थ अलिक फराकिलो रहेको छ । यस अर्थमा बारबार सम्झनामा आउने बितेका दिनको कुरो, मिठो प्रकारको सम्झना, मधुर स्मृतिलाई संस्मरण भनिन्छ। संस्मरणका सम्बन्धमा विभिन्न विद्वान्हरूले आआफ्ना दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । यहाँ केही विद्वान्हरूका केही महत्त्वपूर्ण दृष्टिकोण वा परिभाषाहरूलाई निम्न अनुसार प्रस्तुत गरिन्छ :

(क) बालकृष्ण पोखरेलले पुरानो घटना, वस्तु, महत्त्व आदिलाई ताजा राख्न आवश्यक पर्ने महत्त्वपूर्ण कुराको उल्लेख, कथन वा रचना नै संस्मरण हो भन्ने धारणा व्यक्त गरेका छन् । ( पोखरेल, २०५० : १२८१) ।

(ख) केशव प्रसाद उपाध्यायका मतमा कुनै घटना, कुनै स्थान, कुनै महत्त्वपूर्ण अनुभव तथा कुनै यात्रा आदि बारे आत्मपरक शैलीमा लेखिने सङ्क्षिप्त आकार प्रकारको रचनालाई संस्मरण भनिन्छ (उपाध्याय, २०४९ : २८) ।

(ग) वेदव्यास उपाध्यायले संस्मरणमा कुनै लेखाइद्वारा जीवन क्रममा साक्षात्कृत स्मृतिमा सञ्चित कुनै विशेष स्मरणीय स्थान, प्रकृति, समाज, संस्कृति, व्यक्ति वस्तु, घटना आदिसित सम्बद्ध वैयक्तिक जीवनानुभवका व्यापक प्रसङ्गहरूलाई खण्ड-खण्ड रूपले आत्मपरक ढङ्गबाट प्रस्तुत गर्ने लेखन नै संस्मरण भएको धारणा प्रस्तुत गरेका छन् (उपाध्याय, २०६६ : ७४) ।

(घ) साहित्यकार पारिजातले संस्मरण लेख्नु भनेको आफैसँग इमानदार हुनु हो अर्थात् मनका स्वीकारोक्तिहरूको साक्षी हो भन्ने धारणा राखेकी छन् (पारिजात, २०५४ : ख) ।

(ङ) मोहन राज शर्माले वैयक्तिक अनुभव तथा स्मरणका आधारमा आफ्नो वा अरू कसैको जीवन वृत्तान्तलाई विषय बनाएर लेखिएको निबन्ध नै संस्मरण भएको धारणा राखेका छन् ( शर्मा, २०५५ : ५१५) ।

(च) रामचन्द्र अधिकारीले 'संस्मरण' शब्दले आफ्नो शाब्दिक अर्थको सीमालाई पार गरी साहित्यिक स्वरूप धारण गरेको हुनाले संस्मरणमा कुनै अविस्मरणीय स्मृतिका क्षणलाई शब्दाङ्कन गरिएको हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् (अधिकारी, १९९२ : २९७) ।

(छ) आधुनिक हिन्दी साहित्यकार खेलचन्द्र आनन्दले संस्मरणलाई यथार्थ जीवनसँग सम्बद्ध, सङ्क्षिप्त, रोचक, चित्ताकर्षक, भावुकतापूर्ण, लेखकको व्यक्तित्वले युक्त, चरित्रको गरिमापूर्ण साङ्केतिक एवम् प्रभावपूर्ण शैलीमा लेखिएको अविस्मरणीय घटना भएको गद्य साहित्यको एक स्वतन्त्र विधाका रूपमा चिनाएका छन् (आनन्द, १९७४ : १४०) ।

(ज) हिन्दी साहित्यकार धीरेन्द्र बर्माका विचारमा संस्मरण साहित्यमा लेखकको इतिहास प्रकट भएको हुन्छ; तर इतिहास जस्तो वस्तुपरक रूपमा होइन । लेखकले आफूले भोगेको, लेखेको, अनुभव गरेको कुरालाई आफ्नो संवेदात्मक अनुभूति सहित निबन्धात्मक शैलीको नजिक रहेर लेखिएको गद्य साहित्य नै संस्मरण हो भन्ने उनको मत रहेको छ (बर्मा, २०२० : ८७६) ।

(झ) हिन्दी साहित्यकार नगेन्द्रका मतमा शब्दको अभिधार्थलाई अतिक्रमण गरी साहित्यिक विधाका रूपमा स्थापित भएको संस्मरण जीवन भोगाइका अनन्त घटना, अनुभूति र क्षणलाई स्मृतिमा राखेर कोमल, कलात्मक र आत्मपरक र सङ्क्षिप्त शैलीमा अभिव्यक्ति गरिने यथार्थपरक साहित्यिक रचना हो (नगेन्द्र, १९८१ : १२९९) ।

यी माथिका मतहरूका आधारमा संस्मरण साहित्य भनेको जीवन भोगाइका क्रममा इतिहासका रूपमा निर्माण भएका घटना, स्मरणीय क्षणको प्रस्तुति, संवेदनायुक्त क्षण, अनुभूति एवम् अनुभव गरेका, देखेका, भोगेका, सुनेका घटनालाई निजात्मक शैली, रोचक प्रसङ्ग, सङ्गठनात्मक र कलात्मक अभिव्यक्ति, रमरम आख्यान सूत्रका माध्यमबाट सार्वजनिक रूपमा प्रस्तुत गर्नु हो । स्मृति तत्वको प्रबलता रहने संस्मरण साहित्यमा आख्यानेतर विधाका सबै उपविधामा पाइने रोचक गद्य साहित्यिक विशेषताहरू पाइन्छन् ।

## २.१.३. संस्मरणका आधारभूत तत्वहरू

संस्मरण बन्नका लागि आवश्यक पर्ने कुराहरू नै यसका तत्त्वहरू हुन् । यसका तत्त्वलाई उपकरण पनि भन्ने गरिन्छ । यसका मुख्य तत्त्वहरूमा विषय, सन्दर्भ चित्रण, पात्र,

उद्देश्य र भाषाशैली प्रमुख मानिन्छन्; जसलाई निम्न अनुसार देखाउन सकिन्छ :-

### २.१.३.१. विषय

संस्मरण कुनै न कुनै विषयमा आधारित रहेको हुन्छ । जीवन भोगाइका सिलसिलामा जुनसुकै घटना, क्षण, अनुभव, दृश्य तथा व्यक्ति विशेषसँग सम्बन्धित विषयलाई संस्मरणको वर्ण्य विषय मानिन्छ । संस्मरणकार आफैले वर्ण्य विषयको छनोटमा एकरूपता कायम गरेको हुँदैन । संस्मरणमा आएका वर्ण्य विषयलाई बुँदागत रूपमा चर्चा यसरी गर्न सकिन्छ ।

(क) संस्मरण साहित्य संस्मरणकारको जीवन भोगाइका स्मरणीय घटना, क्षण, दृश्यहरूको आलेखन हो । अन्य साहित्यिक विधाका समानान्तरमा संस्मरण पनि जीवनका बिर्सन नसकिने स्मृतिपटमा आइ रहने घटना, क्षण, दृश्य र अनुभव भन्ने बुझिन्छ । जीवनका प्रमुख घटना, क्षण, प्रसङ्ग र सन्दर्भहरूको सचेततापूर्वक प्रयोग हुनु नै संस्मरणको प्रमुख अङ्ग बनेर आउने हुनाले लेखकका जीवन भोगाइ लेखकका लागि मात्र नभएर पाठकका लागि पनि पठन योग्य र गरिमामय रहेका हुन्छन् । अतः संस्मरणमा जीवनका उकाली ओरालीको प्रस्तुति हुनाले जीवन भोगाइका सुमधुर सम्झना नै संस्मरणको वर्ण्य विषय बनेको पाइन्छ (सुवेदी; २०५३ : ३७) ।

(ख) साहित्यकार स्वयम् भोक्ता र स्रष्टा पनि हो । स्रष्टाले जीवनका सन्दर्भमा भोगेका घटना, सामाजिक विम्बहरू, जीवन जगतप्रतिको दृष्टिकोण, काल्पनिक अभिव्यक्तिहरू अतीतका प्रस्तुतिमा अभिव्यक्त हुन्छन् । अतीतका भावपूर्ण अनुभव, तिता मिठा क्षण जे जस्ता भए पनि संस्मरणमा आलोचनात्मक समर्थनका साथ प्रस्तुत भएका हुन्छन् । अतः अतीतका सम्पूर्ण क्रियाकलाप संस्मरणका विषय बनेर आउँछन् ।

(ग) संस्मरण साहित्यमा संवेदनायुक्त भावनाका अतिरिक्त दृश्यलाई पनि कलात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । दृश्यको समायोजनले संस्मरणलाई रोचक र प्रभावकारी बनाउँछ । संस्मरणका लागि स्रष्टाले आफ्नो जीवनमा देखेका र अन्य इन्द्रियद्वारा संवेदना ग्रहण गरेका सन्दर्भ, वस्तु, सूचना एवम् सन्देशहरू आवश्यकता अनुसार प्रयोग गर्ने हुनाले वर्ण्य विषयका सन्दर्भमा यी तत्वहरू सहायक बनेर आउँछन् । दृश्यको सजीवतामा नै संस्मरणले सफलता हासिल गरेको हुन्छ । यसमा संवेद्य वस्तुलाई सुन्दर र आकर्षक शैलीमा चित्रात्मकताका साथ प्रस्तुत गरिएको हुन्छ । संस्मरणका विषयका रूपमा यी तत्त्व सबल रूपमा आएका हुन्छन् ।

(घ) संवेद्य वस्तुलाई संस्मरणमा निजात्मक एवम् रागात्मक ढङ्गबाट प्रस्तुत गरिएको हुन्छ । संवेद्य वस्तु निजी अनुभूतिमा सञ्चित रहेका हुन्छन् । यसमा स्रष्टाले व्यक्तिगत अनुभव र परात्मक वस्तु तथ्यलाई सूच्यात्मक रूपमा नितान्त वैयक्तिक ढङ्गले प्रस्तुत गरेका हुन्छन् ।

(ङ) कुनै पनि सम्झन योग्य स्थान, समाज, प्रवृत्ति, व्यक्ति, संस्कृति, घटना, वस्तु जस्ता जीवन भोगाइसँग सम्बन्धित प्रसङ्गहरूबारे आत्मपरक शैलीमा लेखिने रचना नै संस्मरण हो ।

### २.१.३.२. परिवेश (सन्दर्भ) को चित्रण

संस्मरण अतीतका घटनामा मात्र आधारित हुन्छ (असद, १९८६ : १०) । अतीतका घटना, वस्तु र व्यक्ति परिवेश वा सन्दर्भका उपजका रूपमा आएका हुन्छन् । संस्मरणकारले वर्णन गर्ने विषय वस्तु विश्वसनीय र सर्वमान्य हुनु पर्छ । यसका लागि विषयसँग सम्बन्धित घटना, समय र स्थानको प्रस्तुति कलात्मक रूपमा प्रस्तुत गर्नुका साथै विश्वास योग्य पनि हुनुपर्छ; काल्पनिक रूपमा चित्रण गरिएको हुनु हुँदैन । स्रष्टाको सिर्जनात्मक मानस पटलमा चलचित्रको रिल घुमेझैँ घुमि रहेका विविध घटनाहरू संस्मरणका रूपमा रागात्मक भाषाका माध्यमबाट प्रस्तुत गरिनु संस्मरणको वैशिष्ट्य हो । स्मरण गरिएका विषय वस्तुलाई तत्कालीन सम सामयिक परिवेशको सजीव चित्रणमा प्रस्तुत गर्न स्रष्टामा एकाग्रता र तीक्ष्ण स्मरण शक्ति हुनु अनिवार्य छ । संस्मरणको सफलता परिवेशको सजीव चित्रणमा रहेको हुन्छ ।

परिवेशको सजीवतामा संस्मरणको प्रामाणिकता निर्भर रहेको हुन्छ । एउटा सफल संस्मरणमा वातावरणको पुनर्निर्माण कलात्मक भ्रम नै सिर्जना हुने गरी गरिन्छ (प्रधान; २०४४ : २६) । अतः संस्मरणमा परिवेशको चित्रण सजीव र जीवन्त हुनु आवश्यक मानिन्छ ।

### २.१.३.३. चरित्र चित्रण

संस्मरण रोचक घटना, स्मरणीय क्षण, व्यक्ति, वस्तु र दृश्यप्रतिको प्रतिक्रियात्मक अनुभूतिलाई भाव तरङ्गमा तरङ्गित हुँदै आन्तरिक अन्वितिको खोजी गर्दै लेखिएको दस्तावेज हो । संस्मरण कुनै व्यक्तिमाथि केन्द्रित भएर लेखिएको छ भने स्मरणीय व्यक्ति नै प्रमुख पात्र हुन्छ; लेखक र अन्य पात्र सहायक पात्रका रूपमा रहन्छन् । संस्मरण घटना प्रधान रहेको छ अर्थात् स्रष्टाले आत्म संस्मरण गरेर लेखेको छ भने त्यसको प्रमुख पात्र स्वयम् लेखक नै रहेको हुन्छ ।

जीवनी र आत्मकथामा जस्तो बहुल पात्रको प्रयोग संस्मरणमा गरिएको हुँदैन । पात्रले

सम सामयिक युग तथा तत्कालीन जन जीवनको सजीव रूपमा प्रतिनिधित्व गरेको हुन्छ। पात्रको जीवन्त प्रस्तुतिले संस्मरणलाई बडो रोचक तथा विश्वसनीय बनाउन सहयोग गर्दछ। यसमा घटनाको उद्घाटन रोचक ढङ्गबाट गर्दै पात्रको वैशिष्ट्यलाई प्रस्तुत गरिन्छ। पात्रको संयोजनमा स्रष्टाले शिल्पशैलीको चमत्कारीपूर्ण तवरले प्रयोग गरेको हुन्छ। संस्मरणमा पात्रको सफल प्रयोगले नै पाठकलाई विश्वास दिलाउन सकिन्छ। संस्मरणमा पात्रको उपस्थिति अनिवार्य तत्त्व भए पनि उपन्यास र कथामा जुन रूपमा पात्रको चित्रण गरेको पाइन्छ; त्यही रूपमा पात्रको चित्रण संस्मरणमा गरेको पाइँदैन। तैपनि पात्रको उपस्थितिको अभावमा संस्मरणको कल्पना गर्नु असम्भव नै हुन्छ।

### २.१.३.४. उद्देश्य

साहित्यका आख्यानेतर विधा सरह संस्मरण गद्य विधाको उद्देश्य जीवनमा घटेका महत्त्वपूर्ण प्रमुख सत्य तथ्य घटनाका बारेमा अवगत गराउनु तथा मनोरञ्जन प्रदान गर्दै शिक्षा दिनु हो। साहित्य मानव जीवनको आरम्भसँगसँगै प्रारम्भ भएको र आजसम्म पनि अनवरत रूपमा क्रियाशील रहेको भावपूर्ण विधा हो। संस्मरणमा व्यक्ति तथा घटनाका माध्यमबाट मानव जीवन एवम् जगत पछाडि क्रियाशील रहेका सत्य तथ्य घटनाको रहस्य उद्घाटन गरिन्छ। कविता सिर्जना गर्ने स्रष्टाभन्दा गद्य साहित्यको सिर्जना गर्ने स्रष्टा भिन्न मनस्थितिका हुन्छन्। गद्यको नवीनतम विधा संस्मरण साहित्य हो। यसमा मानव जीवन सम्बन्धी मान्यता, विचार, सांस्कृतिक इतिवृत्ति तथा त्यसको व्याख्या स्मृति तत्त्वका आधारमा गरिन्छ; जसलाई संस्मरणको उद्देश्य मानिन्छ। विगतका घटना मनोरञ्जन प्रधान मात्र नभई शिक्षाप्रद पनि हुन्छन्। विगत घटनाको सजीव चित्रण र यथार्थपरक प्रस्तुतिबाट स्रष्टाप्रतिको अनावश्यक भ्रमलाई दूर राख्ने प्रामाणिक दस्तावेजका रूपमा संस्मरणले सहयोग गर्दछ। साहित्य लेखनका पछाडि जुन उद्देश्य रहेको हुन्छ; गद्य साहित्यिक विधा संस्मरणका पछाडि पनि त्यही उद्देश्य रहेको हुन्छ। संस्मरणकार घटना तथा वस्तुप्रति तटस्थ हुन सक्दैन; अनि दोस्रो व्यक्तिसँग सम्बन्धित घटनाको विवरण पनि दिँदैन। उसको उद्देश्य केवल आफ्नो अनुभूतिलाई अभिव्यक्ति दिनु रहेको हुन्छ (शर्मा, १९७४ : ३११)। अतः संस्मरणको आधारभूत तत्त्वका रूपमा उद्देश्य रहेको हुन्छ। घटनाको रोचक र सङ्क्षिप्त प्रस्तुति गर्नुका साथै आफूप्रतिका भ्रमात्मक विषयलाई हटाउँदै आफ्नो स्पष्ट दृष्टिकोणलाई प्रस्तुत गर्नु संस्मरणको उद्देश्य रहेको हुन्छ।

संस्मरणमा सर्जकका जीवन भोगाइका क्षण, घटना दृश्य तथा व्यक्तिका सम्बन्धमा सुन्दर कलाका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ । आफ्नो मूल संवेदनात्मक रूपमा संस्मरण पनि अन्य साहित्यिक विधा सरह रागात्मक अभिव्यक्तिमा आधारित हुन्छ तर आत्मकथाको शैलीमा लेख्नुको कारण यसमा लेखक तथा उससँग सम्बन्धित तथा घटनाको चित्रण तटस्थ रूपमा हुन्छ, जसमा 'स्व' तथा 'पर' को परिधि एकाकार हुन्छ (शर्मा, १९७४ : ३११) । स्रष्टाले जीवन भोगाइका सन्र्दभमा पुनः मूल्याङ्कन गर्दा कहीँ दयामाया जाग्न सक्छ; कतै घृणा र क्षोभ उत्पन्न हुन सक्छ; कतै हीनता बोध र लज्जाको अनुभव हुन्छ; त कतै आनन्द पनि उत्पन्न हुन्छ । यी सबै भावना स्रष्टाका हृदयमा तरङ्गित भएका हुन्छन् । ती सबैप्रति तटस्थ भएर कलम चलाउनु नै संस्मरणको संस्मरण लेखनप्रतिको वैशिष्ट्य मानिन्छ । यसमा 'स्व' र 'पर' को भेद रहँदैन । आत्मनिष्ठ तटस्थताले संस्मरणात्मक साहित्यलाई रोचक र प्रभावशाली बनाउँछ । गतिशील समयसँगसँगै लेखकको मनोभावना परिवर्तन भए पनि विगतका जीवन भोगाइ अपरिवर्त्य हुने हुनाले घटनाप्रति तटस्थ भई कलम चलाउनु संस्मरणको आधारभूत तत्त्व मानिन्छ ।

### २.१.३.५. भाषाशैली

भाषाले साहित्यलाई जीवन्तता प्रदान गर्दछ । गद्य साहित्यको नवीन विधा संस्मरण हो । गद्य साहित्यको भाषा सरस र सरल हुन्छ । मूल संवेदना विम्बलाई प्रस्तुत गर्न भाषाशैली तथा अभि व्यञ्जना कौशलको आवश्यकता पर्दछ । संस्मरण लेखकको अनुभूतिगत संवेदनाको आत्मीयतापूर्ण आलेखन मात्र होइन; साहित्य सिर्जना पनि हो । अन्य साहित्यका विधा सरह यसमा भाषागत रागात्मकता रहेको हुन्छ । यसबाट संस्मरणकारको साहित्यिक सिर्जनात्मक व्यक्तित्व उद्घाटन हुन्छ । संस्मरण स्मृतिमा आधारित वस्तुपरक विधा हो । यसमा पात्र तथा घटनाको आधार लिइन्छ र त्यसै अनुसारको रागात्मक भाषा प्रयोग गरिन्छ । यसमा तटस्थता अनिवार्य तत्त्व भए पनि मूल संवेदनात्मक रूपमा संस्मरण पनि अन्य साहित्यिक विधा सरह रागात्मक अभिव्यक्तिमा आधारित हुन्छ (शर्मा, १९७४ : ३११) । त्यसैले संस्मरणका आवश्यक तत्त्वलाई एकरूपता प्रदान गर्ने भाषा कलात्मक एवं सङ्गठित हुनुपर्छ । संस्मरणकारको अनुभूति, विषय वस्तु, पात्र, परिवेश वा सन्दर्भ अनुरूपको भाषिक प्रयोगले संस्मरणलाई सरल, सुबोध्य र रोमाञ्चक बनाउँछ । वाक्य गठनमा विम्ब र प्रतीकको संयोजन गर्नु एवम् भाषामा लयात्मकता ल्याउनु स्थानीय लोकोक्ति तथा भाषिक प्रयुक्तिको संयोजन गर्नु संस्मरणको वैशिष्ट्य हो (असद; १९८६ : १०) ।

संस्मरणमा व्यास शैलीको प्रयोग हुन्छ (असद; १९८६ : १०) । संस्मरणमा विविध

विषय वस्तुको वर्णन गर्नुपर्ने भएकाले यो शैलीको प्रयोग गरेको देखिन्छ । भाव-प्रवण भावनाले ओतप्रोत भएका विषय वस्तुलाई प्रवाहमय र सजीव बनाउने कार्य शैलीको हो । शैलीको प्रयोग विषय अनुरूप गरिन्छ । संस्मरण स्वयम् आफैंमा सबल गद्य शैली हो (राम प्रकाश; १९८६ : १२४) । संस्मरणमा विविध शैलीको प्रयोग गरिएको हुन्छ । यसमा विवरणात्मक, विश्लेषणात्मक र वर्णनात्मक शैलीको त्रिकोणात्मक प्रयोग पाइन्छ । तीमध्ये कुनै एक उपेक्षित भएमा संस्मरणको मूल भावना समाप्त हुन जान्छ । तथापि संस्मरण गद्य विधाको फाँटमा आत्म कथात्मक, निबन्धात्मक एवम् पत्रात्मक शैलीको अधिक प्रयोग भएको पाइन्छ । साहित्य भन्नु नै सत्यम्, शिवम् र सुन्दरम्को त्रिवेणी स्थल हो । यसैको उद्घाटन गर्नु साहित्य सिर्जनाको अभीष्ट मानिन्छ । त्यसैले संस्मरणमा पनि यसको उद्घाटन गरिएको हुन्छ । स्रष्टाको प्रस्तुतिगत शैलीमा नै सत्यम्, शिवम्, सुन्दरम्को प्रस्फुटन भएको हुन्छ । शैलीमा नै संस्मरणको नवीनता जीवित रहेको हुन्छ । अत: अन्य लिखित साहित्यमा जस्तै संस्मरण साहित्यमा भाषाशैलीलाई अनिवार्य तत्त्व मानिन्छ ।

## २.१.४. आख्यानेतर साहित्यका अन्य विधा-उपविधासँग संस्मरण विधाको तुलना

गद्य साहित्यका कथा र उपन्यास बाहेक अन्य गद्यात्मक अभिव्यक्तिका पक्षहरू पनि छन् । ती मूलतः आख्यानेतर उपविधाका रूपमा रहेका छन् । ती आख्यानेतर उपविधाका रूपमा रहेका पक्षसँग संस्मरण साहित्यको सम्बन्ध कस्तो रहेको छ; त्यसको तुलनात्मक चर्चा यहाँ गरिएको छ :-

### २.१.४.१. आत्मकथा र संस्मरण

आत्मकथा एक नवीन गद्य साहित्यिक विधा हो । आफ्ना सम्बन्धमा आफैले लेखेको वा भनिएको कथा, आफैले बनाएको आफ्नै वृत्तान्त, आफ्नै जीवन चरित्र वा आत्म चरित्रलाई आत्मकथा भनिन्छ (पोखरेल र अन्य, २०४० : ९८) । कलात्मक तथा साहित्यिक ढङ्गबाट व्यक्ति स्वयम्ले लेखेको आफ्नै जीवनी नै आत्मकथा हो (असद, १९८६ : १९) । आफैले भोगेर इतिहास बनि सकेको जीवन वृत्तान्तको रचना आत्मकथा हुने हुँदा यसमा लेखक स्वयम् स्रष्टा र सामग्रीका रूपमा प्रस्तुत हुन्छ अर्थात् लेखक स्वयम् विषय र विषयको प्रस्तुति गर्ने कलाकार पनि हुन्छ (प्रधान, २०४४ : ४०) ।

आफ्नै जीवनका भोगाइ, अनुभव, सफलता-असफलता, प्रेरणा आदिका बारेमा अभिव्यक्त वृत्तान्त नै आत्मकथा हो (बन्धु, २०६० : ५२३) । मानवीय प्रवृत्ति बडो अचम्मको

हुन्छ । आफ्ना जीवन यात्राका विविध अनुभवहरूलाई समेत अनुभूत गराउने, आफ्नो जीवनमा भएका गलत कार्यबाट पश्चात्ताप गर्ने र असल कार्यबाट प्राप्त जस लिन आत्म कथाकारले आत्मकथा लेख्छ । लेखकलाई आफ्नो चरित्र आफै उद्घाटन तथा विश्लेषण गर्न अत्यन्त कठिनाइ हुन्छ किनभने लेखक आत्म प्रशंसक भएर गुणको मात्र निरूपण गर्ने हुँदा आत्मकथामा अतिशयोक्तिको प्रबलता रहने भय हुन्छ । अर्कातर्फ आत्म सङ्कोचले गर्दा दोषलाई सार्वजनिक रूपमा प्रस्तुत गर्ने सामर्थ्य लेखकले राखेको हुँदैन; जसको परिणाम प्रस्तुत हुनु पर्ने कुराहरूलाई समेत कृत्रिम आवरणले पर्दा लगाइ दिन्छ । आत्मकथामा लेखक स्वयम्ले आत्मपरक शैलीमा आफ्ना जीवनको बारेमा लेख्दछ । यो आत्म चरित्र प्रधान गद्य विधा हो (उपाध्याय, २०६६ : ७६) ।

यसभन्दा अधिक भय त्यस बेला सिर्जना हुन्छ; जुनबेला लेखक आफ्नो भावना अनुरूपको घटना तथा विषयलाई विश्लेषण गर्दै प्रस्तुत गर्दछ । यस्तो प्रवृत्तिको बोलवाला भयो भने इतिहास दुर्घटित हुन पुग्दछ; सत्य घटना पर्दा पछाडि पर्दछ । लेखकको स्मृति क्षमताले गर्दा कतिपय छुट्नै नहुने विषय पनि छुटन सक्छ । यसबेला लेखकले डायरी र संस्मरणको सहयोग लिनु पर्ने हुन्छ । आत्मकथामा अतीत र वर्तमानको गहिरो सम्बन्ध रहेको हुन्छ । भोगमूलक जीवनको लेखन स्मृतिका आधारमा गरिनु पर्ने हुनाले आत्मकथाको पूर्वरूप संस्मरण हो तर संस्मरणको सङ्कलन आत्मकथा हुन सक्दैन । संस्मरण र आत्मकथा दुवै विधामा प्रयोग गरिने भाषा, शैली, परिवेशको चित्रण, जीवन भोगाइको इतिहासमूलक प्रस्तुति, घटनाप्रति तटस्थता आदिमा समान विशेषता भए पनि संस्मरण भावुकताले ओतप्रोत भएको जीवनको एउटा भोगाइ, एउटा घटना, दृश्य तथा वस्तुको कलात्मक प्रस्तुति हो भने आत्मकथा भावुकता कम भएको सत्य तथ्यमा आधारित जीवनका अनेकानेक भोगाइ र घटनाको विवरण सहित शृङ्खला बद्ध प्रस्तुति हो ।

पात्रको प्रस्तुति दुवै विधाका अनिवार्य तत्त्व हुन् तर संस्मरणमा कम पात्रको प्रयोग गरिन्छ भने आत्मकथामा धेरै सहायक पात्रको प्रयोग हुन सक्छ । आत्म संस्मरणमा केन्द्रीय पात्र स्वयम् लेखक हुन्छ । परात्मक संस्मरणमा लेखक परिधीय पात्रका रूपमा प्रस्तुत हुन्छ भने परिधीय पात्रको प्रयोग धेरै गरिएको हुन्छ । परिवेश वा सन्दर्भको चित्रण दुवै विधामा गरिएको हुन्छ तापनि आत्मकथामा वातावरणको चित्रण भव्य रूपमा गरिएको हुन्छ भन्ने संस्मरण परिवेशको चित्रण छोटो, छरितो र सङ्क्षिप्त रूपमा गरिएको हुन्छ । संस्मरणको उद्देश्य अतीतका विशेष घटनाको संस्मरणात्मक प्रस्तुति गर्नु रहेको हुन्छ भने आत्मकथाको उद्देश्य

चाहिँ असल कार्यको जसप्राप्ति र गलत कार्यप्रति पश्चात्ताप गर्दै पुनः मूल्याङ्कन र आत्म निरीक्षण गर्नु रहेको हुन्छ ।

भाषाशैलीका धेरै पक्षमा समानता हुँदा हुँदै पनि सङ्क्षिप्त वर्णन, प्रभावकारी घटना, मनोगत चित्रणले गर्दा संस्मरण रोचक र कलात्मक हुन्छ भने जीवनका अनेकानेक आरोह-अवरोहको भव्य प्रस्तुतिका कारण आत्मकथा बढी तटस्थ तर जानकारीमूलक हुन्छ । वर्ण्य विषयको संस्मरणात्मक प्रस्तुति, भाषाशैली तथा अन्य तत्त्वका दृष्टिबाट हेर्दा आत्मकथा आत्म संस्मरणकै परिष्कृत, सङ्गठित र विवरण सहितको शृङ्खला बद्ध प्रस्तुति जस्तै भए पनि संस्मरणकै सङ्ग्रह भने होइन । आत्मकथामा कथात्मकताको विशेषता हुँदा हुँदै पनि जीवन भोगाइको वृत्तान्तलाई प्रस्तुत गरिन्छ । रूपाकृतिका दृष्टिले हेर्दा आत्मकथा संस्मरण र जीवनीका बिचमा रहन्छ भने संस्मरण आत्मकथा र शब्दचित्रका बिचमा रहेको हुन्छ । यद्यपि संस्मरणको सापेक्षतामा आत्मकथाले वैयक्तिक चित्रणलाई प्रधानता दिएको हुन्छ ।

### २.१.४.२. जीवनी र संस्मरण

गद्य साहित्य अन्तर्गतकै आधुनिक विधाको एक उपविधा जीवनी साहित्य हो । जीवनी व्यक्ति विशेषको जीवनका वास्तविक घटनाको सुन्दर एवम् कलात्मक प्रस्तुतिको इतिहास हो (असद, १९८६ : २०) । जीवनीमा घटनाको सम्बन्ध जीवनीकृत व्यक्ति विशेषमा निहित रहेको हुन्छ अर्थात् विशिष्ट व्यक्तिको जीवनका बाल्यकाल, शिक्षा-दीक्षा, वैयक्तिक विशेषता, सामाजिक, राजनैतिक गतिविधि, जीवनका अविस्मरणीय घटनाको विवेचना र विवरण तथा अन्य महत्त्वपूर्ण घटनाको वर्णन नै जीवनी हो । जीवनीको उद्देश्य व्यक्तिसँग सम्बद्ध घटना तथा गतिविधि एवम् कार्यकलापहरूलाई सुव्यवस्थित तथा रोचक ढङ्गले प्रस्तुत गर्नु हो ( बन्धु; २०६० : ५२६) । अर्को शब्दमा भन्नुपर्दा जन्मकालदेखि मृत्यु पर्यन्तसम्मका जिन्दगानीका यावत् घटनाहरूको शृङ्खला बद्ध इतिहासको प्रस्तुति जीवनी हो । आदर्शवान् व्यक्तिका बारेमा जन्मदेखि उसले गरेका, भोगेका हरेक यथार्थ, तथ्य तथा अन्तिम समयसम्मको सम्पूर्ण विवरणलाई जीवनी भनिन्छ (अधिकारी, २०७० : १९) ।

जीवनी लेखकले विशिष्ट तथा उदात्त व्यक्तिको जीवन वृत्तान्तलाई सार्वजनिक प्रस्तुतिका लागि लेखिएको हुन्छ । विशिष्ट व्यक्तिको जीवन वृत्तान्तको अध्ययनबाट सर्व साधारण पाठकले त्यस व्यक्तिको यथार्थ व्यक्तित्वको बारेमा जानकारी पाउनुका साथै त्यस युगको सम सामयिक परिस्थितिका बारेमा जानकारी हासिल गर्ने अवसर प्राप्त गर्दछ । जीवनी लेखकमा तथ्यप्रति निष्ठा, इमान्दारी तथा जीवनीकृत व्यक्तिसँग घनिष्टता हुनु आवश्यक हुन्छ ।

तटस्थता नै जीवनीको धर्म हो तसर्थ संस्मरणमा जस्तो व्यक्तिगत रूपमा मनोगत चित्रण गर्दै निजात्मक शैलीमा प्रस्तुत गर्ने कुनै अवसर हुँदैन। संस्मरण जीवन भोगाइका सम्पूर्ण घटनाको प्रस्तुतिको इतिहास हो भने जीवनी दोस्रो व्यक्तिको जीवन भोगाइका सम्पूर्ण घटनाको इतिहास हो ।

जीवनीमा लेखकले जीवनीकृत व्यक्तिको जीवन वृत्तान्तलाई तटस्थतापूर्वक कलात्मक ढङ्गले सार्वजनिक गरि दिएको हुन्छ। संस्मरण लेखकले आफ्नै भोगमूलक जीवनका घटनाको भावात्मक तथा कलात्मक प्रस्तुति गरेको हुन्छ तर जीवनी साहित्य यथार्थ भएकाले यसमा लेखकका वैयक्तिक संवेदना, कल्पनागत अनुभूतिको प्रस्तुति गर्ने कुनै गुञ्जायस रहँदैन । जीवनी कुनै व्यक्ति विशेषको जीवन गाथा हो भने संस्मरण लेखकले कुनै विशेष घटनाको मात्र चित्रण गर्दछ; जुन घटनाले लेखकलाई प्रभावित पार्दछ। जीवनी लेखन कुनै व्यक्तिको जीवन चरित्रलाई अध्ययन गरेर लेख्न सकिन्छ तर संस्मरण लेखनमा व्यक्तिको मान्यता, विचार तथा सिद्धान्तको प्रस्तुति गर्ने कुनै स्वतन्त्रता हुँदैन । संस्मरणमा संस्मरणकारका विचार, मान्यता एवम् सिद्धान्तको मनोगत र कलात्मक रूपमा चित्रण गर्ने छुट रहेको हुन्छ। जीवनीमा वर्ण्य विषयको मात्र महत्त्वपूर्ण स्थान हुन्छ तर संस्मरणमा कुनै खास घटनाको स्मृतिमूलक प्रस्तुतिलाई महत्त्व दिइएको हुन्छ ।

जीवनी साहित्यलाई संस्कृत साहित्यमा 'जीवन चरित्रम्' भनिन्छ भने अङ्ग्रेजी साहित्यमा जीवनी विधालाई 'बायोग्राफी' भनिन्छ। हिन्दी र नेपाली साहित्यमा जीवनी विधालाई 'जीवन चरित' र 'जीवनी' शब्दले चिनाइन्छ तर प्रचलित शब्द चाहिँ 'जीवनी' नै हो। कुनै व्यक्ति विशेषद्वारा जीवनको अवधिमा गरिएका कार्यहरूको वृत्तान्त नै जीवनी हो जुन नितान्त व्यक्ति केन्द्रित साहित्यिक लेखन हो (उपाध्याय; २०६३ : ७९) ।

जीवनी र संस्मरण दुवै गद्य विधामा समानता रहेको हुन्छ। यी दुवैमा भाषा, शैली, परिवेश वा सन्दर्भको चित्रण, सत्यता, तटस्थ अभिव्यक्ति जस्ता कुरामा समान विशेषता रहेको पाइन्छ। संस्मरणमा संस्मरणकार केन्द्रीय पात्र हुन्छ, यदाकदा अन्य व्यक्ति पनि केन्द्रीय भूमिकामा आउन सक्छ। जीवनीमा जीवनीकृत व्यक्ति नै केन्द्रीय पात्र हुन्छ। यसरी हेर्दा जीवनी एउटा विशिष्ट, उदात्त व्यक्तिको यावत् जीवन वृत्तान्तलाई कलात्मक ढङ्गबाट प्रस्तुत गरिएको उपन्यास जस्तो देखिन्छ भने संस्मरण जीवन भोगाइका विशेष घटनाको भावनात्मक तथा कलात्मक प्रस्तुतिबाट जीवनलाई चियाइएको लघुकथा जस्तो प्रतीत हुन्छ। अतीतका जीवन भोगाइलाई सजीवतापूर्ण चित्रण गरी पुनः सिर्जना गरिने विशिष्ट विशेषता भए पनि यदि

जीवनीकार प्रतिभाशाली व्यक्ति छ भने उसले आफ्नो कलमले मृत व्यक्तिलाई जीवित पारी सार्वजनिक रूपमा पाठक सामु प्रस्तुत गर्दछ। रूपाकृतिका दृष्टिले जीवनी विधा आत्मकथाको नजिक रहेको देखिन्छ। जीवनीमा जीवनको प्रस्तुति सहज ढङ्गबाट गरिएको हुन्छ। यसको आवश्यक सामग्री संस्मरण हुने हुनाले पूर्ण रूपमा जीवनी संस्मरणबाट मुक्त हुन सक्दैन।

### २.१.४.३. नियात्रा र संस्मरण

यात्रामा रमाउने प्रवृत्ति मानवीय सहज वृत्ति हो। मानव स्वतः स्फूर्त रूपमा प्राकृतिक सौन्दर्यको उपासक हुन्छ। यात्रामा निस्कने यात्रीले आफूले देखेको, भोगेको र अनुभवमा समेटेका अनुभूति पुञ्जमा पाइने तत्वलाई निबन्धको रूपमा स्थापना गरिएको रचनालाई नियात्रा भनिन्छ (सुवेदी; २०४९ : ४९)। मानवीय प्रवृत्ति स्वभावतः अन्य प्राणीका सापेक्षतामा विशिष्ट रहेको हुन्छ। मानवले जीवन भोगाइका सन्दर्भमा गरेका महत्त्वपूर्ण र स्मरणीय यात्राको आत्मपरक शैलीमा गरिएको भावना प्रधान कलापूर्ण वृत्तान्तलाई नियात्रा भनिन्छ। यात्राका क्रममा देखेका भोगेका अनुभव र अनुभूति गरेका प्रभावहरूलाई आत्मपरक शैलीमा निबन्धका रूपमा प्रस्तुत गर्नु नै नियात्रा हो (पोखरेल, २०६० : ३५) । साहित्यका सन्दर्भमा लेखकले यात्रा वृत्तान्तका प्रकृति-सौन्दर्य, मानव-सौन्दर्य तथा क्षेत्र-सौन्दर्यको वर्णन उल्लासमय भावनामा आत्म विभोर हुँदै कलात्मक रूपमा गरिएको प्रस्तुति नियात्रा हो। नियात्रा विधालाई अङ्ग्रेजी साहित्यमा 'ट्राभल एकाउन्ट' भनिन्छ भने हिन्दी तथा नेपाली साहित्यमा 'यात्रा वृत्तान्त' र 'यात्रा संस्मरण' आदि पर्यायवाची नामले चिनाइन्छ। विविध उपनामले चिनिए पनि यो नेपाली साहित्यमा 'नियात्रा' नाम नै प्रचलित रहेको छ।

यात्रामा निस्कने यात्रीले जब प्रकृतिका प्राकृतिक सौन्दर्यका सुन्दर दृश्यको अनुभूति गर्दछ तब यात्रुका आँखामा उल्लास फुलाउँछ; आत्म विभोर बनाउँछ; सांस्कृतिक विविधताले भावनालाई पगाल्छ; त्यसबेला यात्रुले अनुभूतिको तीव्रतालाई शब्दमा अभिव्यक्त गर्दछ। नियात्रामा मूलतः तथ्य र अंशतः भावनाको अनुपातिक संयोजन गरी चित्रात्मक शैलीमा अनुभूत स्मृति लेखिएको हुन्छ (श्रेष्ठ; २०४९ : १९१)। मानवको प्रवृत्ति नै यात्रीको जस्तो हुन्छ। यात्रा काम विशेषले, नयाँ जानकारी प्राप्त गर्ने उद्देश्यले, प्रकृतिको सौर्न्दयलाई नजिकबाट चुम्ने भावनाले, सांस्कृतिक भावनाको आदान प्रदान गर्ने, राजनैतिक तथा ऐतिहासिक, धार्मिक एवं मानव सभ्यताका विविधतालाई नजिकबाट चियाउने स्वेच्छा मानवमा अन्तर्भूत रहेको कारणले उसमा यात्रामा निस्कने मानवीय प्रवृत्ति पाइन्छ।

यात्रामा निस्कने यात्री संवेदनशील छ, प्रतिभा सम्पन्न छ र भावुक तथा

सिर्जनशील छ भने प्रत्येक रमणीय, रोमाञ्चकारी, अविस्मरणीय यात्रा पश्चात् यात्रीले रोचक तथा कलात्मक नियात्राको रचना गर्दछ। नियात्रामा स्थान विशेषको सांस्कृतिक, रीति रिवाज, इतिहास, प्राकृतिक सौन्दर्य, त्यहाँका मानिसका विचार, स्थानीय वृत्तान्तको सजीव साहित्यिक चित्रण गरिएको हुन्छ। तर यात्रामा तत्कालका यात्राकालीन घटनाको प्रस्तुति संस्मरणात्मक रूपमा कलात्मक ढङ्गबाट गरिएको हुन्छ। यात्रा वृत्तान्त यात्राकालीन संस्मरणको अंश हो। संस्मरणमा अतीतका स्मरणको एक बिजुलीको चम्काइझैँ सम्झना गरिन्छ भने नियात्रामा यात्राकालीन घटनाको सबिस्तार वर्णन वर्तमानकै संस्मरणमा गरिन्छ साथै यात्राका समयमा घटेका विविध घटनाको प्रस्तुति संस्मरणमा आधारित रहेको हुन्छ।

नियात्राको निकटको उपविधाका रूपमा संस्मरणलाई लिने गरिन्छ (अधिकारी, २०७० : १७) । नियात्रा र संस्मरण दुवै विधामा जीवन भोगाइका घटनालाई निजात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ। यी दुवैमा निजात्मक शैली, भाव विभोर अनुभूति, रागात्मक भाषा, परिवेशको सुन्दर चित्रण, मनोगत कल्पनाको प्रस्तुति जस्ता कुरामा समान विशेषता रहेको पाइन्छ। पात्रको प्रयोग दुवै विधामा हुन्छ। नियात्रामा केन्द्रीय पात्र यात्रामा जाने व्यक्ति नै हुन्छ भने संस्मरणमा केन्द्रीय पात्र संस्मरणकार नै हुन्छ। यात्रा वृत्तान्तमा जीवन भोगाइका अनुभूतिभन्दा स्थानकै सौन्दर्यपरक दृश्यलाई चित्रण गरिएको हुन्छ। नियात्रामा वातावरणको चित्रण भव्य रूपमा हुन्छ। यसमा अनुभूत भावनाको प्रस्तुतिभन्दा अध्ययन र अन्वेषणमा केन्द्रित रहेको हुन्छ भने संस्मरणमा आन्तरिक अनुभूतिको मनोगत चित्रण हुन्छ। यात्रामा विशेषतः प्राकृतिक बाह्य सौन्दर्यको उद्घाटन गरिएको हुन्छ। संस्मरणमा मानव अनुभूतिको सौन्दर्यपरक प्रस्तुति गरिएको हुन्छ। यदि नियात्राकार कल्पनाशील छ र अभिव्यक्ति कौशलतामा निपूर्ण छ भने नियात्रा अत्यन्त रोचक र रमणीय हुन्छ। रूपाकृतिका दृष्टिले नियात्रा संस्मरण र शब्दचित्रका बिचमा रहेको हुन्छ भने वर्ण्य विषयका दृष्टिले दैनिकी र विवरणका नजिक रहेको हुन्छ।

### २.१.४.४. दैनिकी र संस्मरण

गद्य साहित्यको नवीनतम विधा दैनिकी हो। बारम्बारको घटना र कार्य व्यापार सम्बन्धी रिपोर्टलाई दैनिकी भनिन्छ (उपाध्याय; २०४९ : २०९)। साहित्यका सन्दर्भमा जब कोही व्यक्ति तिथि मितिका आधारमा जीवनमा घटित घटनाहरू, आफूले देखे भोगेका अनेक परिस्थिति, धार्मिक, राजनैतिक, सामाजिक, साहित्यिक गतिविधिको चित्रण नितान्त निजी अनुभवको रूपमा व्यक्त गर्दछ भने त्यस्तो साहित्यिक विधालाई दैनिकी भनिन्छ (असद; १९८६ : १०)। मानव जीवन अनेकानेक घटना तथा भावनामय क्षणहरूले भरिएको हुन्छ । तिनै

अनुभूतिमूलक घटनाहरूलाई संवेदनशील व्यक्तिले दैनिक रूपमा लिपिबद्ध गरेको आलेखन दैनिकी हो ।

पाश्चात्य साहित्यबाट हिन्दी साहित्यमा विकसित भएको यस गद्य विधालाई नेपाली साहित्यमा 'रोजनाम्चा' का नामले पनि चिनिन्छ। यसलाई अङ्ग्रेजीमा 'डायरी' भनिन्छ भने नेपाली र हिन्दी साहित्यमा 'दैनिकी', 'दैनन्दिनी' एवम् 'डायरी' जस्ता पर्यायवाची नाम प्रयोग गरेको पाइन्छ। प्रातःकालीन समयदेखि बेलुकी सुत्नुअघिसम्मका देखे भोगेका आफू सम्बद्ध घटना तथा अनुभवहरूलाई भूतकालमा लेखकले लेख्ने एक प्रकारको लेखलाई दैनिकी भनिन्छ ( अधिकारी, २०७० : १८) ।

सामान्यतः डायरी नितान्त वैयक्तिक प्रयोजनका लागि लेखिएको हुन्छ। यसमा अभिव्यक्त भएका घटना, विचार तथा भावना व्यक्तिगत स्मरणका लागि लिपिबद्ध गरिने हुनाले लेखकले आफूलाई पारदर्शी रूपमा प्रस्तुत गरेको हुन्छ। जीवन भोगाइका कुनै राम्रा नराम्रा घटना तथा क्षणहरूलाई विना आवरण प्रस्तुत गर्ने हुनाले डायरीमा विश्वसनीयता र प्रामाणिकता अधिक रहेको हुन्छ। संस्मरणको सापेक्षतामा डायरी प्रामाणिक हुन्छ। तर जीवनमा आइ पर्ने आवश्यक अनावश्यक कुरा र घटनाहरूको यथावत् अस्तव्यस्त गुजुल्टो रोजनाम्चा हुने हुँदा सबै खाले दैनिकीलाई साहित्यको दर्जाका रूपमा आउन सक्दैन। जीवन भोगाइ, घटना तथा परिस्थितिका सम सामयिक परिवेशको रिपोर्ट सहज रूपमा गरिएको छ भने सहजताले साहित्यिक विशिष्टता प्राप्त गर्दछ। डायरीको लेखन संवेदनशील व्यक्तिले वैयक्तिक प्रयोजनका लागि गरेको हुन्छ तर यस्ता डायरीले यदाकदा शुभेच्छुकबाट र व्यक्ति आफैबाट प्रकाशनमा ल्याउने अवसर प्राप्त गर्दछन्। यद्यपि डायरीको आलेखन प्रकाशनलाई ध्यानमा राखेर सचेततापूर्वक लेखिएको हुँदैन। डायरी प्रत्येक दिन लेखिन्छ । यसमा कल्पना, भावना र साहित्यिक शिल्प शैलीलाई मनस्थितिमा राखी आलेखन गरियो भने डायरीको सहजता र स्वाभाविकपन नष्ट भएर जान्छ । तसर्थ डायरी आलेखन सहज रूपमा अनुभूत भएका भावनालाई सहज र स्वच्छन्द रूपमा प्रस्तुत गरिएको हुनुपर्छ ।

दैनिकीले भोगमूलक जीवनको वर्णन, घटनाको विवरण, परिवेश वा सन्दर्भको चित्रण र शैलीका दृष्टिले हेर्दा संस्मरण विधासँग सामीप्य राखेको पाइन्छ। संस्मरण विधामा पाइने मनोगत चित्रण, भाव विभोरात्मक स्मरण, रागात्मक भाषा, कल्पनातीत घटनाको रोचक प्रस्तुति, भाव-प्रवण शिल्पसज्जा तथा कलात्मक बनोटको परिष्कृत निर्माण जस्ता कुरा यसमा पाइँदैन। संस्मरणको सापेक्षतामा दैनिकी सङ्क्षिप्त हुन्छ र समयको टिपोटले गर्दा प्रामाणिक आलेखन

बन्छ । प्रामाणिक आलेखन भएकाले संस्मरणको आवश्यक सामग्री डायरी हुन्छ । रूपाकृतिका दृष्टिले संस्मरण र विवरणका बिचमा दैनिकी विधा रहेको हुन्छ । दैनिकी विधाको मूलभूत औचित्य वैयक्तिक जीवन भोगाइको स्मरण हो ।

### २.१.४.५. शब्दचित्र र संस्मरण

साहित्यको गद्य विधामा नवीन आयाम थप्ने अर्को विधा शब्दचित्र हो । यो जीवन भोगाइ, घटना, स्थान आदिलाई एउटा कुशल चित्रकारले तयार पारेको सुन्दर चित्रझैँ शब्दचित्र लेखकले थोरै शब्दद्वारा गहिरो अभिव्यक्ति प्रकट गर्ने सजीव चित्रण प्रस्तुत गरिएको गद्य विधा हो । शब्दचित्र व्यक्तिका चारित्रिक संवादहरूलाई सङ्क्षिप्त रूपमा रेखाङ्कित गर्ने र तिनलाई आचरणको माध्यमले उद्घाटन गर्ने काम गरिएको व्यक्ति वृत्तान्तको खण्ड-खण्ड चित्रमा अडेको विधा हो । चित्रकलाबाट साहित्यमा आयात गरिएको शब्दचित्रमा शब्दले उही काम गर्दछ; जुन काम चित्रकलामा रेखाले गरेको हुन्छ (प्रधान; २०४९ : ५८) । चित्रकलाले जस्तै सुन्दर, आकर्षक, प्रभावपूर्ण गम्भीर र अन्तर्निहित भावनाको चित्रण हुँदाहुँदै पनि शब्दचित्र अमूर्त भने हुँदैन । शब्दचित्रमा विशिष्ट शब्द्वारा वर्ण्य विषय, व्यक्ति, घटना एवम् दृश्यको यस्तो साकार रूप रेखाङ्कित गरिएको हुन्छ ताकि पाठकका सामुन्नेमा चित्रकलाझैँ भ्रम सिर्जना हुन सकोस् । यस्तो शब्दशिल्पी सिर्जनाकारले शब्दचित्रको सिर्जना कुशल ढङ्गबाट गर्दछ; जसरी एउटा चित्रकारले आफ्नो सानो कूचीको माध्यमबाट भावनाका असीम सौन्दर्यानूभूतिलाई विम्बात्मक रूपमा प्रस्तुत गर्दछ । शब्द चित्रमा छोटा छोटा वाक्यको प्रयोग, स्वाभाविक संवाद, सङ्क्षिप्त शैलीको चमत्कारीपूर्ण कलाद्वारा सजीव चित्र प्रस्तुत गरिएको हुन्छ । शब्दचित्रमा शब्दहरूले रेखाचित्रको काम गर्ने, सङ्केत एवम् व्यञ्जनाले रङ्गको काम गर्ने हुनाले वस्तुनिष्ठ आधार भूमिमा उजिल्याउनु पर्ने हुँदा चित्रात्मक शैलीको प्रयोग गरिएको हुन्छ । यथार्थमा आधारित भएकाले यसमा मनोगत कल्पनाको कुनै स्थान रहँदैन । यसमा सजीवता ल्याउन प्रचलित शब्द, प्रतिष्ठित व्यक्तिको महावाणी, उखान-टुक्का, स्थानीय भाषाका सरल शब्दका वाक्यहरूको प्रयोग आवश्यक देखिन्छ ।

शब्दचित्र स्केच जस्तो लागे पनि अङ्ग्रेजी साहित्यमा यसलाई 'थम्बनेल' भनिन्छ भने हिन्दी र नेपालीमा रेखाचित्र, शब्दचित्र, शब्दाङ्कन, चरित्र चित्रण, व्यक्तिचित्र जस्ता पर्यायवाची नामले चिनिएको पाइन्छ । नेपाली साहित्यमा यसलाई 'शब्दचित्र'कै नामले चिनिन्छ । शब्दचित्रमा लेखक शब्दबाट नै रेखाको निर्माण गर्दै व्यक्तिका विविध विशेषताको प्रस्तुति गर्न सफल रहेको

देखिन्छ ।

शब्दचित्र र संस्मरणलाई एक समान विधाका रूपमा अध्ययन गर्ने भ्रम सिर्जना नभएको होइन; यस्तो भ्रमको सिर्जना गर्ने तत्त्व यी दुवै विधामा रहेका समान विशेषता नै हुन् । संस्मरणमा अतीतको चित्रण हुन्छ भने शब्दचित्रमा वर्तमानको प्रस्तुति हुन्छ । संस्मरणमा लेखकका वैयक्तिक दृष्टिकोणलाई व्यक्त गरिएको हुन्छ तर रेखाचित्रमा यो परिस्थितिको गुञ्जायस रहँदैन । संस्मरणको सम्बन्ध देश, काल तथा पात्रसँग रहेको हुन्छ भने शब्दचित्रको सम्बन्ध पात्रमा मात्रै सीमित रहेको हुन्छ । संस्मरणमा विवरणात्मक शैलीको प्रयोग हुन्छ भने शब्दचित्रमा वर्णनात्मक शैलीमा विषयको चित्रात्मक प्रस्तुति गरिएको हुन्छ । यसका अतिरिक्त संस्मरणमा प्रायः विशिष्ट व्यक्तिका अतिरिक्त साधारण व्यक्ति पनि आउन सक्छ । संस्मरणमा परिवेशको चित्रण र जीवन भोगाइका अनुभूतिलाई मनोगत कल्पनाका आधारमा चित्रण गरिने हुनाले यो चित्रात्मकभन्दा कथात्मक जस्तो प्रतीत हुन्छ । शब्दचित्रमा मुक्तकको सुन्दर माधुर्य हुन्छ भने संस्मरणमा निबन्धको जस्तो रागात्मक रहेको हुन्छ ।

शब्दचित्रमा विषय वस्तुको बाह्य चित्रण सफलतापूर्वक गरिएको हुन्छ तर वस्तु तथा व्यक्तिका आन्तरिक पक्षलाई उद्घाटन गर्न भने त्यति सफल भएको देखिँदैन किनभने यसमा वस्तुगत र सीमित दृष्टिकोणको प्रयोग गरिएको हुन्छ । संस्मरणमा आत्मपरक शैलीको प्रयोग, कथात्मक प्रस्तुति, रागात्मक भाषा, कलात्मक शैलीको प्रयोग गरी आफू स्वयम्को वर्णन गरिने हुँदा यसमा आन्तरिक तथा बाह्य दुवै घटनाको चित्रण सहज ढङ्गबाट गर्न सकिन्छ । शब्दचित्र घटना र स्थान विशेषमा केन्द्रित भएकाले यसमा प्रायजसो सफल चित्रले वस्तुको बोध गराई हृदयस्पर्शी पारे जस्तै आकर्षक शब्द, पदावली र वाक्यको बनोटले चित्रको रेखा रेखाको काम गरेकाले विषयको आन्तरिक दृश्यको प्रस्तुति शब्द शब्दमा झल्कन्छ ।

शब्दचित्र र संस्मरण एक अर्काका निकट विधा भए पनि प्रस्तुतिका दृष्टिले जीवनी र विवरणसँग मिल्दोजुल्दो देखिन्छ । शब्दचित्र आकार प्रकारमा मूल्याङ्कनपरक संस्मरणको नजिक रहेको हुन्छ । शब्दचित्रमा नियात्राकै जस्तो चित्रात्मक भाषाशैलीको प्रयोग हुन्छ तर भावुकता, कल्पनाको आकाशमा स्वच्छन्द विचरण गर्ने र वैयक्तिक भावनाको प्रस्तुति गर्ने अवसर हुँदैन । संस्मरणको सापेक्षतामा प्रायः एकल पात्र चित्रण शब्दचित्रको धर्म रहेको पाइन्छ ।

### २.१.४.६. पत्र-साहित्य र संस्मरण

गद्यको नवीनतम विधा पत्र साहित्य हो । लेखकले प्रापकसँग एक सहज, सुमधुर सम्बन्ध स्थापना गर्न सुन्दर र सुरूचिपूर्ण शैलीमा लेखिएको पत्र नै साहित्यिक दृष्टिले महत्त्वपूर्ण

हुन्छ (उपाध्याय, २०४९ : २०९) । कुनै व्यक्तिद्वारा कसैलाई लेखिएको आत्मीयतापूर्ण, सुन्दर र कलात्मक अभिव्यक्ति भएको विधा पत्र साहित्य हो । जीवनमा भोगेका घटनालाई पत्रमा आबद्ध गर्दा साहित्यिक प्रयोजनको अनुभव गरिएको हुँदैन तर पत्र प्रापकले उक्त पत्रबाट पाउने भावनाको गहनता, विषय वस्तुको गम्भीरता, प्रस्तुतिगत ढाँचामा कलात्मकपन देखेर पत्रलाई प्रकाशनमा पुऱ्याउँछ । त्यही पत्र सार्वजनिक रूपमा पाठक सामु आएपछि लेखकीय वैशिष्ट्यको कारणले गर्दा पत्रले साहित्यक दर्जा हासिल गर्दछ ।

पत्र साहित्यलाई अङ्ग्रेजी साहित्यमा 'लेटर लिटरेचर' भनिन्छ। हिन्दी साहित्यमा यसलाई 'पत्र साहित्य' का रूपमा चिनिन्छ भने नेपाली साहित्यमा यसलाई 'चिट्ठी' तथा 'पत्र' को संज्ञा दिइएको छ। जे जसरी पत्र साहित्यलाई प्रचलनमा ल्याइए पनि भावनाको खुल्ला आकाशमा स्वच्छन्द विचरण गर्दै भाव विभोर अनुभूतिले रङ्गिएको कलापूर्ण पत्रलाई पत्र साहित्य भनिन्छ ।

पत्र लेखन जो कोहीले पनि गर्दछ। कसै न कसैलाई पत्र लेखन त्यतिबेला हुन्छ; जब व्यक्ति, स्थान, दूरीबाट टाढा रहेको हुन्छ र भन्नुपर्ने कुरा छुटेको हुन्छ । यदाकदा सामुन्ने बसेर मनका कुरा खोल्न नसक्ने अवस्था सिर्जना हुन्छ, भन्न मन नलाग्ने हुन्छ अथवा अवसरबाट बञ्चित हुनुपर्ने हुन्छ । यस्तै परिस्थितिमा पत्रको सहारा लिइन्छ। पत्रमा मनका कुरा सहज रूपमा पोख्न सकिन्छ। भावनाका अनुभूति रोचक र सुन्दर ढङ्गबाट आत्म सङ्कोच विना प्रस्तुत गर्न सकिन्छ; जसले गर्दा पत्रहरू प्रभावकारी बन्न पुग्छन् । वैयक्तिक कुरा, दैनिक जीवन चर्याका कुरा, भावनाका कुरा, आफन्तका कुरा, दर्शनका कुरा जस्ता जुनसुकै दृष्टिकोण प्रस्तुत गरेर लेखिएको भए पनि प्रत्येक पत्रको आ-आफ्नै महत्त्व र स्थान रहेको हुन्छ ।

पत्र लेखनको दायराले कहिलेकाहीँ वैयक्तिक विविधताका सीमालाई अतिक्रमण गरेर सामाजिक, राजनैतिक, सांस्कृतिक र साहित्यिक क्षेत्रलाई चर्चाको विषय बनाउने हुनाले यी क्षेत्रका बारेमा ऐतिहासिक जानकारी गराउँदछ। साहित्यिक मूल्यका यस्ता पत्रहरू लेख्दा लेखकले सचेततापूर्वक साहित्यकै सिर्जना गरेको हुँदैन तर सिर्जनामा सिद्धहस्त बनि सकेका कलमबाट पत्र लेखन कार्य हुँदा रागात्मक भाषाको प्रयोग भने साहित्यकारले गरेका हुन्छन् । यस्ता पत्रबाट साहित्यकारको रचना प्रक्रियाको जानकारी प्राप्त गर्न सकिन्छ (असद; १९८६ : २४) । कुनै पत्र सूचनात्मक हुँदाहुँदै पनि आफ्नो साहित्यिक कलात्मक प्रभावलाई बचाइ राख्न सफल हुन्छन् । पत्र लेखन प्रकाशनलाई दृष्टिकोणमा राखी लेखिँदैन । पत्र लेखनमा आत्म प्रकाशनको पारदर्शीता रहेको हुन्छ । अझ मायालुलाई सम्बोधन गरी लेखिएको चिट्ठीमा ज्यादा कलात्मकता हुनुका

साथै आत्मिक उद्गारहरूले भरिएको, आत्म प्रकाशनमा औपचारिक आवरणको पर्दा हटाइएको हुँदा यस्ता पत्रमा अनौपचारिक साहित्यिक स्वादको रसास्वादन गर्न पाइन्छ (प्रधान; २०४४ : ६४)। सहित्यिक अभीष्ट भएका पत्रमा अथवा पत्रात्मक शैलीमा लेखिएका कथा, नियात्रा, विवरण, निबन्ध जस्ता साहित्यिक विधामा कलात्मक सचेतता र कृत्रिम बनावटीपनका कारण पत्र साहित्यका अगाडि खुल्ला लाग्छन् किनभने यिनमा सहज साहित्यिक माधुर्य लोप भएको हुन्छ।

संस्मरण र पत्र साहित्य विधामा जीवन भोगाइकै अभिव्यक्ति गरिएको हुन्छ। संस्मरण जीवनमा भोगेका, देखेका र अनुभव गरेका घटनामाथि आश्रित रहेको हुन्छ भने पत्र साहित्य पनि जीवन भोगाइकै अभिव्यक्तिमा आश्रित रहन्छ। संस्मरण साहित्यमा संस्मरणकारले आत्मनिष्ठ तटस्थताका आधारमा लेख्नुका साथै भावना एवं संवेदनालाई मनोगत चित्रणले गर्दा रोचक तथा प्रभावकारी बनाएका हुन्छन्। साहित्यकारहरूले भौतिक तथा सहज अभिव्यक्तिका कारण पत्रबाट माधुर्यपूर्ण मिठास प्राप्त हुन्छ। संस्मरणमा युगको परिवेश र सन्दर्भ चित्रण गर्ने चित्रात्मक भाषाको प्रयोग गरिन्छ। प्रकाशनको अपेक्षा राख्ने हुनाले संस्मरणको भाषा रागात्मक हुन्छ र कलात्मक हुन्छ।

संस्मरण कसैको स्मृतिमा लेखिन्छ; जसले जीवनका रोचक, घटना, क्षण तथा व्यक्तिलाई सजीव रूपमा प्रस्तुत गरेको हुन्छ। पत्रमा प्रायः निजी भावना र विचार नजिकैको व्यक्तिसामु पोख्नका लागि लेखिन्छ। पत्र लेखनमा साहित्यिक सचेतता हुँदैन; जसको कारण पत्रको भाषामा लालित्यपन हुँदैन तथापि साहित्यकारले लेखेका पत्रमा बेजोड भाषाशैलीको प्रयोग गरिएको हुन्छ। संस्मरण विधा स्वभावैले लचिलो रहेकाले यसमा प्रयोग गरिएको भाषा लालित्य र रागात्मक नै रहेको हुन्छ। पत्रात्मक शैलीमा संस्मरण लेख्न सकिन्छ; त्यसै गरी संस्मरणात्मक शैलीमा पनि पत्र लेख्न सकिन्छ। संस्मरण सङ्गठित रूपमा स्मरण शक्तिका आधारमा घटनाहरूको प्रस्तुति गरिएको जीवनकै इतिवृत्तान्त हो। संस्मरणको धर्म, सङ्गठित एवम् तटस्थ हुनु हो भने पत्र साहित्यमा विविध सन्दर्भ र विचारको सहज प्रस्तुति हुन्छ। संस्मरणभन्दा पत्र सङ्क्षिप्त र छरितो हुन्छ। अनुभूत भावनाको स्वतन्त्र अभिव्यक्ति पत्रको वैशिष्ट्य हो भने विगत घटनाको सम्झनालाई रोमाञ्चकारी एवम् भावात्मक ढङ्गबाट अभिव्यक्त गर्नु संस्मरणको वैशिष्ट्य हो। रूपाकृतिका दृष्टिले पत्र साहित्य विवरण र संस्मरणका बिचमा रहेको हुन्छ।

### २.१.४.७. विवरण र संस्मरण

गद्य विधाका रूपमा स्थापित हुन लागेको विधा विवरण साहित्य हो । समाजमा घटेका वास्तविक घटनालाई आफ्नो आँखाले प्रत्यक्ष रूपमा देखेको, अनुभव गरेको र भोगेको वर्ण्य विषयलाई आफ्नो अनुभूति, दृष्टिकोण, कला, कल्पना तथा प्रतिभाका आधारमा मनोरम एवम् चित्रात्मक रूपमा प्रस्तुत गरिने घटनाको प्रस्तुति नै विवरण साहित्य हो । लेखक स्वयम्ले आफ्नो आँखाले देखे भोगेका तथा अनुभव गरेका वास्तविक घटनालाई सहज, स्पन्दन र कलात्मक रमणीय रिपोर्ट विवरण भएकाले यसमा लेखकले प्रामाणिक तथ्यका साथै आफ्नो दृष्टिकोण, प्रतिक्रियालाई समेत समायोजन गरेको हुन्छ । विवरण साहित्यमा विश्वमा घटेका घटनाप्रति संवेदनात्मक टिप्पणी गरी घटनाको वास्तविक जानकारी कलात्मक ढङ्गबाट दिने प्रयास गरे तापनि त्यसको समाधान दिइएको हुँदैन (असद, १९८६ : १४) । पत्रकारिताबाट जन्मिएको विवरण साहित्यको सम्बन्ध पत्रिकासँग घनिष्ट रहेको भए पनि विवरण देश, कालभन्दा माथि उठेर मानव मनको प्रस्तुति कलात्मक साजसज्जाका रूपमा प्रस्तुत गर्ने हुनाले विवरणले साहित्यको रूप धारण गर्दछ ।

फ्रेन्च र अङग्रेजी साहित्यबाट जन्मन पुगेको यस विधालाई अङ्ग्रेजीमा 'रिपोर्ट' भनिन्छ भने फ्रेन्चमा 'रिपोर्ताज' भनिन्छ । हिन्दीमा 'रिपोर्ताज' नै भनिन्छ भने नेपालीमा यसलाई 'विवरण', 'रिपोर्ताज', 'घटना लेखन' जस्ता पर्यायवाची नाम दिएको पाइन्छ तापनि नेपाली साहित्यमा 'विवरण' नै प्रचलित रहेको छ । यो दोस्रो विश्वयुद्ध पश्चात् मानव संवेदना, भावमय घटना तथा युद्धका दर्दनाक घटनालाई पत्रकारहरूले संवेदनात्मक कला र रमरम आख्यानका साथ प्रस्तुत गर्न थालेपछि पत्रकारिताको पञ्जाबाट अलग्गिएर साहित्यका क्षेत्रमा स्थापित हुन पुगेको गद्य विधा हो ।

विवरण साहित्यको महत्त्व इतिहाससँग जोडिएकाले यसमा आफ्नो युगको जीवन, इतिहास, सामाजिक, राजनैतिक, आर्थिक तथा अन्य विविध आयामको प्रस्तुति लेखकीय संवेदना, कला र रमरम आख्यान-सूत्रमा बाँधिन पाएपछि विवरणले साहित्यको स्वरूप धारण गर्छ । यसमा वास्तविक घटना समस्यासँगै युग चेतना, युगीन सङ्घर्ष, मानवीय कटु यथार्थ र सम सामयिक परिवेशलाई समेत कलात्मक ढङ्गबाट प्रस्तुत गरिएको हुन्छ । विवरण साहित्यमा लेखकको सूक्ष्म विश्लेषणात्मक दृष्टिकोण र घटनाको प्रत्यक्ष अवलोकन गर्ने तत्परता हुनु पर्दछ । प्रत्यक्ष रूपमा अवलोकन गरिने हुनाले यसमा प्रामाणिकता अधिक रहन्छ । यसमा लेखकले नायकको असामान्य वीरता, साहस, सङ्कल्प, बलिदान, सङ्कट तथा अवशानका कथालाई मार्मिक तथा मर्मस्पर्शी

भाषाका माध्यमबाट प्रस्तुत गर्दछ ।

संस्मरणमा आख्यानको रमरम प्रयोग, तटस्थता, कलात्मक प्रस्तुति, रागात्मक भाषा, चित्रात्मक रिपोर्ट भए तापनि यसको वर्ण्य विषय जीवन भोगाइ तथा मानवका आत्मीय स्मृतिमा आश्रित रहेको हुन्छ भने विवरणको वर्ण्य विषय प्रायः घटनासँग सम्बन्धित रहेको हुन्छ । यसमा लेखक प्रत्यक्ष अवलोकन कर्ता मात्र हुने हुँदा आन्तरिक हृदयका हार्दिक उच्छलन संस्मरणको तुलनामा नगण्य नै मानिन्छ । संस्मरण आत्मपरक शैलीमा लेखिएको हुन्छ भने विवरण वस्तुपरक शैलीमा लेखिएको हुन्छ । जीवन भोगाइ र युगको चित्रण भए पनि संस्मरणको आधार सङ्क्षिप्त हुन्छ भने विवरणको आयाम, घटनाको विषय र प्रकृति अनुसारको हुन्छ । विवरणको विषय जीवनी र पत्रसँग सामीप्य राख्ने भए तापनि प्रस्तुति शैली रेखाचित्र र नियात्रासँग मिल्दोजुल्दो हुन्छ । संस्मरणको विषयले आत्मकथासँग र शब्दचित्रसँग समानता राखे तापनि प्रस्तुतिगत ढाँचा निजात्मक रहेको हुन्छ । वर्तमानका घटनालाई विशेष प्राथमिकताका साथ प्रस्तुत गर्ने विवरण साहित्यमा पत्र साहित्यको जस्तै विचार र विश्लेषणको प्रस्तुति पाइन्छ भने संस्मरण विगतका घटनाको स्मृतिमा आधारित हुनाले श्रद्धाञ्जलिमूलक, मूल्याङ्कनपरक र आत्म विश्लेषणमूलक हुन्छ ।

### २.१.४.८. अन्तर्वार्ता र संस्मरण

समाजका प्रतिष्ठित व्यक्तिसँग भएका आत्मीय कुराकानी, लेखकीय निजात्मक अनुभूति तथा प्रतिक्रिया सहितको आलेखनलाई अन्तर्वार्ता भनिन्छ। सामान्यतः अन्तर्वार्ता साहित्य भन्नाले साहित्य, कला, राजनीति, धर्म, समाज सेवा आदि विविध क्षेत्रका विशिष्ट प्रतिभा वा व्यक्तिसँग साक्षात्कार गरी तिनीहरूसित गरिएको अन्तरङ्ग वार्तालापको प्रस्तुतिलाई अन्तर्वार्ता भनिन्छ (उपाध्याय; २०४९ : २०९) । प्रायः प्रत्येक नवीन विधाले आफ्नो आगमनको घोषणा पत्र पत्रिकाका माध्यमबाट नै गर्ने हुँदा अन्तर्वार्ता पनि पत्रिकाकै माध्यमबाट साहित्यका फाँटमा उदाएको गद्य विधा हो। साहित्यिक अन्तर्वार्ताले मात्र आफ्नो रूढ अर्थ छाडेर साहित्यमा आउने अवसर प्राप्त गरेको हुन्छ। भेटवार्तामा भेटवार्ता लिने र दिने दुवै व्यक्तिको समान महत्त्व रहेको हुन्छ ।

सामाजिक रूपमा प्रतिष्ठावान् व्यक्तित्वका विचार एवम् जिन्दगीका विविध भोगाइ पाठकका सामुन्ने उद्घाटन गर्ने यस विधालाई अङग्रेजी साहित्यमा 'इन्टरभ्यू' भनिन्छ। हिन्दी साहित्यमा 'इन्टरभ्यू' 'साक्षात्कार', 'भेटवार्ता', 'अन्तरङ्ग भेट', 'बाचचित', 'मेल मिलाप' जस्ता पर्यायवाची शब्दले चिनाइएको पाइन्छ। यसलाई नेपाली साहित्यमा पनि 'भेटवार्ता', 'वार्तालाप',

'कुराकानी' जस्ता पर्यायवाची नामले सम्बोधन गरेको पाइन्छ ।

अन्तर्वार्ता मूलतः प्रकाशनकै निमित्त लिपिबद्ध गरिएको हुन्छ । आधुनिक युगमा यसको माध्यम सुगम भएको छ । रेडियो, टेलिभिजनले पाठकका सामुन्नेमा प्रतिष्ठित व्यक्तिलाई साक्षात्कार गराउँदछ । तर लिपिबद्ध गरी प्रकाशित गरिएको अन्तर्वार्तामा भाव गाम्भीर्य रहेको हुन्छ । यसमा दुवै पक्षले साजसज्जा गर्ने स्वतन्त्र अवसर प्राप्त गरेका हुन्छन् । यस्ता भेटवार्तालाई सङ्कलन गरिन्छ, जुन भविष्यका लागि यी महत्त्वपूर्ण अभिलेख मानिन्छन् । यिनै भेटवार्ता कालान्तरमा गएर साहित्यिक निधिका रूपमा देखा पर्दछन् ।

अन्तर्वार्ताको विषय समाजका विविध पक्ष हुन सक्छन् तर साहित्यका सन्दर्भमा सङ्गीत कला, भाषा, साहित्य तथा संस्कृति र फिल्ममध्ये कुनै एक हुन सक्छ । अन्तर्वार्ताका लागि व्यक्ति समाजमा प्रतिष्ठित हुनुपर्छ; साथै विषय वस्तु पनि सार गर्भित हुनु पर्दछ । अन्तर्वाताका क्रममा एकै विषयमा भिन्न भिन्न विचार आउन सक्छन् । साहित्यिक अन्तर्वार्तामा साहित्यकारले आफ्ना विचार, मान्यता र धारणा एवम् मानसिक तथा सामाजिक गतिविधिलाई खुलस्त रूपमा प्रस्ट पारेको हुन्छ । यसमा व्यक्ति र विषय दुवै महत्त्वपूर्ण रहेको हुन्छ । भेटवार्ता टेलि भिजन, फोन र प्रत्यक्ष रूपमा गर्न सकिन्छ तापनि प्रत्यक्ष भेटघाट नै महत्त्वपूर्ण हुन्छ । भेटवार्तामा अनौपचारिक र आत्मीय वातावरण हुनु नै यसको स्वाभाविकता हो ।

अन्तर्वार्तामा विशेष गरी प्रश्नोत्तरात्मक र विवरणात्मक शैलीको प्रयोग गरिएको हुन्छ । संस्मरणमा जस्तै रागात्मक भाषा, चित्रोपम शैलीको प्रयोग अन्तर्वार्तामा हुँदैन । अन्तर्वार्ता लिनुको प्रमुख औचित्य नै प्रतिष्ठित व्यक्तिको व्यक्तित्वलाई प्रकाशनमा ल्याइ सार्वजनिक गराउनु हो । तर, अन्तर्वार्ताको तुलनामा संस्मरण लेखनमा प्रकाशनको तीव्रता हुँदैन । अन्तर्वार्तामा व्यक्त गरिएका कतिपय घटना जीवन भोगाइका कुरा, स्मरण शक्तिकै रूपमा प्रस्तुत गरिएको हुन्छ । अतः संस्मरणबाट पूर्णतः अलग रहन अन्तर्वार्ता सक्षम हुँदैन । पाठकका दृष्टिबाट हेर्दा अन्तर्वार्ता जीवनीसँग नजिक हुन्छ भने नायकका दृष्टिले हेर्दा आत्मकथाको नजिक रहेको हुन्छ । यो व्यक्तिको व्यक्तित्व सजीव रूपले चित्रण गर्ने सन्दर्भमा रेखाचित्रको नजिक रहेको हुन्छ । यसरी संस्मरण र अन्तर्वार्ता एक अर्काका पूरक विधा हुन् ।

## २.२. 'जिन्दगीका टिपोटहरू' कृति विश्लेषणका आधारहरू

कृष्णचन्द्र सिंह प्रधानको **जिन्दगीका टिपोटहरू** संस्मरण विभिन्न विषय र पृष्ठभूमिमा आधारित रहेको रचना हो । यस कृतिमा जीवन जगतका विविध क्षेत्रहरूलाई समेटी विषय वस्तुको रूपमा प्रस्तुत गरिएको छ । यसमा प्रधानको जीवनमा घटेका विविध घटना तथा उनले

जीवन भोगाइका क्रममा सँगालेका अनुभवहरूलाई सुन्दर रूपले वर्णन गरिएको छ ।

कृष्णचन्द्र सिंह प्रधानको पुस्तकको आकारमा प्रकाशित दोस्रो संस्मरणात्मक कृति **जिन्दगीका टिपोटहरू** हो । यो सांस्कृतिक, सामाजिक, राजनैतिक, नियात्रा, प्रेम, मनोविज्ञान, शैक्षिक यथार्थ, जीवन दर्शनको अनुभूतिलाई सुन्दर रूपमा चित्रण गरिएको कृति हो । यस कृतिमा प्रयोग भएका विषय, परिवेश, विभिन्न घटना क्रम, क्रियाकलाप प्रतिबिम्बित गर्न सक्ने भाषिक शिल्प नै यस कृतिको विशेषता हो । यसमा सरल र कलात्मक भाषाशैलीमा आफ्नो जीवन भोगाइका मार्मिक क्षण, स्मरणीय घटना एवं अनुभूतिलाई प्रस्तुत गर्दै जीवनका गम्भीर पक्षको उद्घाटन गरिएको छ ।

यसरी **जिन्दगीका टिपोटहरू** कृतिले नेपाली साहित्यको फाँटमा नवीन गद्य साहित्यका रूपमा परिचय दिएको छ । विश्व साहित्यबाट विकसित हुँदै नेपाली साहित्यमा आएका आख्यानेतर गद्य साहित्यका उपविधाहरूमा मूलतः जीवनी, आत्मकथा, संस्मरण, नियात्रा, दैनिकी शब्दचित्र, विवरण र पत्र साहित्य रहेका छन् । यसरी यी आख्यानेतर गद्य विधाका साझा विशेषताहरूलाई पनि समेट्दै र बिस्तारै स्वतन्त्र बन्दै गएको संस्मरणलाई अध्ययन विश्लेषण गर्नका लागि गद्यमयता, आख्यानात्मकता, विकासशीलता र निबन्धात्मकता जस्ता पक्षहरूलाई आधार बनाउन सकिन्छ । प्रस्तुत शोधमा यिनै पक्षहरूलाई सैद्धान्तिक आधार बनाइ **जिन्दगीका टिपोटहरू** नामक संस्मरणात्मक कृतिको कृतिपरक विश्लेषण गरिएको छ ।

## २.३. निष्कर्ष

वाङ्मयका विविध क्षेत्रहरूमध्ये साहित्य एक महत्त्वपूर्ण क्षेत्र हो । जीवन जगतका अनुभूतिहरूलाई सुन्दर, कलात्मक, रागात्मक र बिम्बात्मक भाषामा प्रस्तुत गर्ने वाङ्मयको विशाल फाँट साहित्य भएकाले यसको विशेष महत्त्व रहेको हुन्छ । मानव सभ्यताको विकाससँगसँगै प्रारम्भ भएको साहित्यमा समयको परिवर्तनसँगै थुप्रै परिवर्तन र विकासका शृङ्खलाहरू चलि रहन्छन् । यसै क्रममा साहित्यमा विभिन्न भेदहरू जन्मिएका छन् । ती भेदहरूमध्ये निबन्धात्मक गद्य विधाका रूपमा संस्मरणको महत्त्वपूर्ण भूमिका रहेको छ । यसलाई कतिपय सन्दर्भमा निबन्धकै एउटा हाँगा वा रूप मान्ने गरिएको पाइन्छ तापनि समयको विकाससँगै यसले आफूलाई स्वतन्त्र र स्वायत्त विधाका रूपमा स्थापित गर्ने प्रयत्न गरेको छ । जीवनी, आत्मकथा, संस्मरण, अन्तर्वार्ता शब्दचित्र, पत्र-साहित्य, दैनिकी, विवरण र नियात्रा आदि विधामा पाइने साझा स्वरूपका कारण यिनीहरूलाई एउटै मूलनाम आख्यानेतर विधाभित्र

समेटिएको पाइन्छ। साहित्यका फाँटमा विकासशील अवस्थामा रहेका यी विभिन्न उपविधाहरूका बिचमा उल्लिखित साझा तत्त्वका अतिरिक्त अन्य सैद्धान्तिक तत्त्वगत समान विशेषता पनि रहेको पाइन्छ। ऐतिहासिक दृष्टिले अत्यन्त महत्त्व राख्ने आख्यानेतर विधाका विभिन्न उपविधाको विकासले नेपाली साहित्यको गद्य फाँट मौलाउँदै आएको छ भने समग्र साहित्यको उन्नतिमा महत्त्वपूर्ण योगदान पुगेको देखिन्छ।

संस्मरण अतीतका घटनामा आधारित गद्य-साहित्यिक विधा हो। संस्मरण साहित्यको गुण अन्य गद्य विधासँग मिल्ने हुनाले लचकदार हुन्छ। यथार्थपरक तथ्यमा आधारित हुने भएकाले यसमा अतिशय कल्पनाको कुनै स्थान रहँदैन। यसमा वैयक्तिकताको प्रबलता रहन्छ। यसमा जीवनका सम्पूर्ण घटनाको चित्रण नगरी कुनै विशेष घटना मात्र चित्रण गरिन्छ। यसमा सत्यताका साथै कथात्मकता रहेको हुन्छ। यसमा रमरम आख्यान सूत्रको प्रयोग हुन्छ। यसमा घटना विशेषको वर्णन कलात्मक एवम् लालित्यपूर्ण पद्धतिबाट प्रस्तुत गरिन्छ। संस्मरणको रचना र रचनाकारले आफ्नो अनुभूतिमूलक जगतभित्र स्मृतिलाई आधार बनाई सौन्दर्यपरक दृष्टिबाट रचना गर्दछ। स्रष्टाले मूल रूपमा विषयप्रति आन्तरिक अन्वितिको खोजी गर्दै विषयको छनोट गर्दछ। संस्मरणमा अविस्मरणीय तथा उल्लेखनीय घटनाको चित्रण हुन्छ। संस्मरणमा कथात्मक सजीवता र रोचकताका अतिरिक्त निबन्धमा जस्तै विचार पनि आएको हुन्छ। संस्मरणमा विषय र विषयी दुवै रूपायित हुने भएकोले स्रष्टा पूर्णतः तटस्थ हुन सक्दैन। संस्मरणको प्रस्तुतिगत शैली आत्म कथात्मक, निबन्धात्मक र पत्रात्मक रहेको हुन्छ। संस्मरण लेखनमा प्रथमतः स्रष्टा स्वयम्ले कुनै व्यक्तिको बारेमा आफ्नो विचार व्यक्त गर्दछ भने दोस्रोमा लेखक स्वयम् आफ्नो बारेमा कलम चलाउँछ। संस्मरणको वर्गीकरण विविध किसिमले गरिन्छ। अतः संस्मरण आत्म कथात्मक, यात्रा विवरणात्मक, जीवनी-गठित, पत्रात्मक, डायरी लेखन, श्रद्धाञ्जलिमूलक र मूल्याङ्कनपरक हुन्छ। यसै सैद्धान्तिक मान्यताका सेरोफेरोमा रहेर संस्मरण साहित्यको अध्ययन गर्न सकिन्छ र कृष्णचन्द्र सिंह प्रधानको 'जिन्दगीका टिपोटहरू' नामक संस्मरणात्मक कृतिको अध्ययन विश्लेषणको आधार पनि यही नै बनेको छ।

## तेस्रो अध्याय

# संस्मरणकार कृष्णचन्द्र सिंह प्रधानको परिचय

यस अध्यायमा संस्मरणकार कृष्णचन्द्र सिंह प्रधानको जन्म बाल्यकाल, शिक्षादीक्षा, विवाह, पारिवारिक स्थिति, साहित्यिक योगदान र सम्मान, भ्रमण लगायतका जीवनीसँग सम्बन्धित विषयहरूलाई प्रस्तुत गरिएको छ । मूलतः संस्मरण साहित्य संस्मरणकारको जीवनीकै चित्रण भएकाले यहाँ कृति विश्लेषणको पृष्ठभूमिका रूपमा कृष्णचन्द्र सिंह प्रधानको जीवनीसँग सम्बन्धित तथ्यहरूलाई परिचयात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### ३.१. जन्म

कृष्णचन्द्र सिंह प्रधानको जन्म वि.सं. १९८२ साल साउन महिनामा नाग पञ्चमीका दिन काठमाडौँको तुच्छे गल्लीमा भएको हो । उनी पिता सूर्य प्रसाद प्रधान र माता सूर्यमाया प्रधानका साहिँला छोरा हुन् । उनका पाँच दाजुभाइ र तीन दिदी बहिनीमा हाल एक दिदी, एक बहिनी मात्र जीवित छन् । उनको पुर्ख्यौली घर काठमाण्डौंको ढाका टोल हो (प्रधान, २०५९ : १३) ।

### ३.२. बाल्यकाल

कृष्णचन्द्र सिंह प्रधानको पारिवारिक आर्थिक अवस्था सम्पन्न नै थियो । पिता सूर्य प्रसाद प्रधानको अत्यन्त मिठो खानुपर्ने, निकै राम्रा कपडा लगाउनु पर्ने, मोजमज्जाका लागि जुवा खेल्नु पर्ने तथा बुढ्यौली लाग्दा पनि अधबैंसे पराई महिलासँग रल्लिने बानीका कारण विस्तारै विस्तारै आर्थिक अवस्था कमजोर भएको देखिन्छ । त्यही कारण कृष्णचन्द्र सिंह प्रधानले आफ्नो अध्ययनलाई बिचैमा छोड्नु परेको थियो । कृष्णचन्द्र सिंह प्रधानका पिता बाह्रमासे जुवाडे नभए पनि राणाहरूद्वारा बेलाबेलामा फुकाइने जुवा भने दिनरात खेल्दथे । त्यसैले उनले घरवार सहित सारा सम्पत्ति उडाएका थिए । साथै पराई महिलाहरूसँगको उठाबसले गर्दा उनी सम्पत्तिमा झन् झन् कमजोर बन्दै गएको देखिन्छ (प्रधान; २०५९ : १६) ।

यसरी कृष्णचन्द्र सिंह प्रधान सम्पन्न परिवारमा जन्मेर पनि बाल्य अवस्थादेखि नै विपन्नताको जालोमा जेलिएका देखिन्छन् । प्रधान दुई वर्षको उमेरमा परिवारसँग मधेश गएका थिए । प्रारम्भमा सुगौलीमा बसे तापनि पाँच वर्षको उमेरमा वीरगञ्जको श्रीपुर गएका र त्यहीँ उनको बाल्यकाल र किशोरावस्था बितेको देखिन्छ (प्रधान, २०५९ : १९) ।

## ३.३. शिक्षा

दुई वर्षको उमेरमा रानीगञ्जमा पुगेका कृष्णचन्द्र सिंह प्रधान पाँच वर्षको उमेरमा वीरगञ्ज जुद्धोदय माध्यमिक विद्यालयको कक्षा १ मा भर्ना भए । पाँच कक्षासम्म औपचारिक शिक्षा लिएका प्रधानले आफ्नो आर्थिक विपन्नताको कारण मासिक शुल्क तिर्न नसकी पढाइ छोड्नु परेको थियो (प्रधान, २०५९ : २१) । भारतमा गान्धीले चलाएको आन्दोलनको प्रभाव आफूमाथि पर्नाले र त्यस वेलाको वीरगञ्जको शिक्षा व्यावसायिक पेसाका रूपमा सञ्चालन नभएकाले पनि उनले आफ्नो विद्यालयीय अध्ययन छोडी स्वाध्ययन गर्नु परेको थियो ।

विद्यालय छुटेपछि प्रधानले घरको कामकाजमा आमालाई सघाउन थाले । यसका साथै सन्तानमा उनी सोझा भएकाले उनले घरको सबै काम गर्नु पर्थ्यो र बाबुलाई तमाखु भरेर पनि दिनुपर्थ्यो । घरको कामबाट फुर्सद भएपछि उनी त्यहाँका बडा हाकिमका छोराहरूसँग भकुन्डो खेल्न जान्थे । प्रधान सानैदेखि गम्भीर स्वभावका भएकाले पढाइ छाडेको पीरमा एक्लै घोत्लिँदै बस्ने, कविता लेख्ने, चित्र कोर्ने र दाजु हृदय चन्द्र सिंह प्रधानलाई चिठी तयार गर्ने गर्दथे (प्रधान; २०५९ : २३) । जागिर खान एघार पासको जाँच दिएर पास भएका र हिमालय पुस्तक भण्डारको बिक्रेता भएकाले त्यस क्रममा उनले साहित्यिक कृतिहरूको अध्ययन गर्ने अवसर प्राप्त गरेका थिए (प्रधान; २०५९ : २७) । यसपछि उनले प्रशस्त स्वाध्ययन गरेर आफ्नो बौद्धिक स्तरलाई निकै उचाइमा पुऱ्याएका थिए । तमाखु भरेर बस्नु पर्दा पीर लागेको कुरालाई अभिव्यक्त गर्दै उनले वि.सं. १९९६ सालमा चौध वर्षको उमेरमा सर्वप्रथम 'हाय तमाखु ! हाय तमाखु !' शीर्षकको कविता लेखेर आफ्नो साहित्यिक लेखन यात्राको प्रारम्भ गरेका हुन् ।

## ३.४. विवाह र सन्तान

कृष्णचन्द्र सिंह प्रधानको विवाह पाटन निवासी सुलभा प्रधानसँग वि.सं.२००५ सालमा भएको थियो (प्रधान; २०६३ : ३६) । उनका दुई छोरी र एक छोरा छन्- सुलेखा कायस्थ, लजमिना जोशी र पुस्तुन प्रधान । जेठी छोरी गृहिणी छन् भने अर्की छोरी त्रिभुवन विश्व विद्यालय वनस्पति विभागमा बोटनिष्टका रूपमा काम गरेर सेवा निवृत्त भइ सकेकी छन् । प्रधानका एक मात्र छोरा त्रिभुवन विश्व विद्यालय अन्तर्गत सेडामा सह-प्राध्यापकको रूपमा कार्यरत रहेका छन् ।

## ३.५. पेसा

कृष्णचन्द्र सिंहले वि.सं. २००२ सालदेखि प्राथमिक स्कुलमा अध्यापन गर्ने कार्य गरेका थिए। तिनै प्राथमिक स्कुलहरू मिलाएर वि.सं. २००३ सालमा स्थापित शान्ति निकुञ्ज विद्यालयको शिक्षण कार्यमा सुरूदेखि संलग्न भएर उनले विद्यालयको शैक्षिक एवम् व्यवस्थापकीय सुधारमा आफूलाई समर्पित गरेका थिए (प्रधान; २०५९ : ४५)। उनले गान्धीवादी तुलसी मेहरको आग्रहमा भारतको मध्य प्रदेशस्थित महिला आश्रम बर्धामा अध्यापन (२००६-२००७) गरी आफ्नो क्षमतालाई बढाउने काम गरेका थिए। उनले कन्या मन्दिर विद्यालयका शिक्षक तथा सचिव (२००८-२०२६) भई कार्य सम्पन्न गरेका थिए भने महेन्द्र रत्न पब्लिक कलेजका संस्थापक र प्राध्यापन (२०१८-२०३०) मा पनि उनको सहभागिता भएको थियो ( प्रधान; २०५९ : ७०)। त्यस्तै गरी उनले वि.सं. २०३१ सालमा साझा प्रकाशनको महा प्रबन्धक पदमा मनोनित भई चौध वर्ष (२०३१ देखि २०४५) सम्म सो पदमा रही साझा प्रकाशनको स्तर वृद्धिमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै साझा प्रकाशनलाई अझ प्रभावकारी रूपमा स्थापित गराइ आफूलाई एक कुशल व्यवस्थापकको रूपमा चिनाउन सफल भएका छन्।

## ३.६. कारावास

राजनैतिक गतिविधिमा संलग्न भइ सकिय समेत रहेका कृष्णचन्द्र सिंह प्रधानले आफ्नो जीवन कालमा सुरक्षा कानुन अन्तर्गत वि.सं. २००५ र २०१० सालमा गरी जम्मा दुईपल्ट ६/६ महिना जेल जीवन बिताएका थिए (प्रधान, २०५९ : ४५)।

## ३.७. संस्थापक

कृष्णचन्द्र सिंह प्रधानले आफ्नो अगुवाइमा विभिन्न संस्थाहरूको स्थापना गरी संस्थापक सदस्यको रूपमा आफूलाई उपस्थित गराए। उनी संस्थापक भएका संस्थाहरू सन्देश गृह (२००३), विद्या मन्दिर पुस्तकालय (२००३), प्रगतिशील लेख सङ्घ (२००९), अखिल नेपाल शान्ति समिति ( २०१०), महेन्द्र रत्न पब्लिक कलेज (२०१८), नेपाली साहित्य संस्थान (२०१९), काठमाडौं क्याम्पस (२०३७), साहित्यकार संसद् (२०४७), अस्वीकृत विचार साहित्य पुरस्कार गुठी (२०५५ संस्थापक तथा अध्यक्ष) रही संस्थापक सदस्यमा पनि आफ्नो भूमिकालाई महत्त्वपूर्ण बनाएका थिए। यी कार्यहरूले उनको शैक्षिक व्यक्तित्वलाई माथि उठाउनका लागि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ( गरिमा; २०६७ : ३९)।

## ३.८. प्राज्ञ

कृष्णचन्द्र सिंह प्राज्ञका रूपमा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (हाल नेपाल प्रज्ञा प्रतिष्ठान) को सह सदस्य (२०२६ देखि २०३० सम्म) र सदस्य (२०४७ देखि २०५० सम्म) तथा २०५२ फागुनदेखि आजीवन सदस्य, पार्सद : नेपाल भाषा एकेडेमी २०६३ मा रही आफ्नो प्राज्ञिक क्षमतालाई प्रष्फुटन गर्ने मौका पाएका थिए ।

## ३.९. साहित्यिक सिर्जनामा सक्रियता

कृष्णचन्द्र सिंह प्रधान औपचारिक पढाइ छाडी घरमै बस्दा एकान्त प्रेमी बन्दै गएका र धेरैजसो समय कोठामै बसेर बिताउनु परेका कारण उनी पूर्ण बेरोजगार जस्ता भएका थिए । त्यतिबेला कोठामा बसेर चित्रहरू कोर्ने; दाजुले ल्याएका पत्र पत्रिकाहरू पढ्ने उनको दैनिकी नै बनेको थियो । यही परिवेश उनको सिर्जना र साहित्यिक चेतना निर्माणको लागि महत्त्वपूर्ण साबित भइदिन्छ । यही एकान्त बासबाट उनले साहित्य लेखन प्रारम्भ गरेका थिए (प्रधान, २०५९ : २३) । त्यस समयमा उनका दाजु हृदय चन्द्र सिंह प्रधान काठमाडौँमा बस्दथे । त्यस कारण प्रधानका दाजुभाइबिच चिठी आदान प्रदान भइ रहन्थ्यो । यही चिठी आदान प्रदान गर्ने क्तममा हृदय चन्द्र सिंह प्रधानले भाइका पत्रमा भएका भाषिक गल्ती कमजोरी पनि सच्याइ दिने गरे । यसरी उनको भाषा परिष्कार र परिमार्जनतर्फ उन्मुख हुँदै गयो ।

हृदय चन्द्र सिंह प्रधान 'शारदा', 'उद्योग' आदि पत्रिका लिएर वीरगञ्ज जाँदा ती पत्रिकामा आफ्ना दाजुको नाम छापिएको देखेर कृष्णचन्द्र सिंह प्रधानलाई पनि आफ्नो नाम छपाउने रहर जाग्यो । यही उत्सुकताले नै उनी चौध वर्षको उमेरमा दाजुको प्रेरणा र प्रभावमा साहित्य सृजना र छपाइमा लागे । उनको प्रथम प्रकाशित रचनाको रूपमा मधुपर्क २०५२ को भदौं अङ्कमा 'म खालि आफ्नो सृजना हुँ' मा 'हाय तमाखु ! हाय तमाखु' भएको कुरा प्रधान स्वयम्ले उल्लेख गरेका छन् । उनको प्रथम कविताका रूपमा 'भञ्याङनिरै' (वि.सं. २००८) प्रकाशित भयो । समालोचनात्मक कृतिको रूपमा 'कवि व्यथित र काव्यसाधना' (२०१५) उनको पहिलो प्रकाशित कृति हो र त्यसै कृतिले प्रधानलाई नेपाली साहित्यको उत्कृष्ट मदन पुरस्कार समेत दिलाउन सफल भयो (भाउपन्थी, २०६७ : ७) । त्यस्तै 'नेपाली उपन्यास र उपन्यासकार' (२०३७), 'सिर्जनाको सेरोफेरो' (२०४०), 'कृति अवलोकन' (२०५९) उनका थप समालोचनात्मक कृतिहरू हुन् । निबन्धका क्षेत्रमा 'सालिक' (२०२६), 'अनाम सत्य' (२०४६), 'पाइला : आगतमा टेकेर' (२०४७), 'बागमतीको हरक' (२०५७), 'समय सुनामी (२०६३) उनका महत्त्वपूर्ण

निबन्धात्मक कृतिहरू हुन् । संस्मरणात्मक कृतिका रूपमा उनका दुई कृतिहरू- 'नफर्कने ती दिनहरू' (२०५९) र 'जिन्दगीका टिपोटहरू' (२०६३) प्रकाशित भएका छन् । नेपाल भाषामा 'भिगु साहित्यय् बाखं' (ने.सं. १०९७) र 'पला : चिं लिना' (ने.सं.१११६) प्रकाशित छन् । ग्रन्थ सम्पादनमा 'साझा समालोचना' (२०२५), 'कावागुचीको नेपाल बसाइ' (२०४६), 'अ रिप्रिजेन्टिभ कलेक्सन अफ नेपाल भाषा पोइम्स' (२०५४) आदि प्रकाशित छन् । त्यस्तै पत्र पत्रिका सम्पादनमा 'आँखा मासिक' (२००४), 'पासा' (नेपाल भाषाको प्रथम दैनिक (२०१३), 'जन साहित्य द्वैमासिक' (२०१४), 'हिमानी द्वैमासिक' (२०२१), 'गरिमा मासिक' (२०३९), 'समकालीन साहित्य', त्रैमासिक (२०४७) रहेका छन् (प्रधान, २०६७ : ४०) ।

## ३.१०. सामाजिक सक्रियता

पशुपतिमा शिवरात्रिका दर्शनार्थीहरूको सेवाका लागि गठित सेवा समितिमा स्वयम् सेवक भई सामाजिक क्षेत्रमा प्रवेश गरेका कृष्णचन्द्र सिंहले पछि विभिन्न साहित्यिक संस्था, कलेज र सामाजिक सङ्घ सङ्गठनहरूमा संलग्न भइ आफ्नो सामाजिक भूमिका र कर्तव्यलाई अगाडि बढाएको पाइन्छ ।

## ३.११. पुरस्कार, सम्मान र पदक

शिक्षा तथा साहित्यमा उल्लेखनीय योगदान पुऱ्याएका प्रधानले विभिन्न मान सम्मान र पुरस्कारहरू पनि पाएका छन्। उनले वि.सं. २००४ सालमा नेपाली साहित्य परिषद्ले सरस्वती सदनमा आयोजना गरेको साहित्य सम्मेलनमा भाग लिई गद्य कवितातर्फ प्रथम भइ रू. १००। पुरस्कार पाएका थिए । उनले 'कवि व्यथित र काव्यसाधना' समालोचनात्मक ग्रन्थका लागि वि.सं. २०१५ सालमा मदन पुरस्कार पाए (प्रधान, २०५९ : ९७) । त्यसले प्रधानको साहित्यिक व्यक्तित्वलाई उँचो बनाउने काम गरेको छ। लामो अवधिसम्म निःस्वार्थ रूपले शिक्षण पेसा जस्तो पवित्र सेवा गरे वापत उनी श्री ५ महेन्द्रबाट वि.सं. २०२४ सालमा गोरखा दक्षिण बाहुद्वारा तथा वि.सं. २०२५ मा रत्नश्री स्वर्ण पदकद्वारा सम्मानित भएको पाइन्छ ।

त्यस्तै प्रधानले 'नेपाली उपन्यास र उपन्यासकार' भन्ने आफ्नो समालोचनात्मक कृतिको लागि वि.सं. २०३७ सालमा साझा पुरस्कार पाए भने 'पाइला आगतमा टेकेर' नामक निबन्ध सङ्ग्रहका लागि दोस्रो पटक त्यही साझा पुरस्कारबाट उनी पुरस्कृत भएका थिए । त्यस्तै उनले वि.सं. २०४७ सालमा उत्तम पुरस्कार र धरणीधर कोइराला पुरस्कार पनि प्राप्त गरेका छन् । उनले वि.सं. २०५० मा लाजिम्पाट क्लब काठमाडौद्वारा अभिनन्दन, वि.सं. २०५० मा

सयपत्री राष्ट्रिय सम्मान, वि.सं. २०५३ मा नारायणी वाङ्मय प्रतिष्ठान काठमाडौद्वारा अभिनन्दन, वि.सं. २०५५ मा आह्वान समूह (चाबहिल) द्वारा सम्मान, वि.सं. २०५५ मा झपट पुरस्कार, सीताराम पुरस्कार २०५७, वि.सं. २०५८ मा शेषहीरा प्रतिष्ठान काठमाडौद्वारा सम्मान लगायतका मान सम्मान प्राप्त गरेका छन् । त्यस्तै उनले वि.सं. २०५८ मा सर्वदा वाङ्मय प्रतिष्ठान सङ्घद्वारा सम्मान र वि.सं. २०६० मा त्रिभुवन प्रज्ञा पुरस्कार पनि प्राप्त गरेका छन् । त्यस्तै उनी वि.सं. २०६० मा 'मधुपर्क' साहित्यिक पत्रिकाको गद्यतर्फको सम्मान, वि.सं. २०६२ मा शङ्कर लामिछाने निबन्ध पुरस्कारबाट पनि सम्मानित भएका छन् । त्यस्तै, उनले वि.सं. २०६३ मा अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसनबाट अभिनन्दन, २०६४ मा जनमत प्रकाशन काभ्रे (बनेपा) द्वारा सम्मान, वि.सं. २०६४ मै साहित्य कुन्ज (त्रिवि) पुरस्कार र साहित्य सन्ध्या काठमाडौद्वारा सम्मान प्राप्त गरेका छन् । उनले वि.सं. २०६६ मा आदिकवि भानुभक्त पुरस्कार र २०६७ मा सरस्वती सम्मान प्राप्त गरेका छन् (प्रधान, २०६७ : ४०) ।

## ३.१२. विदेश भ्रमण

नेपाली भाषा साहित्यको सेवा गरे वापत कृष्णचन्द्र सिंह प्रधानलाई विभिन्न राष्ट्रहरूको भ्रमण गर्ने अवसर प्राप्त भयो । उनले वि.सं. २०१३ मा कोलम्बियामा विश्व शान्ति सम्मेलनमा नेपालका प्रतिनिधिका रूपमा भाग लिएका थिए । त्यस्तै, वि.सं. २०१३ मै भारतको दिल्लीमा भएको एसियाली लेखक सम्मेलनमा भाग लिएर नेपालको तर्फबाट प्रतिनिधित्व गरेका थिए । उनले वि.सं. २०१३ मा भारतको निमन्त्रणामा दक्षिण भारतको १५ दिने भ्रमण गर्ने अवसर पाए । वि.सं. २०२८ सालमा सदभाव मैत्री शिष्ट मण्डल अन्तर्गत चीन सरकारको निमन्त्रणामा उनले चीनको तीन हप्ते भ्रमण गरे । वि.सं. २०३३ मा जापानमा वातावरण सम्बन्धी सम्मेलनमा भाग लिन जाँदा उनले एक महिनासम्म त्यहाँको जन जीवनलाई अवलोकन गर्ने मौका पाए । त्यस्तै वि.सं. २०४२ मा नेपाल र चीनको दौत्य सम्बन्ध स्थापना भएको तीसौँ वर्षका उपलक्ष्यमा चीन सरकारको निमन्त्रणामा नेपाल मैत्री सङ्घको तर्फबाट उनले पाँच जना प्रतिनिधिहरूको नेतृत्व गरेर दुई हप्तासम्म चीनको भ्रमण गरी चीनियाँ जनताको जीवन स्तरका बारेमा अवलोकन गर्ने अवसर पाएका थिए । त्यस्तै प्रधानले बेलायत र श्रीलङ्काको पनि भ्रमण गरेका छन् ।

## ३.१३. मृत्यु

कृष्णचन्द्र सिंह प्रधानको मृत्यु वि.सं. २०६७ साल असार १७ गते काठमाडौँमा भएको

हो (प्रधान, २०५९ : १५) ।

## ३.१४ निष्कर्ष

सम्पन्न परिवारमा जन्मेर पनि विपन्नताको पीडा भोगेका कृष्णचन्द्र सिंह प्रधानको समग्र जीवन अनेकौं उतार चढावका बिचबाट बितेको देखिन्छ । औपचारिक शिक्षाको अवसरबाट बञ्चित भएका प्रधानमा एक्लै बसेर पत्र पत्रिका पढ्ने लेख्ने बानीको विकास हुँदै गएको र पछि पुस्तक बिक्रेता भएका बेलामा साहित्यिक तथा बौद्धिक कृतिहरूको गहिरो अध्ययनको अवसरबाट सिर्जनात्मक लेखनतर्फ उत्प्रेरणा जागेको पाइन्छ । श्रीमती कयका थरीथरीका रोगहरू र तिनको उपचारले हैरान पर्दा र आर्थिक समस्याले ग्रस्त हुँदा पनि नेपाली साहित्यका फाँटमा निबन्ध, कविता, समालोचना लेखेर मदन पुरूस्कार जस्तो उच्च स्तरको पुरस्कार प्राप्त गर्नु उनको समग्र जीवनकै महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

## चौथो अध्याय

# कृष्णचन्द्रसिंह प्रधानको 'जिन्दगीका टिपोटहरू' संस्मरण कृतिको विश्लेषण

**जिन्दगीका टिपोटहरू** (२०६३) संस्मरणकार कृष्णचन्द्र सिंह प्रधानले लेखेको दोस्रो संस्मरणात्मक कृति हो । यस कृतिमा प्रधानले आफ्नो जीवनका महत्त्वपूर्ण घटनाका साथै आफूले गरेका विभिन्न ठाउँको यात्राका क्रममा भए गरेका केही महत्त्वपूर्ण घटनाहरूको संस्मरण गरेका छन् । यस कृतिमा प्रधानले आफूले भोगेका भोगाइहरूलाई मार्मिक र कलात्मक रूपमा चित्रण गरेका छन् ।

प्रस्तुत अध्यायमा संस्मरणकार कृष्णचन्द्र सिंह प्रधानको संस्मरणात्मक कृति **जिन्दगीका टिपोटहरू** (२०६३) को कृतिपरक विवेचना र विश्लेषण गरिएको छ । यस क्रममा छ वटा मूल शीर्षकका बीस वटा उपशीर्षकहरूलाई प्रस्तुत गरिएको छ । यी प्रत्येकलाई विषय वस्तु, परिवेश वा सन्दर्भ चित्रण, पात्र, भाषा शैली लगायतका कृति विवेचनाका सैद्धान्तिक आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१. 'जिन्दगीका टिपोटहरू' कृतिको विषयगत विश्लेषण

**जिन्दगीका टिपोटहरू** कृतिमा ६ वटा मूल शीर्षक छन् । यसमा परिशिष्ट 'क' र 'ख' गरी दुई ओटा छन् । कृतिका ६ वटा मूल शीर्षक र ती प्रत्येकमा बेग्लाबेग्लै बीस उपशीर्षकहरू छन् । पहिलो मूल शीर्षक 'पहिलो प्रहारका बाछिटाहरू' अन्तर्गत 'नब्बे सालको भैंचालो', 'बग्दाबग्दै किनार लागेका दिनहरू', 'अतीका अन्धविश्वास' र 'जङ्गली हात्तीको आखेट' गरी चार उपशीर्षक छन् ।

दोस्रो मूल शीर्षक 'भारत भ्रमणः केही पाएँ केही गुमाएँ' अन्तर्गत 'अजन्ताको गुफा एलोराको मन्दिर', कान्छी छोरीको मृत्युः जोडिएका प्रसङ्गहरू', 'असंवेदनशील मन' र 'भद्रनेता, अभद्र व्यवहार' गरी चार उपशीर्षक छन् ।

तेस्रो मूल शीर्षकमा 'सन्दर्भ प्रेम : केही लोकपवादहरू' अन्तर्गत 'प्रेम भइदिदो रहेछ' र 'प्रेममा अल्झेको जीवनः बिनाहारजितको अन्त्य' गरी दुई उपशीर्षक छन् ।

चौथो मूल शीर्षक 'प्रसङ्गविहीन प्रसङ्गहरू' अन्तर्गत 'बङ्गलोरमा मोहनशमशेरलाई भेट्दा', 'हो, भारतीय नेपाली भन्नुहोस्', 'झापामा एस.एल.सी. परीक्षाको सञ्चालन', 'दार्जिलिङ

प्रस्थान', 'कवि वीरेन्द्र सुब्बाको असन्तुलित मानसिकता', 'कालिम्पोङमा पारसमणिज्यूसँग भेट', 'सिफारिस एउटा, मनोनयन अर्कैलाई' र 'प्रसङ्ग बेसुद्धीको' गरी जम्मा आठ उपशीर्षक छन् ।

पाँचौं मूल शीर्षक 'सिमान्तको यात्रा' अन्तर्गत 'ऊ कहिल्यै ब्यूँझिन' एउटा मात्र उपशीर्षक रहेको छ ।

छैटौं मूल शीर्षक 'पूर्वापार' अन्तर्गत 'सुखद-दुःखद गल्छेंडाहरू' उपशीर्षक मात्र रहेको छ ।

सातौं मूल शीर्षक परिशिष्ट (क) अन्तर्गत 'हरएक मान्छे आफ्नै उज्यालोमा देखिन्छन्' चिनिन्छन्' शीर्षक रहेको छ। यसमा प्रधानको **जिन्दगीका टिपोटहरू** कृतिका सम्बन्धमा समालोचक गोविन्द राज भट्टराईले गरेको समीक्षात्मक विश्लेषणलाई प्रस्तुत गरिएको छ ।

आठौं मूल शीर्षकमा परिशिष्ट (ख) अन्तर्गत 'केही तस्वीरहरू' शीर्षक छ। यसमा प्रधानका जीवनका केही स्मरणीय घटना वा क्षणहरूलाई समेट्ने महत्त्वपूर्ण तस्विरहरूलाई प्रस्तुत गरिएको छ ।

उल्लिखित यिनै विविध उपशीर्षक अन्तर्गतका प्रधानका संस्मरणात्मक आलेखहरूको कथ्य विषय वा विषय वस्तुलाई यहाँ क्रमशः विश्लेषण गरिएको छ ।

### ४.१.१.पहिलो प्रहारका बाछिटाहरू

यस कृतिको पहिलो मुख्य शीर्षकका रूपमा 'पहिलो प्रहारका बाछिटाहरू' रहेको छ । यस अन्तर्गत मुख्य चार वटा उपशीर्षकहरू रहेका छन्- 'नब्बे सालको भुइँचालो', 'बग्दाबग्दै किनार लागेका दिनहरू', 'अतीतका अन्धविश्वासहरू' र 'जङ्गली हात्तीको आखेट' ।

#### ४.१.१.१ नब्बे सालको भैंचालो

प्रस्तुत शीर्षकमा संस्मरणकारले वि.सं. १९९० सालको भूँइचालो र त्यसले जन जीवनमा पारेको गम्भीर प्रभाव र असरका बारेमा उल्लेख गरेका छन् । यसमा भूँइचालो जाँदा उनी आठ वर्षका भएका र वीरगञ्जको श्रीपुर गाउँमा बाबुसँग बसेको स्मरण गरेका छन् । उनले भनेका छन् : "भैंचालो जाँदा म ८ वर्षको थिएँ । बस्थें बीरगञ्जमा ... त्यसबेला गएको ९० सालको भैंचालो सबैका निम्ति हृदयविदारक थियो" (प्रधान, २०६३ : १) । भुकम्प आउँदा मोटर आएजस्तै वातावरण थर्केको, भाग्दा भाग्न नसकेको, सबैजना ठूलो ठूलो स्वरमा कराइ रहेका, राणाहरूका भव्य महलहरू ढलेका, वातावरण एकदमै सन्त्रास पूर्ण बनेको लगायतका

विषयहरूलाई उल्लेख गरिएको छ :

> *नजिकैका साहेवज्यूहरूको विशाल दरबार ढलेका रहेछन् । अनि त देख्छु सम्पूर्ण आकाश धुलैधुलो, कालोमैलो । दिउँसै साँझ पर्दाको अँध्यारो चारैतिर व्याप्त भयो । वातावरण एकदम सन्त्रासपूर्ण हुन्छ र चकमन्न ! कोही राम ! राम ! भनिरहेका थिए, कोही नारायण ! नारायण ! भन्दै रोइरहने र बिलखबन्द भई कराइरहनेहरू त्यत्तिकै* (प्रधान, २०६३ : ३) ।

यसरी यसमा भुँइचालोपछि वातावरण झन् शङ्कास्पद, सन्त्रास पूर्ण र तनाव पूर्ण बनेको; थरीथरीका हल्ला र भविष्य वाणी चलेका; डराएर मानिसहरूले खुला आकाशमुनि रात काट्न बाध्य भएका; कहिले कहाँ कहिले कहाँ गरेर रात बिताएका; केटाकेटीहरू रमाइलो मानि रहेका; आफन्तहरूलाई सम्झेर मानिसहरू विलौना गरि रहेका लगायतका विविध प्रसङ्गहरूलाई चित्रण गरिएको छ । संस्मरणकार आफ्ना काठमाडौंमा रहेका दाजुलाई केही नभएको थाहा पाएर ढुक्क भएको प्रसङ्ग पनि स्मरण गरिएको छ ।

यसमा भैंचालो भन्ने नै थाहा नभएको बेला त्यसको अनुभव गर्नु परेको विषयलाई चित्रण गरिएको छ । यसमा वरिपरिका घर, रूख सबै हल्लिएको, कोलाहलको वातावरणले सबै मानिसहरू अत्तालिएको र छिनभरमा मानिसहरूमा त्रास र विस्मात भरिएको विषयलाई उल्लेख गरिएको छ । भैंचालो एकाध मिनेटमा थामिएपछि घरहरू भत्किएका, मानिसहरू ज्योतिषीका अनुमानका कुरा गरेर आकाशमुनि नै सुत्ने निर्णय गरेका, जाडोमा पनि प्रधान परिवार सहित अन्य छिमेकीहरू पनि आँगनमै सुतेका र बाहिर रहेका घरका अन्य सदस्यहरूको चिन्ताले मानिसहरू पीडित बनेको कुरा उल्लेख गरिएको छ ।

### ४.१.१.२ बग्दाबग्दै किनार लागेका दिनहरू

यस शीर्षकमा संस्मरणकार प्रधानले आफ्नो किशोरावस्थाका घटनाहरूको संस्मरण गरेका छन् । उनी गधा पच्चीसीतिर उक्लँदै गर्दा उमेरको कारणले आफूमा आएको परिवर्तनलाई कलात्मक तरिकाले चित्रण गरेका छन् । उमेरका कारण लेखकमा शारीरिक र मानसिक परिवर्तन आएको, मनमा स्वप्निल इच्छाहरू पलाउन थालेका, साथीभाइसँगको बढ्दो उठबसका कारण कुलतको सम्भावना बढेको, मन स्वतन्त्र र लहडी बन्न थालेको लगायतका विषयहरूलाई उल्लेख गरेका छन् : “उमेरको वयसन्धि टेकेर आलोकाँचो गधा पच्चीसीतिर उक्लँदै थिएँ । बडो आँटिलो हुन्छ यो उमेर । उत्ताउलो, डरभर नभएको, त्यति नै फुर्तिलो पनि” (प्रधान, २०६३ : ५) । त्यस्तै

उमेर र सङ्गतका कारण गाँजा खाने, खोपी खेल्ने, माछा मार्ने, जल विहार गर्ने लगायतका काममा संलग्न हुने गरेको विषयलाई पनि स्मरण गरेका छन् । साथीभाइहरूका बिचमा अश्लील गफहरू चल्ने गरेका, लेखक बिस्तारै एकान्त भोगी हुँदै गएका, उनी हस्त मैथुनको लतमा फँसेका जस्ता कुराहरूको वर्णन गरिएको छ ।

> *जीवनमा यस्तो पनि समय आउँछ जसलाई रोक्न, छेकथुन गर्न सक्तारहेनछौं या चाहँदैनौं । उमेरले पनि दिँदैन । समयको आवाज सुनेर नसुन्नेहरूले समयलाई केवल बाँध्न खोज्छ ... खराब लतमा लाग्नेहरू सबै खराब हुँदैनन् । गर्न नहुने भन्दाभन्दै गरिदिने र गर्नुपर्ने जान्दाजान्दै पनि नगर्नेहरू धेरै छन् । सायद यथार्थ यही हो - जीवन गणितको सरल रेखा होइन* (प्रधान, २०६३ : ८) ।

यसरी यसमा जीवनमा समयले ल्याउने परिवर्तनलाई यसमा चित्रण गरिएको छ । समयले असल मानिसलाई पनि खराब ठाउँमा पुऱ्याउने धारणा प्रस्तुत गरिएको छ । मान्छेको जीवन गणितको सरल रेखाजस्तो भएर कहिल्यै नहिँड्ने कुरा उल्लेख गर्दै जीवनमा गर्न खोजिएको कुरा नगरिने नगर्ने भनेको कुरा गरिने हुने अवस्था आउने विचार प्रस्तुत गरिएको छ ।

### ४.१.१.३ अतीतका अन्धविश्वासहरू

यस शीर्षकमा संस्मरणकारले विभिन्न अन्ध विश्वास, भ्रम र यथार्थका विविध विषयहरूलाई चित्रण गरेका छन् । प्रारम्भमा कोपर्निकसले पृथ्वीले सूर्यको परिक्रमा गर्दछ भन्ने तथ्य पत्ता लगाउँदा धर्मगुरूहरूले उनलाई दण्डित गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ : "पृथ्वीले सूर्यको परिक्रमा गर्छ भन्ने कोपर्निकसले पहिल्याएको मान्यताले न आस्तिकलाई संकेत गर्छ, न नास्तिकतालाई ... तैपनि अनास्थावादीको आरोप लाग्छ र धर्मगुरूहरूबाट नास्तिक अर्थात् अधार्मिक ठहऱ्याई उनीजस्तै कति वैज्ञानिकहरू दण्डित भए" (प्रधान, २०६३ : ८) । त्यस्तै यसमा संस्मरणकारले गान्धीको दर्शन र त्यसले संसारभरि पारेको प्रभावका साथै उनले भारतीय स्वतन्त्रता सङ्ग्राममा खेलेको भूमिकाको प्रशंसा गरेका छन् । यसमा गान्धीले चलाएको भजनको लहरले नेपालको वीरगञ्जका युवा पुस्तालाई प्रभाव पारेको विषयलाई उल्लेख गरिएको छ : "गान्धीले चलाएको भजनको लहर वीरगञ्जमा मैले प्रत्यक्ष अनुभव गरेको थिएँ । ९७/९८ सालतिर घर-आँगनमा भेला भई भजन गरिरहेको देखेको छु" (प्रधान, २०६३ : ९) । यसरी उनले वीरगन्जमा हुँदा गान्धीले चलाएको भजनको लहर पुगेको र स्वयम् उनी पनि त्यस अभियानमा

संलग्न भएको घटनालाई स्मरण गरेका छन् ।

प्रधानले वीरगन्जमा रामलीला चल्दा राम पात्रको भूमिका र चरित्रबाट लेखक अत्यधिक प्रभावित भएको कुरालाई पनि यसमा स्मरण गरेका छन् । त्यस्तै त्यतिबेला तुलसी मेहरले गान्धीको दर्शनलाई नेपालमा बिस्तार गरेको, 'ओम शान्ति' र 'जय नेपाल' का नाराहरू घन्कन थालेका, ठीक त्यति नै बेला गान्धीको हत्या भएको, गान्धीको हत्यापछि काठमाडौँमा हरेरामको जुलुस निस्केको लगायतका घटना प्रसङ्गहरूको चित्रण गरिएको छ :

> *राणा शासनको अन्तिम प्रहरतिर जनचेतना विस्तारको साथै त्यसलाई आन्दोलनमा प्रयोग गर्ने शैली आफ्नै किसिमले विकसित भएको देखिन्छ । गठेमङ्गलजस्तो चाडबाडको अवसरमा आपसी दोष र इबी साध्ने, कुटपिट गर्ने, बदला लिने विकृत प्रचलनहरूमा सुधारेर मेलमिलापको सन्देश दिन थाल्छ र 'ओम शान्ति', 'जय नेपाल'मा परिणत हुन्छ गठेमङ्गल । यसरी राजनीतिक जागरणलाई धार्मिक नारामा बदलेर त्यसबाट नयाँ सन्देश प्रसारित गर्ने प्रक्रियाको अनुसरण यसै पृष्ठभूमिमा थालिएको थियो* (प्रधान, २०६३ : १०) ।

यसरी तत्कालीन नेपालको राजनैतिक आन्दोलनले धार्मिक प्रभावको वातावरणलाई आफ्नो अनुकूलमा प्रयोग गर्दै राणा विरोधी आन्दोलनलाई सशक्त बनाएको विषयलाई यसमा चित्रण गरिएको छ । यसमा त्यतिबेला नेपालमा राणा शासन विरोधी क्रियाकलापहरू भएका र धार्मिक भजन, प्रवचन आदिलाई प्रयोग गरेर नागरिकहरूलाई सचेत बनाउने काम भएको कुरालाई उल्लेख गरिएको छ । यसैको परिणाम स्वरूप राजनैतिक सचेतना सहित शोभा भगवतीमा गोपाल प्रसाद रिमाल, गोपाल दास श्रेष्ठ लगायतकाले प्रार्थना कार्यक्रम गरेको विषय स्मरण गरिएको छ । त्यस्तै लेखक धार्मिक प्रवचनहरूमा सहभागी हुन थालेको, स्वामी दयानन्दको प्रसिद्ध पुस्तक 'सत्यार्थ प्रकाश' पढेको लगायतका विषयहरूको उल्लेख गरिएको छ । यिनै धार्मिक गतिविधिहरूका प्रभावका कारण लेखक प्रधानले मासु नै खान छाडेको घटना समेत यसमा स्मरण गरेका छन् ।

### ४.१.१.४ जङ्गली हात्तीको आखेट

यस शीर्षकमा प्रधानले जङ्गली हात्तीको आखेटको प्रसङ्गलाई जोडेका छन् । यसमा वीरगन्ज वरपरका गाउँहरूमा भएको हात्तीको आतङ्क र जुद्ध शमसेरको साहसिक

यात्राको सुन्दर वर्णन गरिएको छ। हात्तीको यात्रा र प्रधान मन्त्री जुद्ध शमसेरको यात्रा सँगसँगै हुने गरेको कुरा प्रस्तुत गरिएको छ । हात्ती हात्ती बिचको लडाइँ हुँदाको दृश्य निकै रोचक भएको प्रसङ्ग उल्लेख गरिएको छ । जङ्गलीको हात्तीको आखेट हेर्न जाँदाको बेला सम्झँदै उनी भन्दछन्- "सम्झँदा अहिले पनि रोमाञ्चित हुन्छु । सितीमिती कहाँ देख्न पाइने कुरो हो त्यो । न भूतो न भविष्यति । यो संयोगको कुरो हो- विचित्रको, अलौकिक र लोमहर्षक । फेरि फेरि दोहोरिरहँदैन" (प्रधान, २०६३ : १२) । यसमा वि.सं. १९९५/९६ तिर वीरगञ्ज वरपरका गाउँहरू जङ्गली हात्तीको आतङ्क र साहसिकताको वर्णनले रोमाञ्चित भएको र त्यो जङ्गली हात्तीमा मात्र केन्द्रित नभई जुद्ध शमसेरसित पनि जोडिएको कुरा स्मरण गरिएको छ। जाडोको याममै श्री ३ जुद्ध शमसेरको मधेसको दौडाहा सुरु हुने र ठीक त्यही समयमा जङ्गली हात्ती पनि चारकोसे झाडीबाट बाहिर सिमान्तका क्षेत्रमा भ्रमणमा निस्कने गरेको, यसबाट मानिसहरूमा जुद्ध शमसेरको जङ्गली हात्तीसँग पूर्व जन्मदेखिको केही सम्बन्ध भएको विश्वास लागेको, यो कुरा जुद्ध शमसेरको जुनाफमा समेत पुगेको, उनी पनि हात्तीका सारै सौखिन भएको, उनले हात्तीलाई जिउँदै समात्ने हुकुम दिएको लगायतका प्रसङ्गहरूलाई स्मरण गरिएको छ । यसमा हात्तीको आखेट अभियान सुरु भएको, तराईका जमिन्दारका निजी हात्तीलाई समेत जङ्गली हात्तीको आखेट अभियानमा सामेल हुन अनिवार्य गरिएको, हात्तीको रमाइलो मेला लागेको, पचासौँ हात्तीहरूको जमातले घेराबन्दी गरे पनि जङ्गली हात्तीको यात्रा नरोकिएको, कसैले समात्न वा छेउसम्म पुग्ने आँट पनि गर्न नसकेको लगायतका घटना प्रसङ्गहरूलाई चित्रण गरिएको छ ।

यसमा जङ्गली हात्ती नहेरी आफ्नै सुरमा हिँडि रहेको, हात्तीहरूको आक्रमण, खेदाइ, घेराऊ, हप्तौंदेखि लगातार चलि रहेको, जङ्गली हात्तीमाथि छर्रावाल बन्दुकले प्रहार गरिएको, जिउभरि फोकैफोका उठि सक्दा पनि हात्ती नगलेको, पचासौँ हात्तीको लस्करले बाली सारा ध्वस्त भएको, जङ्गली हात्तीदेखि डराएकाले मानिसहरू त्यसको सामु जानै डराउने गरेको लगायतका घटनाहरूलाई स्मरण गरिएको छ । जङ्गली हात्ती एकदम अग्लो, कालो रङ, ठूलो जिउ, हृष्टपुष्ट, बडेमानको टाउको, लामो ठूलो एउटै मात्र दाँत भएको कुरा उल्लेख गरिएको छ : "जङ्गली हात्ती एकदम अग्लो थियो । कालो रङ्ग, ठूलो जिउ, हृष्टपुष्ट, बडेमानको टाउको, लामो ठूलो र अलि घुम्रेको एउटै मात्र दाँत भएको त्यो एकदन्ते हात्ती पचासौँ हात्तीहरूको माझ टड्कारै छुटिन्थ्यो" (प्रधान, २०६३ : १५) । माहुतेहरूले पाल्तु हात्तीलाई रक्सी खुवाएर हमला गर्न लगाउने गरेको, एउटा श्याम प्रसाद नामको तन्नेरी पुड्को, पानीदार, निकै फूर्तिलो हात्ती

भएको, त्यसैलाई रक्सी खुवाएर रणभूमिमा लैजाने निर्णय गरिएको, श्याम प्रसादलाई माउतेले जङ्गली हात्तीको सामुन्ने बढाएको, श्याम प्रसाद मात्तिएर जङ्गली हात्तीले माउते माथि नै आक्रमण गरेको, श्याम प्रसाद र जङ्गली हात्तीको लडाइँ सुरु भएको, श्याम प्रसादको आक्रमणले जङ्गली हात्तीको दाँत भाँच्चिदा टिठ लाग्दो आवाजसँग कराएको लगायतका घटना प्रसङ्गहरूको स्मरण गरिएको छ :

> *त्यति बेलाको दुवै हात्तीको आपसको भिडन्त, यो सुँड सुँड र टाउको टाउकोको जुधाइ अहो ! यति आकर्षक, डरलाग्दो र रोमाञ्चक थियो कल्पनै गर्न सक्तिन । दाँत भाँच्चिंदा कराएको जङ्गली हात्तीको आवाज त्यतिकै टिठ लाग्दो थियो । आँखाबाट सरररर आँसु बग्न थाल्छ । दाँत के भाँच्चियो त्यो त शस्त्रविहीन योद्धा जस्तै भयो-नूरै हरायो, एकदम निसहाय भइदिन्छ* (प्रधान, २०६३ : १५) ।

यसरी यस संस्मरणमा जङ्गली हात्तीको बारेमा वर्णन गर्दै यसको साहस, सौन्दर्य, शक्ति, बाँच्नको लागि गरेको सङ्घर्ष, जुद्ध शमसेरको हात्तीको लडाइँ हेर्ने चाहना लगायतका विषयहरूलाई मार्मिक ढङ्मा चित्रण गरिएको छ ।

## ४.१.२. भारत भ्रमण : केही पाएँ, केही गुमाएँ

यस कृतिको दोस्रो मुख्य शीर्षकका रूपमा 'भारत भ्रमण : केही पाएँ, केही गुमाएँ' रहेको छ । यस शीर्षक अन्तर्गत 'अजन्ताको गुफा एलोराको मन्दिर', 'कान्छी छोरीको मृत्यु : जोडिएका प्रसङ्गहरू', 'असंवेदनशील मन', 'भद्र नेता, अभद्र व्यवहार' गरी चार उपशीर्षकहरू रहेका छन् ।

### ४.१.२.१. अजन्ताको गुफा, एलोराको मन्दिर

यस शीर्षकमा प्रधानले भारतको राजधानी दिल्लीमा भएको पहिलो एशियाली लेखक सम्मेलनमा भाग लिन जाँदा भारतका विश्व विख्यात ताज महल, अजन्ता गुफा र एलोराको मन्दिर हेर्ने मौका पाएको कुरालाई प्रमुख विषय बनाएका छन् । यसमा पहिलो एशियाली लेखक सम्मेलन दिल्लीमा सकेपछि प्रधान सहित नेपाली लेखकहरूले दक्षिण भारत भ्रमण गरेका र त्यसै बेला विश्व विख्यात ताज महल, अजन्ता गुफा र एलोराको मन्दिर हेर्ने मौका मिलेको कुरा वर्णन गरिएको छ : "राजधानी दिल्लीमा भएको पहिलो एशियाली लेखक सम्मेलन सकेपछि नेपाली

प्रतिनिधि मण्डलका सदस्यहरूलाई दक्षिण भारत भ्रमण गर्ने निम्तो भारत सरकारबाट प्राप्त भएको थियो । त्यसै बेला विश्व विख्यात ताजमहल, अजन्ता-एलोराहरू हेर्ने अवसर पाएको थिएँ" (प्रधान, २०६३ : १७) । भ्रमणका क्रममा अजन्ता-एलोरा र ताज महल अत्यन्त विमुग्धकारी, अविस्मरणीय र दुर्लभ लागेको, तिनीहरूको भव्यता, दिव्य र अलौकिक लाग्ने कला, तिनको विमुग्धकारी सौन्दर्यले वशीभूत नहुने सायदै कोही होला भनी लेखकले राय व्यक्त गरेका छन् । यसमा आगराको ताज महलपछि प्रधान औरङ्गावादको अजन्ता गुफामा पुगेको, उनन्तीस ओटा गुफाहरू भएका ती गुफाहरूलाई चैत्यगुफा र विहार गुफा पनि भन्ने गरिएको, वागुरा नदीको नजिक भएको यो गुफा पर्यटकीय रूपमा निकै रमणीय भएको, भारत स्वतन्त्र भएपछि यसको पर्यटकीय महत्त्व र आवश्यकता बुझेर भारत सरकार यसको पुनरूद्धार गर्न लागि परेको लगायतका विषय प्रसङ्गहरूलाई वर्णन गरिएको छ । त्यस्तै यसमा महायानको प्रभावबाट बनेका गुप्त वा कष्टकालीन चैत्य-गुफाहरू अत्यन्तै उत्कृष्ट भएको, यिनका भित्ताहरूमा चित्रित चित्रहरू अति सुन्दर भएको, भारतीय कलाको उच्च नमुना भएको, ठूला-ठूला स्तम्भ तथा किसिम किसिमका भित्ताका आकृत चित्रहरू र विशाल झ्याल ढोकाहरूले सुशोभित भएको यी गुफाहरूको सुन्दरता र कलात्मकताको उच्च प्रशंसा गरिएको छ । अजन्ताका भित्ते चित्रहरू स्वर्ण युगीन सांस्कृतिक जीवनको प्रतिनिधि चित्रहरू हुन् भन्ने पुरातत्व विद्हरूको निष्कर्ष रहेको कुरालाई लेखकले स्मरण गरेका छन् ।

यसमा एलोरा पनि महाराष्ट्रकै औरङ्गवाद स्थित दौलतावाग नगर नजिकको गाउँमा रहेको, एलोरालाई धार्मिक सहिष्णुताको एक आदर्श रूप पनि ठानिएको, एलोराका मन्दिर र मूर्तिहरू छैटौं शताब्दीदेखि आठौं शताब्दीभित्र निर्मित भएका, यिनीहरूमा तिन वटै धर्मको समन्वय भएको, मुख्य गरी बौद्ध, शैव, जैन र हिन्दु धर्मको प्रधानता रहेको, दश अवतारको साथै त्यहाँ मुखरित नारित्व र सौन्दर्यले सम्पूर्ण एलोरा नै जीवन्त देखिएको जस्ता कुराहरू वर्णन गरिएको छ । यिनीहरू पर्वतका टुप्पोबाट काट्दै ताछ्दै, खोप्दै, कुद्दै निर्माण गरिएका साथै एउटै चट्टान-शिलाखण्डलाई काटेर कुँदी बनाइएको कुरा वर्णन गरिएको छ । यसमा चित्रका दृष्टिले अजन्ता महान् र विख्यात भए जस्तै मन्दिरका दृष्टिले एलोरा नामी भएको, अजन्ता चित्र प्रधान रहेको र एलोरा मन्दिर प्रधान भएको कुरा उल्लेख गरिएको छ । त्यस्तै यसमा ताज महल प्रेमको उच्चतम भावनालाई प्रतिबिम्बित गर्ने प्रतीक, महानतम कला अभिव्यक्ति र अद्वितीय प्राप्ति मानेर स्वीकार गरिएको कुरा संस्मरणकारले उल्लेख गरेका छन् ।

### ४.१.२.२. कान्छी छोरीको मृत्यु : केही जोडिएका प्रसङ्गहरू

यस शीर्षकमा प्रधानले भारत भ्रमणमा रहँदा आफ्नी कान्छी छोरीको मृत्यु भएको र त्यस समयमा श्रीमती कयःले झेल्नु परेको पीडाको विषयमा लेखेका छन् । यसमा एक हप्ताका लागि भनेर गएका प्रधान भारत भ्रमणका क्रममा एक महिना उतै बिताएको, प्रधानको अनुपस्थितिले कयःलाई निकै पीडित बनाएको कुरा उल्लेख गरिएको छ । यसमा त्यतिबेला प्रधान न्हयोखामा भाडामा बस्ने गरेका, भ्रमणमा छँदा छ महिनाकी कान्छी छोरीको मृत्यु भएको, दुई दिनसम्म मरेको लाश त्यसै राख्नु परेर झन् बिजोग भएको, भाडाको घर भएको कारण किरिया-कर्म गर्न नदिँदा अर्कै घरमा गएर किरिया-कर्म गर्नु परेको, श्रीमती कयःलाई यस घटनाले अत्यन्तै दुःखी र असह्य बनाएको लगायतका घटना प्रसङ्गहरूको स्मरण गरिएको छ । यसमा प्रधान आएको दुई दिन भइ सक्दा पनि छोरीका बारेमा नसोध्दा कयः झन् झन् पीडित र दुःखी बनेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ : “यस्तो दूर्दिन झेलेर बस्नेसँग आफ्नो गैरहाजिरीको बेला के-कसो भयो सोधपुछ गर्नु त परै जावस् फर्केपछि छोरी खै, कहाँ गई भनेरसम्म पनि नसोध्दा अर्को चोट थपिएछ । कति चित्त दुख्यो होला सजिलै अनुमान गर्न सकिन्छ” (प्रधान, २०६३ : २५) । यसै प्रसङ्गमा श्रीमती कयःले भनेकी छिन् - “आएको दुई दिन भइसक्यो, छोरीलाई नदेखेपछि सोध्नु त पर्छ । अरूले थाहा पाए के भन्लान् ? धन्न तपाईंको माया” (प्रधान, २०६३ : २६) । श्रीमती कयःले प्रश्न गरेपछि प्रधान झन् आफ्नो बेसुद्धीपन देखेर चकित परेको, एक छिन सन्नटा छाएको, बल्ल छोरी नहुँदाको शून्यता बोध हुन थालेको, नसा सम्बन्धी गडबडीका कारण पहिलेबाट नै छोरी पीडित भएको, डाक्टरले अब केही हुँदैन भनी पठाएपछि कयः ढुक्क भएकी तर दूधदानीले मुखमा दूध खुवाउने बेलामा घाँटी नमिलेजस्तो लागेर सोझ्याउँदा छोरी एकैचोटि छटपटाउन थालेकी, घाँटीको नसा बटारिएर छोरीको मृत्यु भएको लगायतका घटना प्रसङ्गहरूलाई स्मरण गरिएको छ ।

कयःले परित्याग गरेको घरमा शरण लिन जानु पर्ने, अकस्मात आइ परेको खर्च समेत नहुँदाको पीडा, सहानुभूति देखाउनु पर्नेमा भाउजू-दिदीबाट भएको घोचपेच, चार दिनसम्म जुठो बारेर बस्नुपर्ने आदि पीडाले श्रीमती कयः सङ्कटमा परेको कुरा यहाँ स्मरण गराइएको छ । प्रधानकी भाउजूले गरेको व्यवहार थाहा पाएपछि प्रधानका दाजुले बेस्सरी हप्काएका, भाउजूको जीवनभरको चित्तदुख्दो व्यवहारबाट कयःले कहिल्यै पनि प्रतिशोधको भावना नराखेकी, दाजुको मृत्युपछि अस्पतालमा भाउजूलाई भर्ना गरिएको, अस्पतालमा पेटको क्यान्सर भनेर अन्तिम तहमा पुगेको कुरा जानकारी गराएपछि भाउजूलाई घरमा लगिएको,

चारैतिर हेर्दै भाउजूले मर्ने बेलामा कयःसँग क्षमा माग्दै कयःलाई तिमी बुहारी होइनौ आमा हौ भनेकी लगायतका विषय प्रसङ्गहरूलाई यसमा अभिव्यक्ति दिइएको छ ।

### ४.१.२.३. असंवेदनशील मन

यस शीर्षकमा प्रधानले आफू दिल्ली गएको बेला श्रीमती कयःलाई आफ्ना साथीले सहयोग नगरेको विषयलाई मार्मिक ढङ्गमा चित्रण गरिएको छ । साथीको असहयोगी व्यवहारले कयःको मनमा परेको गम्भीर प्रभावलाई समेत प्रस्तुत गरिएको छ । यसमा प्रधानले न्हयोखाकै नेपाल कम्युनिस्ट पार्टीका जिल्ला स्तरीय नेता केन्द्रीय कार्य समितिका सदस्य समेत रहेका शम्भुराम श्रेष्ठलाई दिल्ली जाँदा कोही नभएकाले परिवारको हेर विचार गर्नु भनी छाडेका, नगर पालिकाको चुनावमा श्रेष्ठ उम्मेदवार हुँदा सक्दो सहयोग गरेका प्रधानलाई आफ्नो घरमा यत्रो पीडा हुँदा पनि आएर समवेदना प्रकट नगर्ने नेताहरूले कसरी देशको सेवा गर्लान् भन्ने चिन्ताभाव प्रकट गरेका छन् :

> *यही दृष्टिले एशियाली लेखक सम्मेलन, दिल्ली जाँदा मेरो अनुपस्थितिमा कोही नभएकोले हेरविचार गरिदिनका लागि उनलाई अनुरोध गरेको थिएँ । दुर्भाग्यवश त्यस्तो बेला पनि यसो एकपल्ट पसेका रहेनछन् । कसैद्वारा दुईतीन सय रूपियाँ पो पठाइदिएका रहेछन् । आफू आएर सम्वेदनासम्म पनि व्यक्त गर्ने कष्ट गरेनन्* (प्रधान, २०६३ : २८-२९) ।

विपद्को वेला यस्तो खल्लो व्यवहार गरेको थाहा पाएपछि नेताको असंवेदनशीलता देखेर उनी छक्क परेको प्रसङ्गलाई उल्लेख गरिएको छ : “सुनेर म बिलखबन्द भएँ । आपत्विपत् पर्दा त यस्तो खल्लो व्यवहार गर्ने नेताहरूले के देशको सेवा गर्लान् ? मलाई सारै चोट लाग्यो उनको यस्तो असंवेदनशीलता देखेर” (प्रधान, २०६३ : २९) । यसरी यसमा कतिपय मानिसहरूमा संवेदनाको स्तर अत्यन्तै कमजोर हुने, अरूलाई सहयोग गर्ने कुरा कहिल्यै नसोच्ने, आफूलाई परेको बेलामा मात्र साथी खोज्ने प्रवृत्ति रहने गरेको यथार्थलाई चित्रण गरिएको छ ।

### ४.१.२.४. भद्र नेता, अभद्र व्यवहार

यस संस्मरणमा लेखकले पूर्व प्रधान मन्त्री मन मोहन अधिकारीसँगको सम्बन्ध र व्यवहारका बारेमा चर्चा गरेका छन् । यसमा उनले भद्र नेताको अभद्र व्यवहारले चित्त दुखेको

प्रसङ्ग व्यक्त गरेका छन् । प्रधानले भनेका छन्- "हेर्दा अति सामान्य लागे पनि अवस्था र सन्दर्भले गर्दा ठूलो घटना लागिदिन्छ र दुख्न थाल्छ" (प्रधान, २०६३ : २९) । यसमा भर्खर-भर्खर नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको बेला वि.सं. २००८/००९ सालदेखि प्रधानको मन मोहन अधिकारीसँग चिनजान भएको, त्यतिबेला कम्युनिस्ट पार्टी भूमिगत अवस्थामा रहेको, प्रधान आफ्ना दाजु हृदय चन्द्रसँग ढाकाटोलमा बसेका, दाजुलाई भन्दै नभनी उनले भूमिगत कम्युनिस्ट पार्टीका नेता राख्ने गरेको लगायतका विषयहरूको स्मरण गरिएको छ । उनको घरमा पुष्पलाल, मन मोहन, डी.पी. अधिकारी आदि सधैंजसो आइ रहने, ती मध्ये पनि उनले अधिकारीलाई भद्र नेताका रूपमा मानेका, उनी प्रधान मन्त्री हुँदा प्रधान धेरै नै खुशी भएका, प्रधान मन्त्रीको नाताले प्रधान कहिल्यै नजिकिन नगएका, प्रधान मन्त्री हुँदा पनि पहिलेजस्तै होलान् भनी सोचेका तर प्रधान मन्त्री भएपछि मन मोहन टाढिन खाजेको विषयलाई यसमा वर्णन गरिएको छ ।

> *प्रधानमन्त्री भएपछि पनि त्यस्तै होलान् जस्तो अघि थिए भन्ने मलाई लाग्थ्यो । प्रधानमन्त्री छँदै पनि समारोहहरूमा भेट भइरहन्थ्यो । पहिलो पटक भेट्दाखेरि नै भनेको थिएँ - प्रधानमन्त्री हुनुभएकोमा ढिलो भए पनि मेरो बधाइ छ । धेरै खुशी लागेको छ । पछिपछि भेट्दा पनि सोधिरहन्थें – यहाँलाई कस्तो छ, स्वास्थ्य त राम्रो देख्छु । आदि-इत्यादि । तर उनले भने पुरानो परिचय र साथीको नाताले न त्यस्तो आत्मीयता देखाए, न व्यवहार नै । टाढिन खोजेजस्तो गर्थे* (प्रधान, २०६३ : ३०) ।

यसरी मन मोहन अधिकारीले प्रधान मन्त्री भएपछि देखाएको व्यवहारले प्रधानलाई निकै दुःखी बनाएको कुरालाई यसमा महत्त्वका साथ प्रस्तुत गरिएको छ । धेरै कार्यक्रममा सँगै सहभागी भएर पनि उनले पुरानो परिचय र साथीको नाता बिर्सिएको, आत्मीयता पूर्ण व्यवहार देखाउन नसकेको विषयलाई संस्मरण गरिएको छ । उनी प्रधान मन्त्री नरहेपछि आफ्नो निवासमा पुराना साथीहरू भेट्ने निम्तो पाउँदा समेत प्रधानले उपस्थिति नजनाएका, दोस्रो पटक पनि बोलाएपछि बोलाउन आउने मानिसलाई मन मोहनलाई भद्र मानिस सम्झेर गल्ती गरेको कुरा मन मोहनज्यूलाई सुनाइ दिन आग्रह गर्दै भनेका थिए- "उहाँलाई बडो भद्र पुरूष ठान्थें, तर गल्ती गरेछु । पदमा हुँदा-नहुँदा मान्छे कति फरक भइदिंदा रहेछन्" (प्रधान, २०६३ : ३०) । यसपछि प्रधानको मन मोहनसँग भेट नै नभई उनको मृत्यु भएकाले प्रधानको प्रतिक्रिया उनीकहाँ पुगे नपुगे पनि उनको देहवासनको समाचारले प्रधानको चित्त दुखेको कुरा उल्लेख गरिएको छ ।

### ४.१.३. सन्दर्भ प्रेमः केही लोकपवादहरू

यस कृतिको तेस्रो मुख्य शीर्षकका रूपमा 'सन्दर्भ प्रेमः केही लोकपवादहरू' रहेको छ। यस शीर्षक अन्तर्गत 'प्रेम भइदिंदो रहेछ' र 'प्रेममा झल्झेको जीवनः विनाहारजितको अन्त्य' गरी दुई उपशीर्षक रहेका छन् ।

#### ४.१.३.१. प्रेम भइदिंदो रहेछ

यस शीर्षकमा प्रधानले विभिन्न क्षेत्रका चर्चित व्यक्तिहरू पनि प्रेममा फँसेको उदाहरण दिँदै आफू पनि प्रेममा फँसेको प्रसङ्ग जोडेका छन् । प्रेम गरिंदैन, भइदिँदो रहेछ भनेर प्रधान आफ्नो धारणा यसरी राख्छिन् : "प्रेम गरिंदैन, भइदिंदो रहेछ । कसरी भइदिन्छ थाहै हुँदैन । मनभित्र फुरेको उमेरको गन्धले लठ्याएको आमन्त्रणभित्र प्रेमले भलाकुसारी गर्दोरहेछ" (प्रधान, २०६३ : ३२) । उनले प्रेमलाई भाषा पनि नचाहिने,  शब्द, अभ्यास, तालिम, अनुभव केही पनि नचाहिने केवल मनको ढोकाबाट छिर्ने मन भए पुग्ने रहेछ भनेर टिप्पणी गरेका छन् । उनले यसमा मेनकाबाट पराजित विश्वामित्रको प्रसङ्ग, १७ वर्षकी मेरीले ७० वर्षको आफ्नै आमाका बाबु विधुर बूढो जैक साइमसँग विहे गरेको प्रसङ्ग, एडबिना माउन्टबैटनसँग जवाहर लाल नेहरूको प्रेम प्रसङ्ग, अमेरिकी पूर्व राष्ट्रपति विल क्लिन्टनको मोनिका लेवन्स्कीसँगको प्रेम प्रसङ्ग, बेलायती राज कुमारी डायनाको प्रेम र यौन सम्बन्धी धारणा आदिको चर्चा गर्दै प्रेममा इन्द्रियहरू पनि पराजित हुने धारणा प्रस्तुत गरेका छन् । त्यस्तै उनले नेहरूले एडविनालाई लेखेको प्रेमपत्रको तौल ३० कि.ग्रा. रहेको ऐतिहासिक विषयलाई चर्चा गर्दै प्रेमका लागि संसारमा ठूला ठूला र रोचकलाग्दा घटनाहरू घटेका, फरहादको सिर काटिएको, बेलायतका बादशाह पञ्चम जर्जले राजगद्धी नै त्यागेको, बेलायती युवराज्ञी डायनाले जोन अफ केनडी जुनियनसँग एउटै ओछ्यानमा रात बिताएर सर्वाधिक यौन तृप्ति गरेको कुरा स्वयम् डायनाले नै भनेकी लगायतका विषय प्रसङ्गहरूलाई चित्रण गरेका छन् ।

यस संस्मरणमा प्रधानले प्रेमका बारेमा कवि सिद्धि चरण श्रेष्ठको धारणा स्मरण गरेका छन् । उनले प्रेमका बारेमा कवि सिद्धि चरणले आफ्नो बारेमा आफैले लेखेको कुरा प्रस्तुत गरेका छन्- "केही कुरा नढाँटी नछिपाई आफ्नो परिचय आफैले दिन गाह्रो हुन्छ । किनभने सिद्धिचरणको एक-एक बेइमानी, छल, कपट, दुर्बलतासमेत  सिद्धिचरणलाई थाहा छ । ती एक एक कुराको परिचय लेखें भने मसित बोल्न पनि तपाईं घृणा गर्नु हुनेछ" (प्रधान, २०६३ : ३३) । उनले सिद्धि चरणको यस कुराले प्रेमको महत्त्वपूर्ण पक्षलाई उठाएको, दूराचारी भएर

कसैले कसैलाई प्रेम गरि रहेका नहुने र सदाचारी भएर पनि प्रेम गरि रहेका नहुने, प्रेम गर्ने सबै दुराचारी तथा दुस्कर्मी नहुने, प्रेम गर्नु दुराचार नहुने जस्ता धारणा प्रस्तुत गरेका छन् । उनले सिद्धि चरणले जस्तो अरू विजय-दौलतहरूले, भिक्षु-वीपीहरूले, बालचन्द्र-हृदय चन्द्रहरूले, लीलाध्वज, भूपि, धुस्वाँ, ध्रुवचन्द्र, ताना, मदन मणि, कृष्णचन्द्र कसैले पनि भन्न नसकेको विचार प्रस्तुत गरेका छन् । यसरी प्रधानले अरूलाई  ढाँटे पनि आफूलाई ढाँट्न गाह्रो हुने विचार राख्दै आफूले पनि प्रेम गरेको कुरालाई स्वीकार गरेका छन् ।

### ४.१.३.२. प्रेममा अल्झेको जीवन : विनाहारजितको अन्त्य

यस शीर्षकमा प्रधानले आफ्नो प्रेम र विवाहको प्रसङ्गको स्मरण गरेका छन् । यसमा २०-२२ वर्षको उमेरमा बिहे गरेका लेखकको वैवाहिक जीवन सुखद् रहेको विषयलाई उल्लेख गरिएको छ । उनले तन्नेरी उमेरसँगै ठाँटिएर हिँड्ने सोख सबैमा रहने, आफू राम्रो होस् कि नहोस् सबैले हेरि देओस् भन्ने धारणा सबैले राख्ने, बैंसमा केटीहरू आफूतिर आकर्षित होऊन भन्ने सबैले चाहने विचार व्यक्त गरेका छन् । प्रधानले वि.सं. २००५ सालमा २१ वर्षको उमेरमा विहे गरेका, त्यस बेला प्रेम गरेर बिहे गर्ने परिपाटी नभएको, बिहेपछि स्वीकारेर प्रेम गर्ने चलन रहेको, आफूलाई मन परे पनि नपरे पनि स्वीकार गर्नुपर्ने प्रचलन रहेको विषयलाई उल्लेख गरेका छन् । उनले राम्ररी हेरेर चित्त बुझेपछि बिहे गरेकाले समझदारीपूर्ण सम्बन्ध रहेको र एक-अर्काप्रति गहिरो विश्वास रहेको धारणा व्यक्त गरेका छन् ।

यसमा विवाहित लेखक प्रधान संयोगले अपरिचिता नाम गरेकी केटीसँग नजिकिएका, दुवै जनाको बराबर साहित्यिक कार्यक्रममा भेटघाट भइ रहने, लेखकको घरमा ऊ पनि आउने र प्रधान पनि उसको घरमा जाने कारणले सम्पर्क बढ्दै गएको, श्रीमती कयःले पनि उसलाई चिनेकी, कार्यक्रमको वा कुनै सन्दर्भमा जानकारी लिनु पर्दा प्रयोग गर्ने पत्राचारलाई सामान्य व्यवहारमा पनि दुवैले प्रयोग गर्न थालेका, पत्रमा प्रेमका बारेमा पनि विचार आदान प्रदान हुन थालेको, पछिपछि पत्राचार नगर्दा दुवैलाई खल्लोपना महसुस हुन थालेको लगायतका विषय प्रसङ्गहरूलाई चित्रण गरिएको छ । उनले यसमा विवाहित मान्छेले अरूसँग प्रेम गर्नु अनैतिक मानिए तापनि जैविक चाहनामाथि अङ्कुश लगाउन नसकिने विचार प्रस्तुत गरेका छन् । विवाहित मानिसहरूले प्रेम अनैतिक तथा गैर कानुनी भन्ने थाहा पाउँदा पाउँदै पनि यसलाई अबलम्बन गरि रहने धारणा प्रस्तुत गरेका छन् । प्रेमका सम्बन्धमा प्रधानको धारणा यस्तो रहेको छ :

*प्रेम गरिंदैन, भइदिंदो रहेछ । कसरी भइदिन्छ थाहै हुँदैन । मनभित्र फुरेको उमेरको गन्धले लठ्याएको आमन्त्रणभित्र प्रेमले भलाकुसारी गर्दोरहेछ ... यसलाई न भाषा चाहिन्छ, न शब्द, न अभ्यास, न तालिम, न अनुभव । मनको ढोकाबाट छिर्ने मन भए पुग्छ । अँगालोभरि अटाउने अँगालो भए पुग्छ । एउटाले अर्कोलाई जित्ने विश्वास भए पुग्छ* (प्रधान, २०६३ : ३२) ।

त्यस्तै यसमा श्रीमती कयःको माइत बसाइँले प्रधानको प्रेमलाई झन सहज बनाएको, कयः सँगै हुंदाको आकर्षणले भन्दा नहुँदाको रिक्तताले उनलाई बढी पीडित बनाएको, कयः नभएको बेला नरमाइलो रिक्तताले उराठिलो समयमा बाँचि रहेको बेला उनको जीवनमा अपरिचिता प्रवेश गरेको कुरा स्मरण गरिएको छ । यसमा उनले माइतीबाट कयः फर्केको भोलिपल्ट प्रधानको गोजीमा छामछुम गर्दा चिट्ठी फेला पारेकी, चिट्ठी उनी आफैले राखेकी, लोग्नेको विश्वास बोकेकी कयःलाई यसबाट मानसिक रूपमा गम्भीर चोट परेको, एक रात अबेलासम्म काम सकेपछि केही भन्न खोजेजस्तै गरी प्रधानसँग व्यवहार गरेकी, कयले चिठी र अपरिचिताको बारेमा सबै कुरा स्पष्ट भनेकी, प्रधानले भने नबुझेको जस्तै गरी वास्तै नगरेका, प्रधान आँखामा टलपल आँसु लिएर बसेका लगायतका घटना प्रसङ्गहरूलाई चित्रण गरिएको छ । लेखक धेरै आत्तिएका भए पनि कयःले अपरिचतालाई भेटेर सबै समस्या समाधान गरेपछि मात्र लेखकलाई केही राहत महसुस भएको, यस घटनापछि अपरिचिता लेखकसँग तर्केर हिँड्न थालेको प्रसङ्गलाई उल्लेख गरिएको छ ।

### ४.१.४. प्रसङ्गबिहीन प्रसङ्गहरू

यस कृतिको चौथो मुख्य शीर्षकका रूपमा ‘प्रसङ्गबिहीन प्रसङ्गहरू’ रहेको छ । यस शीर्षक अन्तर्गत ‘बङ्गलोरमा मोहनशमशेरलाई भेट्दा’, ‘हो भारतीय नेपाली भन्नुहोस्’, ‘झापामा एस.एल.सी. परीक्षाको सञ्चालन’, ‘दार्जिलिङ्ग प्रस्थान’, ‘कवि वीरेन्द्र सुब्बाको असन्तुलित मानसिकता’, ‘कालिम्पोङ्गमा पारसमणि ज्यूसँग भेट’, ‘सिफारिस एउटा मनोनय अर्कैलाई’, ‘प्रसङ्ग बेसुद्धीको’ गरी जम्मा आठ वटा उपशीर्षकहरू रहेका छन् ।

#### ४.१.४.१. बङ्गलोरमा मोहन शमशेरलाई भेट्दा

यस शीर्षकमा प्रधानले राणाकालको अन्तिम प्रधान मन्त्री मोहन शमशेरसँगको भेट र उनीसँगको आफ्नो सम्बन्धलाई स्मरण गरेका छन् । यसमा राणकालका मात्र होइन, सम्झौता

बमोजिम प्रजातन्त्र स्थापना भएपछिको प्रथम गठ बन्धन सरकारको प्रधान मन्त्री हुने अवसर समेत प्राप्त गरेका मोहन शमशेरलाई लेखकले भेटेको कुरा स्मरण गरिएको छ । लेखकले मोहन शमशेरकी दिज्यू दिव्येश्वरी देवीको स्मृतिमा कन्या मन्दिर विद्यालयलाई एउटा भवन बनाइ दिने निर्णय गरे तापनि त्यसका लागि आवश्यक बजेट अपुग भएकाले बजेटको व्यवस्था गर्नका लागि अनुरोध गर्ने उद्देश्यले विद्यालयले लेखकलाई बङ्गलोर पठाउने निर्णय गरेको र सोही अनुसार लेखक बङ्गलोर गएको कुरा यसमा वर्णन गरिएको छ ।

यसमा लेखक प्रधान स्वयम् विश्व शान्ति परिषद् सम्बद्ध अखिल नेपाल शान्ति समितिका सचिव भएका, विश्व शान्ति परिषद्द्वारा आयोजना हुने शान्ति सम्मेलनमा भाग लिन नेपाल पहिलो पटक आमन्त्रित भएका, प्रजातान्त्रिक मुलुक भएका नाताले त्यसमा नेपालले पनि भाग लिन पाएको, त्यस कार्यक्रममा प्रधानले भाग लिनका लागि निवेदन दिने सोचमा बनाएका, तीनदेखि पाँच जनासम्म प्रतिनिधि लैजान पाइने भएकाले प्रधान यसैका लागि प्रधान मन्त्री मोहन शमशेरलाई भेट्न लक्ष्मी निवास पुगेको लगायतका घटना प्रसङ्गहरूलाई वर्णन गरिएको छ । प्रधान मन्त्रीलाई उनले छोटकरीमा यस सम्बन्धमा कुरा राखेपछि प्रधान मन्त्रीले गृहमन्त्रीसँग जान आग्रह गरेका, त्यति बेलाका गृहमन्त्री विश्वेश्वर प्रसाद कोइरालालाई भेट्न उनी गृहमन्त्री निवासमा गए तापनि भेट हुन नसकेको, भर्खर प्रजातन्त्र आएको र राजनैतिक स्थिरता भई नसकेकाले नीति-नियम बनाउन गृहमन्त्री व्यस्त भएको, संयुक्त सरकारका सदस्यहरूमा एक अर्काप्रति शङ्का, अविश्वास, अन्तर विरोध र बेमेलको स्थितिले गर्दा वातावरण असहज रहेकाले अन्ततः पासपोर्ट दिन नमिल्ने कुरा अर्थ्याएर प्रधानको उद्देश्य अवरूद्ध गरिएको विषयलाई यसमा उल्लेख गरिएको छ ।

यसपछि प्रधान तीन दिनको लामो यात्रा पार गर्दै बङ्गलोर पुगेका, मोहन शमशेरको बङ्गलोर स्थित दरबारमा ठुलो कम्पाउण्ड भएको, दोस्रो दिन भेट्ने समय मिलाएर प्रधान साँझको चार बजे मोहन शमशेरलाई भेट्न बैठकभित्र प्रवेश गरेका, कुर्सीमा मोहन शमशेर विराजमान भएको कुरा उल्लेख गरिएको छ । मोहन शमशेरलाई भेट्दा कपाल सेताम्य भएका, गाला चाउरी परेका, अनुहार खुम्चिएका, होचो शरीरमा दुब्ला छाकेछाके जस्तो स्फूर्ति विहीन देखिएको कुरा वर्णन गरिएको छ : “सेताम्य फुलेको कपाल, त्यसमाथि ढाकाको टोपी । चाउरी परेको गाला, खुम्चिएको अनुहार, चिम्से आँखा, न अग्लो न होचो शरीरका दुब्ला मोहनशमशेरको मुखाकृतिमा खासै कुनै आकर्षण थिएन” (प्रधान, २०६३ : ५१) । भेटका क्रममा प्रधानले अभिवादनको शिष्टाचार गरेपछि मोहन शमशेरले बस्ने सङ्केत गरेका, प्रधानले आफू भेट्न

आएको कुरा बेली विस्तार लगाएका, विद्‌यालय बनाउँदा लाखौं खर्च गरे पनि हेर्दा बिरक्त लाग्दो भएको र रङ रोगन, प्लाष्टर भए भवन अर्कै देखिने भएकाले फर्निचर सहित सहयोगको अपेक्षा गरेको अवगत गराउँछन् । मोहन शमशेरले अर्काको देशमा यो कर त्यो कर भन्दै सरकारले अनेकौं कर लगाएको र छोरो शारदा शमशेर स्वर्गीय सुखभोगमा लागेर आफू समेत आर्थिक समस्यामा अल्झेको कुरा अवगत गराउँछन् । प्रधानले दिज्यूको स्मृतिमा बनेको विशाल भवन भएकाले सहयोग गर्न धेरै नै विनय गरेका तर मोहन शमशेरले कुरा अर्कैतिर मोडी नेपालको तत्कालीन परिस्थितिका बारेमा सोधेका, प्रधानले यस बारेमा अवगत गराएका, विदेशीको ऐन कानूनको अधिनमा बस्दा कठिनाइ भएको कुरा मोहन शमशेरले बताउँछन् : "मलाई यहाँ बस्नै गाह्रो भैसक्यो । यो कर, त्यो कर भन्दै भारत सरकारले अनेकौं कर लगाएको छ । अर्काको देशमा बसेपछि त्यहाँको कानुन मान्नै पर्‍यो । करले ढाड सेकिसक्यो" (प्रधान, २०६३ : ५२) । प्रधानले मोहन शमशेरको अनुहारमा कताकता आत्मग्लानि, अपमान, आन्तरिक पीडा, प्रतिशोध, निस्सारता, विवशता बोधको अनुभव गरेको कुरा यसमा उल्लेख गरेका छन् । मोहन शमशेरको प्रवासी जीवनको दुःखलाग्दो अवस्थाबारे लेखकले यसरी टिप्पणी गरेका छन् :

> *मोहनशमशेरको असन्तुष्टिबाट व्यक्तिएका विचलन, विदग्धता, पराभूतिको दुःखद अनुभूति भारतको प्रवास जीवनपछि झन् चर्केछ । देशको परिवर्तन अथवा बदलिंदो समयको यथार्थलाई अङ्गीकार गरेर त्यसैमा समाहित भई बसिदिएका भए यो परिणति भोग्न पर्दैनथ्यो । सामन्ती अभिजातीय मान–मर्यादा, अभिमानमाथि पर्ने चोटले आक्रोशित हुनेहरू अहंकारवश स्वयम् समाप्त भइदिन्छन् तर समय सँगसँगै हिंड्न मान्दैनन्* (प्रधान, २०६३ : ५३) ।

यसरी यसमा प्रधानले मोहन शमशेरलाई भारतको बङ्गलोरमा भेट्दा उनको जीवनमा देखिएको उदासीपन, रिक्तता, हीनता बोध लगायतका गहिरो दुःखका सङ्केतहरू भेटिएको विषयलाई कलात्मक रूपमा चित्रण गरिएको छ ।

### ४.१.४.२. हो, भारतीय नेपाली भन्नुहोस्

यस संस्मरणमा लेखकका धेरै भावना र थोरै घटना सन्दर्भलाई उल्लेख गरिएको छ । यस संस्मरणको प्रारम्भमा लेखकका निजी विचारहरू प्रस्तुत गरिएको छ भने अन्तिममा घटना प्रसङ्गका विषयलाई सङ्क्षिप्त रूपमा चित्रण गरिएको छ । प्रस्तुत संस्मरणमा लेखक झापाको भद्रपुर चन्द्रगढीमा गएको घटना सन्दर्भलाई मुख्य रूपमा चित्रण गरिएको छ । उनी चन्द्रगढीमा

हुने देशव्यापी साहित्यिक सेमिनारमा भारतमा बसोबास गर्ने प्रवासी साहित्यकारहरूलाई निमन्त्रणा गर्ने उद्देश्यका साथ दार्जिलिङ, कालिम्पोङ, सिक्किम, आसाम गएको विषयलाई संस्मरण गरिएको छ । जाने भएपछि परीक्षाको काममा जाँदा आर्थिक भार पनि कम पर्ने ठानी सोही अनुसार परीक्षाको काम लिएर गएको कुरालाई यसमा वर्णन गरिएको छ । यस शीर्षकको प्रारम्भमा लेखकले आफ्ना केही निजी भावनागत प्रसङ्गहरू यसरी प्रस्तुत गरेका छन् :

> *विगतमा विचरण गर्दाको सम्झनाले अर्कैखाले आनन्दको सिर्जना गर्दो रहेछ । आफैंमा छोइएर लाग्ने कुतकुती जस्तो । बर्षौंपर्ष अघिको आफ्नो पुरानो अनुहार र हराइसकेको मान्छेलाई एकाएक पाउँदाको खुशी र विस्मयको अनपेक्षित अनुभूतिजस्तो । यसरी बिनाभाषाको शब्दको भाषा पनि प्रस्ट बुझिने गरी व्यक्तिंदो रहेछ* (प्रधान, २०६३ : ५३) ।

यसरी संस्मरणकारले आफ्नो समग्र विगतको मूल्याङ्कन र संस्मरण गरेका छन् । विगतमा विचरण गर्दा उनलाई रमाइलो अनुभूति भएको कुरा उल्लेख गरेका छन् । वर्षौंवर्ष अघिको पुरानो अनुहार र हटाइ सकेको मान्छेलाई पाउँदाको खुशी र विस्मयको अनुभूतिलाई दर्साएका छन् । विगतको गल्छी-गल्छेडोबाट निस्केर वर्तमानको फराकिलो चौबाटोमा उभिँदा आफूले आफूलाई नै चिन्न नसकिने अवस्था आएको कुरा दर्शाएका छन् । उनी भन्छन् : "उमेर घर्किंदै जाँदा देखापर्ने परिवर्तन जस्तै परिवर्तनहरू भइरहन्छन् यसलाई खप्टिंदै जाने खापका खाप समयको छाप भन्ठान्छु" (प्रधान, २०६३ : ५३) ।

### ४.१.४.३. झापामा एस.एल.सी. परीक्षाको सञ्चालन

यस संस्मरणमा प्रधान वि.सं. २०२२ सालमा प्रवेशिका परीक्षाको सुपरिटेन्डेन्ट भई झापाको भद्रपुर गएको विषयलाई चित्रण गरिएको छ । उनले प्रवेशिका परीक्षाजस्तो झमेलो काम पहिले कहिल्यै गरेका नहुनाले अनुभवको कमी महशुस गरेका छन् । भद्रपुरमा ललितपुरका स्वयम्भुलाल श्रेष्ठ पनि बस्ने हुनाले उनकै आग्रहमा लेखक बसेका हुन्छन् । श्रेष्ठको घरमा बस्दा सम्भावित खतराबाट बँच्न सकिने हुनाले उनले सो निर्णय गर्दछन् । श्रेष्ठ ललितपुरका निवासी भए पनि झापाकै भइ सकेका र उनी त्यहाँ स्थापित व्यक्तित्व भएकाले त्यहाँका विशिष्ट व्यक्तित्वहरूको सहयोग पाउनका लागि पनि श्रेष्ठको घरको बसाइँ उपयुक्त हुने निष्कर्ष लेखकले निकालेका हुन्छन् :

*भद्रपुरमा ललितपुरका स्वयंभूलाल श्रेष्ठ पनि बस्थे । उनको आग्रह र मेरो अनुरोधमा म स्वयंभूलालकै घरमा बसें । उनी कहाँ बस्दा सबैभन्दा सुरक्षित लाग्थ्यो । परीक्षा दिनेहरूबाट हुनसक्ने संभावित खतराबाट जोगिनु आवश्यक थियो । दोस्रो भद्रपुरका स्थानीय लेखक, साहित्यानुरागी विद्वत्‌जनले सहयोग गर्ने वातावरण सृजना गर्नु थियो* (प्रधान, २०६३ : ५४) ।

मेची अञ्चलका तत्कालीन अञ्चलाधीश बद्री बिक्रम थापा अत्यन्तै भद्र, मिलनसार, विनम्र, आदर्शवान्, साहित्यानुरागी र सहयोगी स्वभावका भएकाले लेखकलाई काम गर्न सजिलो हुन्छ । प्रधान भद्रपुरको विद्यालयको परीक्षा सम्बन्धी त्यहाँको व्यवहार, घटनाहरू देख्दा भने हतप्रभ हुन्छन् । परीक्षा दिने र दिन लगाउने परीक्षार्थीहरू, शिक्षक, अभिभावक एवम् सुरक्षा कर्मीहरू सबैको मिलेमतो भएको कुरा उनले पत्ता लगाउँछन् । आफ्ना परीक्षार्थीहरूलाई उत्तीर्ण गराउने उद्‌देश्यका कारण परीक्षा सम्बन्धी नियम, सोचाइ र परि कल्पना अनुसारको व्यवहार कसैमा पनि नपाइएको कुरा उनले उल्लेख गरेका छन् । परीक्षार्थीले दिनहुँ ल्याउने खातका खात चिटहरू देख्दा उनी आश्चर्य चकित परेका छन् । यस प्रसङ्‌गमा प्रधानले उल्लेख गरेका छन् : "कतिलाई कारवाही गर्ने, कतिलाई निष्काशित गर्ने ? दिनहुँ समातिएका यस्ता किताब, कापी, कागजपत्रहरू जम्मा गर्ने हो भने डोकाको डोका पुग्ला" (प्रधान, २०६३ : ५५) । उनको मनमा त्यस्ता चोरेर पास हुनेहरूबाट निर्माण हुने समाज र देशको भविष्य कस्तो होला भन्ने जिज्ञासा र चिन्ता उत्पन्न भएको छ । यस्तै यसमा उनले निकालेका विद्‌यार्थीहरूमध्ये कसैले दार्जिलिङ जाँदा हिसाब किताब गरौंला भनेका र कसैले ज्यान मार्ने धम्की दिएका, उनले पनि प्रति उत्तरमा भद्रपुर आफ्‌नो पनि भएको कुरा बताएका, विद्‌यार्थीहरूबाट हुन सक्ने सम्भावित आक्रमणलाई ध्यान दिँदै अञ्चलाधीशले सुरक्षा प्रदान गरेका, उनलाई अञ्चलाधीशकै धर्मपत्नीसँग सिलिगुडी जाने व्यवस्था मिलाइएको लगायतका प्रसङ्‌गहरूलाई स्मरण गरिएको छ ।

### ४.१.४.४. दार्जिलिङ प्रस्थान

यसमा लेखक प्रधान भद्रपुरबाट दार्जिलिङ पुगेपछिका क्रियाकलापहरूको स्मरण गरिएको छ । उनी दार्जिलिङ पुग्दा रात पर्नै आँटेको, भोलिपल्ट इन्द्र बहादुर राई, ईश्वर बल्लभ, वीरेन्द्र सुब्बा, देव कुमारी सिंह, कुमार प्रधान लगायतका साहित्यकारहरू उनी बसेको होटलमा भेट्न आएका, त्यहाँ उनीहरूका बीच तेस्रो आयामको सम्बन्धमा, साहित्यकारहरूका माझमा हुनु पर्ने सम्बन्ध र साहित्यिक गतिविधिका सम्बन्धमा गम्भीर छलफल र बहस भएको

लगायतका प्रसङ्गहरू चित्रण गरिएको छ । दार्जिलिङमा नयाँ प्रवृत्ति र दृष्टिकोण सहित साहित्यलाई अत्याधुनिक दिशा दिने चिन्तन, प्रयोगका साथै आयामिक बहसतर्फ उन्मुख केही युवाहरूको प्रादुर्भाव भइ रहेको कुरालाई यसरी चित्रण गरिएको छ : "दार्जिलिङ्गमा नयाँ प्रवृत्ति दृष्टिकोणसहित साहित्यलाई अत्याधुनिक दिशा दिने चिन्तन, प्रयोगका साथै आयामिक चर्चाले नूतनतातिर उन्मुख केही युवाहरूको प्रादुर्भाव भइरहेको थियो" (प्रधान, २०६३ : ५७) । दार्जिलिङको स्थिति अलि बेग्लै भएकै कारणले गर्दा पार्टीहरूबाट अलग भएर बाँच्न सजिलो नभएको, प्रधानले हामी लेखकहरू पार्टीगत राजनीतिबाट अलग रहेर आफ्नो स्वतन्त्र अस्तित्व कायम गर्नुपर्ने धारणा राखेका छन् : "हामी-तपाईंहरू पार्टीगत राजनीतिबाट अलग रहेर किन आफ्नो स्वतन्त्रता, अस्तित्व कायम राख्न सक्तैनौं" (प्रधान, २०६३ : ५७) ? लेखकको यस प्रश्नको उत्तरमा उनीहरूले त्यहाँको सन्दर्भमा पार्टीगत राजनीतिबाट अलग रहेर बाँच्न सम्भव नरहेको धारणा राखेको कुरा यसमा उल्लेख गरिएको छ । यस शीर्षकको अन्तिम भागतिर लेखकका राष्ट्रियता सम्बन्धी केही निजी धारणाहरू प्रस्तुत गरिएको छ । उनले नेपालीहरूमा भिन्नता र पराइको भावनाभन्दा पनि एकात्मकता र आफ्नोपनको भावना रहने तथ्यलाई प्रस्तुत गरेका छन् :

> *भिन्नाभिन्नै देशका नागरिक भए पनि, बेग्लाबेग्लै जाति, भाषा, संस्कृतिको भए पनि अन्ततः हामी नेपाली र हामी जस्तै अरू जातीय मूलकाहरू पनि जहाँसुकै रहेबसे पनि भिन्नता र जातीय पराईपनको विच्छिन्नता बोध गर्दैनौं । जातीय एकात्मीयताको भावनाले यसलाई बाँधेको हुँदो रहेछ* (प्रधान, २०६३ : ५७) ।

यसरी नेपालीहरूको मौलिक विशेषतालाई लेखकले चित्रण गरेका छन् । जुनसुकै भूगोलमा बसे पनि नेपालीहरूमा एकात्मकताको भाव हुने कुरालाई उल्लेख गरिएको छ ।

### ४.१.४.५. कवि वीरेन्द्र सुब्बाको असंतुलित मानसिकता

यसमा कवि वीरेन्द्र सुब्बाको असन्तुलित मानसिकता र व्यवहारलाई चित्रण गरिएको छ । वि.सं. २०१८ सालतिर वीरेन्द्र सुब्बाको कविता सङ्ग्रह 'मद्येमाला' छाप्नका लागि कवि व्यथितले आर्थिक सहयोग जुटाइ दिनका लागि वीरेन्द्र सुब्बालाई केशर शमशेरसँग आग्रह गरेका र वीरेन्द्र सुब्बाले आर्थिक सहयोग प्राप्त गर्ने भएपछि **उ**क्त कविता सङ्ग्रह छपाइको

जिम्मा प्रधानलाई दिइएको विषयलाई यसमा उल्लेख गरिएको छ : "कवितासङ्ग्रह काठमाडौँबाटै छाप्ने गरी सोको जिम्मा मलाई सुम्पेर भूमिका लेखिदिने आग्रह गरी उनी दार्जीलिङ्ग फर्के" ( प्रधान, २०६३ : ५८) । त्यसपछि आवश्यक सहयोग गर्न र कविता सङ्ग्रहमा भूमिका लेख्न समेत प्रधानलाई आग्रह गरी कवि वीरेन्द्र सुब्बा दार्जिलिङ फर्केका र प्रधानले उक्त पुस्तक छापेर सो को खर्च विल सहित सबै पठाइ दिन्छन् । केशर शमशेरलाई आर्थिक सहयोग गरे वापत कवि वीरेन्द्र सुब्बाले उपहार स्वरूप पेन्टिङ पठाइ दिने वाचा गरेका हुन्छन् । कवि वीरेन्द्र सुब्बाले केशर शमशेरलाई उपहारका रूपमा दिने भनेको पेन्टिङ पठाउँदा त्यससँगै विल पनि पठाउँछन् :

> *अनि चिठीमा लेखेका थिए– पेन्टिङ्ग दिएर सो को विल बमोजिमको रूपियाँ पठाइदिनु होला । व्यथित तीनछक परे ... बिडम्बनाको कुरा हो व्यथित वा मलाई लेखेको अधिकांश चिट्ठीमा औपचारिकतासम्म पनि निर्वाह गर्दैन थिए । बिनासम्बोधन, बिनामर्यादा, बिना भवदीय मात्रै पेटबोली हुन्थ्यो चिट्ठीमा । लाग्यो यो त्यही अस्वस्थ्य मानसिकताको विकृत अभिव्यञ्जना थियो* (प्रधान, २०६३ : ५८) ।

यसबाट वीरेन्द्र सुब्बाको असन्तुलित मानसिकता र असामान्य व्यवहार प्रष्ट भएको धारणा प्रधानले यस शीर्षकमा राखेका छन् । यसमा साथी सम्झेर सहयोग गर्दा उल्टो असहयोग र खल्लो व्यवहार भएको घटनाले लेखक प्रधानलाई पछिसम्म नमिठो अनुभव भएको कुरा उल्लेख गरिएको छ ।

### ४.१.४.६. कालिङ्गपोङमा पारसमणिसँगको भेट

यस संस्मरणमा लेखक प्रधानको कालिङ्पोङमा साहित्यकार पारस मणिसँग भेट भएको घटना प्रसङ्गलाई उल्लेख गरिएको छ । यसमा त्यसबेला आसाममा भाषा आन्दोलन चलि रहेको, आसामका नेपालीहरू आतङ्कित भएका, नेपालीहरू मारिने र खेदिने लहर चलेको, बाहिरबाट आउने नेपाली भनेपछि गुप्तचरहरू पछि लाग्ने गरेको विषयलाई स्मरण गरिएको छ । प्रधान कालिङ्पोङ्ग पुगेर कुमुदिनी होम्सको अतिथि गृहमा बसेका, त्यहाँबाट पारस मणि प्रधानलाई आफू आएको जानकारी गराएका, पारस मणि प्रधानले उनलाई घरमा बोलाएका, लेखकले पारस मणिलाई देख्दा उनी बडो हँसिला, फरासिला र जाँगरिला देखिएका लगायतका प्रसङ्गहरूलाई उल्लेख गरिएको छ : "ठीकै ठीकै को अग्लो, डिम्मडाम्म जिउ, ढ्याब्रे नाक, भ्यात्त परेको मङ्गोल मुखाकृतिका पारसमणि प्रधान प्रसन्न चित्तको बडो हँसिला, फरासिला र

जाँगरिला रहेछन्" (प्रधान, २०६३ : ५९) ।

यसमा इलामको वरफोकमा महानन्द सापकोटाले नेपाली भाषा प्रचारक सङ्घ स्थापना गरी नेपाली साहित्य सम्मेलनको आयोजना गरेका र त्यसमा लेखक प्रधान पनि आमन्त्रित भएका, नेपालका कवि शिरोमणि लेखनाथ, महाकवि लक्ष्मी प्रसाद देवकोटा, नाटककार बालकृष्ण सम जस्ता  महारथीहरूको पनि उपस्थिति भएको, त्यसै साहित्य सम्मेलनमा पारस मणिलाई पनि आमन्त्रित गरिएको तर दुर्भाग्यवश पारस मणि बिच बाटोबाटै फर्किएको घटनालाई प्रस्तुत गरिएको छ ।  पारस मणिले आफू फर्कनुको कारण खुलाउन नचाहे पनि असम्मानजनक घटनाले गर्दा उनी फर्केका, लेखकले पारस मणिलाई नेपाल आउन निम्तो दिँदा पारस मणिले आफू नेपाल कहिल्यै नजाने कुरा व्यक्त गरेको विषयलाई उल्लेख गरिएको छ । अझ अर्को प्रसङ्गमा पारस मणिलाई लेखकले प्रवासी नेपाली भन्दा पारस मणिले चित्त दुखाएको विषयलाई वर्णन गरिएको छ : "कृष्णचन्द्रज्यू ! तपाईले अघि हामी यहाँकाहरूलाई प्रवासी भन्नु भएको थियो । के हामी प्रवासी हौं ? तपाइहरूले त यहाँ पनि हामीलाई सुबिस्तासाथ बस्न नदिने भयो" (प्रधान, २०६३ : ६१) । लेखकले प्रवासी भनेर आफूले पहिलेदेखि अरूले प्रयोग गरेको शब्दलाई प्रयोग गरेको भनेर आफ्नो बचाउ गर्छन् तर पारस मणि लेखकको तर्कसँग सहमत हुन सक्दैनन् । उनले लेखकसँगको आफ्नो असहमतिलाई यसरी प्रस्तुत गरेका छन् :

> *म मान्दिन । आपत्ति गर्दै भन्छन्-प्रवासी भनेर हामीलाई घरको न घाटको तुल्याउन खोजिरहेका छन् । क्यै दिन, क्यै महिना, वर्ष बस्नेहरूका निमित्त प्रवास हो विदेश भनेको । तिनीहरू प्रवासी हुन् । म त यहींको भइसकें । अर्थात् भारत मेरो देश भइसक्यो । यहाँ मेरो आफ्नै घर छ, जग्गा-जमिन छ, यत्रा प्रेस, करोडौंको लगानी, बन्द-व्यापार सबै यहीं छ । म कहाँ नेपाल फर्कन सक्छु अब* ( प्रधान, २०६३ : ६२) ?

यसरी पारस मणिले आफू यताको न उताको अर्थात् घर न घाटको भएको, भारतले नेपाली भन्ने नेपालीले भारतीय भन्ने कारणले परिचय विहीन भएर बाँच्नु परेको दुःखद् सन्दर्भलाई लेखक समक्ष प्रस्तुत गरेका छन् । दुवै जनाको लामो छलफलपछि लेखकले उनलाई भारतीय नेपाली भन्दा उपयुक्त हुने धारणा राखेपछि त्यसमा पारस मणिले हुन्छ भनी स्वीकार गरेको घटना प्रसङ्गलाई यसमा स्मरण गरिएको छ ।

### ४.१.४.७. सिफारिस एउटा, मनोनयन अर्कैलाई

यसमा तत्कालीन एकेडेमीमा भएको छलकपट पूर्ण व्यवहारलाई स्मरण गरिएको छ । यसमा प्रारम्भमा प्रधानको घरमा शिक्षा, संस्कृति तथा खेलकूद मन्त्रीज्यूको निवासबाट फोन आएको, फोनबाट नै तुरून्त मन्त्री निवास आउने प्रस्ताव गरिएको, यसपछि बन्द, हड्तालको दिनमा पनि उनी बल्लतल्ल टेम्पो चढेर प्रधान मन्त्री निवास पुगेका, मन्त्री निवास पुगेपछि प्रधानको र मन्त्रीको परिचय आदान प्रदान भएको, मन्त्रीज्यूले एकेडेमीका सदस्यहरूको छनोट गर्नका लागि छनोट समिति गठन गर्ने सन्दर्भमा प्रधानसँग सल्लाह लिनको लागि निमन्त्रणा गरेको कुरा जानकारी गराएका लगायतका प्रसङ्गहरूलाई उल्लेख गरिएको छ । प्रधानलाई भेट्नुको रहस्य खोल्दै मन्त्रीले भनेका छन् : "अलिकति सल्लाह गरूँ भनेर दुःख दिएको हुँ । फेरि केही सम्झन खोज्दै भन्छन्-एकेडेमीका सदस्यहरूको छनोट समिति गठन भएको तपाईलाई थाहै होला" (प्रधान, २०६३ : ६६) ।

मन्त्रीसँगको भला कुसारीका क्रममा प्रधानले सबै क्षेत्र र वर्गको प्रतिनिधित्व गर्न सल्लाह दिएका, मन्त्रीज्यूले कुलपतिमा माधव घिमिरे, उप कुलपतिका विजय बहादुर मल्ल र सचिवमा कृष्णचन्द्र सिंह प्रधानको सिफारिसका लागि प्रस्तावित भएको कुरा जानकारी गराएका र यसमा प्रधानले पनि आफ्नो विमति नरहेको कुरा जानकारी गराउँदै छनोट एउटा निश्चित मापदण्डको आधारमा गरिनु पर्ने, हरेक भाषा, भूगोल र महिलाको पनि सहभागिता हुने गरी समावेशी प्रकृतिको समिति गठन गर्न उपयुक्त हुने सुझाव पनि दिएका थिए । पछि परिषद्का कुलपतिदेखि सदस्यसम्मको नाम घोषणा भएको, त्यसमा मन्त्रीज्यूको सूचीमा परेका कुलपति, उपकुलपति बाहेक अरू सबै नाम फेरिएका, प्रधान सिफारिसमा परे पनि मनोनयनमा पर्न नसकेको प्रसङ्गलाई यस शीर्षकमा उनले यसरी उल्लेख गरेका छन् : "भरे प्राज्ञ परिषद्का कुलपतिदेखि सदस्यहरूको नामको घोषणा हुँदा मन्त्रीज्यूको सूचीमा परेका कुलपति, उपकुलपति बाहेक अरूहरू त सबै फेरिएका रहेछन् । अर्कै अनुहारका पो देख्छु" (प्रधान, २०६३ : ६७) । यसरी यसमा लेखक प्रधानले आफू शिक्षा मन्त्रीबाट सिफारिस भएर पनि मनोनयनमा चलखेल हुँदा एकेडेमीको सदस्य सचिव हुनबाट बञ्चित भएको दुःखद् यथार्थलाई उद्घाटन गरेका छन् । यसले लेखकलाई नेपालको प्रजातान्त्रिक संस्कारका कुराहरू हात्तीका देखाउने दाँतमात्रै भएको अनुभूति दिलाएको छ । यस्तो प्रवृत्तिलाई उनी यसरी देखाउँछन् :

> *अरूलाई देखाउनका लागि प्रजातान्त्रिक विधि अनुसरण गरिन्छ, राख्दा आफूले चाहेको मानिस । कित पहिले नै निर्देशित गरिएका नामहरू सिफारिश गर्नका*

*लागि जान्छ । होइन भने हात्तीको देखाउने दाँत जस्तै लाग्यो । सिफारिश एउटा हुन्छ, मनोनयन अर्कैको । म सोझो र इमान्दार मान्छे साँच्चि भनिटोपलेको त हुस्सुदण्डमा पो परेको रहेछु* (ऐजन : ६८) ।

यसरी यसमा तत्कालीन नेपालमा एकेडेमी जस्तो संवेदनशील क्षेत्रमा पनि अनावश्यक राजनीति हुने गरेको, योग्य मानिसलाई भन्दा आफ्ना नाता गोता र नजिकका मान्छेलाई मनोनयन गर्ने प्रवृत्ति रहेको, लोक भुलाउन राम्रा मान्छेलाई बोलाएर आश्वासन दिने गरेको जस्ता सन्दर्भहरूलाई मार्मिक ढङ्गमा चित्रण गरिएको छ ।

### ४.१.४.८. प्रसङ्ग वेसुद्धीको

यस संस्मरणमा लेखक प्रधानले आफ्नो व्यवहारमा देखिएको बेसुद्धीपनको चित्रण गरेका छन् । उनले आफ्नो बेसुद्धीपनको उदाहरण दिने क्रममा विगतमा भएका थुप्रै विषय प्रसङ्गहरूको उल्लेख गरेका छन् । उनले सामान्य मानिसहरू सिर्जनात्मक काममा तल्लीन भइ रहने हुनाले त्यस्ता मान्छेलाई बौलट्ठी भन्ने गरिएको धारणा प्रस्तुत गरेका छन् । उनले सिर्जनात्मक काममा लाग्ने लेखक वा अन्य व्यक्तिहरूले सामान्यभन्दा सामान्य कुरा पनि बिर्सने हुनाले सामान्य मानिसहरूले त्यस्ता सिर्जनशील मानिसहरूको व्यवहारलाई अस्वाभाविक मान्ने धारणा प्रस्तुत गरेका छन् । उनले संसारमा भुलक्कडहरू थुप्रै भएको, बाथरुममा नुहाउँदा नुहाउँदै एक्कासी खोजेको पाइयो भनेर खुसीले भाव विह्वल भई वैज्ञानिकले आफू नाङ्गै छु भन्ने समेत बिर्सेको प्रसङ्ग पनि उल्लेख गरेका छन् । लेखकले आफू पनि भुलक्कड भएको विषयलाई यसरी  चित्रण गरेका छन् :

*मचाहिँ सुद्धी हराएको मान्छे जस्तै भइदिंदो रहेछु । झिनामसिना कुरामा कहिल्यै ध्यान दिने गर्दिन । व्यावहारिक कामकुरोप्रति पनि कहिल्यै गंभीर भइन । सधैं बिर्सिरहेको हुन्छु । बिर्सेर अनर्थ भइसकेपछि भूल भएको थाहा हुन्छ र लज्जित हुन्छु । आइन्दा होस् पुऱ्याउने वाचा गर्छु । तर फेरि बिर्सन्छु । त्यही गल्ती दोहोरिन्छ । जति व्यावहारिक हुन खोजे पनि क्यै लाग्दैन* (प्रधान, २०६३ : ६९) ।

यस्तै लेखकले यसमा आफूले एकपल्ट देखेको मानिसलाई फेरि फेरि देख्दा भुल्ने, एकपल्ट पत्ता लगाएको ठाउँमा फेरि फेरि जान नसक्ने, मान्छेको अनुहार कहिल्यै नसम्झने,

हरेक मान्छेलाई भेट्दा नाम सोधि रहने लगायतका बेसुद्धीपन प्रस्तुत गर्ने गरेको कुरा उल्लेख गरेका छन् । एक जना हेड मास्टरकी श्रीमतीले प्रधान श्रीमती कयःलाई प्रधानको मगज बिग्रेको भनेकी, कय छक्क परेकी र उनले श्रीमान्को बचाउ गरेकी छन् । यसमा उनको साहित्यकार युवराज नयाँघरेसँगको भेट पनि रोचक हुने गरेको विषयलाई प्रस्तुत गरिएको छ । प्रधानले जतिपल्ट भेटे पनि युवराजको नाम बिर्सेर हैरान पारेको सन्दर्भलाई यसरी उल्लेख गरिएको छ : "नयाँघरेलाई नमिठो लाग्ने नै भो । जिस्क्याएजस्तो, अपमानित भएजस्तो पनि भयो होला । अप्ठेरो मान्दै गह्रुँगो आवाजमा उनले भने – दाइ ! यो चौँथो पटक मेरो नाम सोध्दै हुनुहुन्छ । म बताउँदै आइरहेछु नयाँघरे भनेर" (प्रधान, २०६३ : ७०) । यसरी प्रधानले परिचय गरि सकेपछि पनि चार पटकसम्म पनि सोध्ने र पहिलोपल्टै जसरी सोधेर परिचय गर्ने गरेको, पछि नयाँघरेले धेरै पटक परिचय भयो दाइ भनेपछि प्रधानले आफ्नो कमजोरी स्वीकारेका छन् । अर्को प्रसङ्गमा उनले घरबाट बाहिर निस्कँदा सुरवाल उल्टो लगाइ बाटोमा हिँडेका, एक जना महिलाले सुरवाल उल्टो लगाउनु भएको छ भनी बताएपछि लाज मान्दै अर्कै बाटो भइ हिँडेको घटनालाई स्मरण गरेका छन् । त्यस्तै उनले पढाउने स्कुलबाट घरमा फोन गर्छु भनी नम्बर डायल गर्दा स्कूलकै नम्बरमा धेरै पटक डायल गरेपछि हेड मास्टरले स्कुलकै नम्बरमा डायल गर्नु भएको छ भनी बताएको र पछि आफू लाजले अवाक् भएको प्रसङ्गलाई पनि स्मरण गरेका छन् । त्यस्तै, यसमा उनी कवि व्यथितकी छोरीको बिहे सकिएको भोलिपल्ट बिहेघरमा गएको अनि कवि गिरिश कुमार सिंहको छोराको बिहेमा अघिल्लै दिनमा गएर गेटबाट फर्किएको लगायतका उनको बेसुद्धीपनसँग सम्बन्धित घटनाहरूलाई स्मरण गरिएको छ ।

### ४.१.५. सिमान्तको यात्रा : ऊ कहिल्यै ब्युँझिन

यसमा लेखकले आफ्नी जीवन सङ्गिनी कयःका बारेमा स्मरण गरेका छन् । उनलाई सबैले कयः भने तापनि लेखकले सुलभा नाम राखेको कुरा उल्लेख गरेका छन् । उनले यसमा ललितपुरका सु. वीर सुन्दर श्रेष्ठकी छोरी कयः लेखकको जीवनमा छ दशक अगाडि नै प्रवेश गरेकी, अठहत्तर वर्षको लामो जीवनमा मेहनत गरेर, सम्मानको लडाइँ लडेर र रोगसँग भिड्दा भिड्दै जीवन बिताएको कुरा उल्लेख गरेका छन् । उनले सामाजिक प्रतिष्ठा कायम राख्ने सवालमा कयः कहिल्यै पछि नपरेको धारणा प्रस्तुत गरेका छन् । उनले कय सामाजिक भावना भएकी, इज्जत प्रतिष्ठामा बाँच्ने, सहयोगी, स्वाभिमानी, मितव्ययी, सहज र सरल स्वभाव भएकी एक सङ्घर्षशील नारी भएको कुरा उल्लेख गरेका छन् :

*जीवनमा आइपरेको कठिनाइबाट कहिल्यै हरेस खाइन । परेको सामाजिक व्यवहार चलाएकै हुन्छे । न कसैको सामु झुक्छे, न दब्छे, न हेपेर नीचा देखाउनै चाहन्थी कसैलाई । उनीबाट चित्त दुखाएर गुनासो गरेको थाहा छैन । मितव्ययी भईकन पनि हुनेखानेले गरेजस्तो इज्जत राख्ने गर्थी, कसैले गम लिनै सक्तैन* (प्रधान, २०६३ : ७९) ।

यसबाट कयःको उदार, निडर र सङ्घर्षशील जीवनको परिचय स्पष्ट भएको छ । लेखकले यसमा कयःका जीवनका अनेक उतार चढाव र घटना प्रसङ्गहरूलाई स्मरण गरेका छन् । कयःले नै आफ्नो माहिलो भाइलाई परिचित मन्त्रीसँग भनेर अधिकृत स्तरको जागिर लगाइ दिएकी तर अंशवण्डामा चित्त नबुझेर उसको र कयःको बिचमा मन मुटाव हुन्छ । यसपछि कयः भाइकोमा बोलाउँदा पनि जान छाडछे : "त्यस्तै के विषयलाई लिएर हो कयः र उसको माझ पनि भनाभन परे छ होला । उसले कयःलाई अवश्य नै केही भनेको हुनुपर्छ । त्यसबाट चिढिएकी कयः उसकहाँ जानै छाडी । चिठ्ठी लेखेर बोलाउन पठाउँछ । तै पनि गइन" (प्रधान, २०६३ : ७८) ।

लेखकले कयःको जीवनका उतार चढावहरूको स्मरण गर्ने क्रममा उसलाई लागेका रोगहरू र तिनका विरूद्धमा कयःले गरेको सङ्घर्षलाई निकै मार्मिक ढङ्गले चित्रण गरेका छन् । एक्काइसौँ शताब्दीमा पनि औषधी उपचार नभएका अल्जाइमर्स र पार्किन्सन जस्ता रोगहरूले कयःलाई ग्रसित पारेको दुःखद प्रसङ्ग उल्लेख गरेका छन् । डा. अग्रवाललाई देखाउँदा कयःलाई अल्जाइमर्स र पार्किन्सन दुवै रोग लागेको र यी दुवै रोगको उपचार आधुनिक मेडिकल विज्ञानले पनि पत्ता नलगाएको कुरा बताएपछि लेखक छानाबाट खसे जस्तै भएका छन् । कयःलाई लागेको रोगका सम्बन्धमा अग्रवालको राय यस्तो रहेको छ :

*डा.अरूणले भनेअनुसार डा. अग्रवाललाई देखाउँछु । उनले पार्किन्सन र अल्जाइमर्स दुवै हो भन्ने ठहर गरे अनि भने यी दुवै रोगको औषधि छैन । पार्किन्सन हात काम्ने र हिंडडुल गर्न नसक्ने हुन्छ । पछि बोल्न पनि सक्तैन । अल्जाइमर्सले मेमोरी खतम हुँदै जान्छ । सबै बिर्सन थाल्छ । सबै बिर्सन थाल्छ ... रोनाल्ड रेगन अल्जाइमर्सले पीडित छन्* (प्रधान, २०६३ : ८२) ।

यसरी कयःको जीवनमा एकाएक भयानक आँधी आएको छ र यसले लेखकको जीवनलाई समेत थप सङ्कटमा पारएको छ । कयःलाई अल्जाइमर्स र पार्किन्सनले गलाउँदै

लैजान्छ । उसमा आत्मबल कमजोर भएर जीवनप्रति नै निराशाको भाव पैदा हुन्छ । कयः एकै ठाउँमा बसि रहन नसक्ने, जुरूक्क उठ्ने, टोलाउने, कहिले राति नै उठेर दाँत ब्रस गर्ने, कैँचीले फरिया काट्ने, कपडा मिलाएको भन्दै बाहिर फाल्ने जस्ता व्यवहारले प्रधानलाई थप चिन्तित बनाउँछ । वि.सं. २०६१ सालको चैत्र २३ गते कयः अत्यन्त शिथिल भएकी र रोगले च्यापेकाले राति ९ : ३० बजे शिक्षण अस्पताल महाराजगञ्जतिर दौडिन्छन् । वैशाख ४ गते ८ : ४५ मा कयः यस घर्तीबाट बिदा भएपछि प्रधान एक्लो भएको कुरालाई यसमा चित्रण गरिएको छ : "अस्पतालमा पनि मैले नै ओखती र खाना ख्वाएर सुताएको थिएँ कयःलाई । सुतेको सुतै ऊ फेरि कहिल्यै ब्यूँझिन" (प्रधान, २०६३ : ९३) ।

### ४.१.६. पूर्वापर : सुखद-दुखद गल्छेंडाहरू

यस छैठौं मुख्य शीर्षक अन्तर्गत 'सुखद, दुःखद गल्छैँडाहरू' एउटै मात्र उप शीर्षक रहेको छ। यसमा लेखकले आफ्नो साहित्यिक जीवनको दुःख सुखका अनेक प्रसङ्गहरूलाई स्मरण गरेका छन् । यसमा उनको पहिलो छापिएको रचना 'अश्रुधार' कविता भएको र यो वि.सं. २००२ सालमा 'उदय' पत्रिकामा छापिएको; उनले वि.सं. १९९६ तिर लेखेको पहिलो कविता 'हाय तमाखु' भएको; गद्य विधामा उनको वि.सं. २००४ को 'भुत्रो लुगा' पहिलो निबन्ध भएको; पहिलो पुरस्कार 'बदलीको तारो' गद्य कवितामा प्राप्त गरेको लगायतका विषय प्रसङ्गहरूलाई चित्रण गरिएको छ :

> *मेरो छापिएको पहिलो रचना हो 'अश्रुधार' कविता । यो 'उदय' मा छापिएको थियो २००२ सालमा । लेखेको पहिलो कविता चाहिँ 'हाय तमाखु' हो ०९५-९६ तिर । म १३ वर्षको थिएँ । गद्यमा निबन्ध हो 'भुत्रो लुगा' । यो 'साहित्यस्रोत' (२००४) मा प्रकाशित भएको थियो । अनि पहिलोपल्ट पुरस्कार पाएको थिएँ 'बदलीको तारो' गद्य कवितामा* (प्रधान, २०६३ : ९५) ।

यसरी यस शीर्षकमा उनले आफ्नो साहित्यिक यात्राको समग्र मूल्याङ्कन गरेका छन् । यसमा उनले वि.सं. २००८ मा प्रथम कृति 'भञ्ज्याङ्गनिरै' भन्ने कविता सङ्ग्रह प्रकाशित गरेको, कविता लेख्न छाडेपछि निबन्ध र समालोचनामा केन्द्रित भएको, पहिलो प्रकाशित समालोचनात्मक ग्रन्थ 'कवि व्यथित र काव्य साधना' (२०१५) भएको र यसले वि.सं. २०१५ को मदन पुरस्कार प्राप्त गरेको विषय स्मरण गरिएको छ । त्यसपछि उनले 'साझा समालोचना' को सम्पादन गरेको प्रसङ्ग उल्लेख गरिएको छ । उनले थुप्रै भूमिका लेखेको, प्रायः भूमिकाहरू मन नलाग्दा नलाग्दै पनि

बाध्यताका कारण लेख्नु पर्ने स्थिति पैदा भएको धारणा उल्लेख गरेका छन् । भूमिका लेखिदिए बापत कवि नकुल सिलवालले रू. ५०० दिएर लिएको प्रसङ्ग स्मरण गर्दै प्रधानले पुरस्कृत भएर पनि आलोचित हुनु पर्दाको पीडालाई पनि उल्लेख गरिएको छ : "पुरस्कृत भएर आलोचित हुनु परेको पीडा आफ्नो ठाउँमा छ । यसलाई पनि सँगालेको छु । पुरस्कार दिएर दया गरेको सम्झन्छ कोही भने यो गलत सोचाइ हो" (प्रधान, २०६३ : १००) । त्यस्तै पौडी खेल्दा खेल्दै पौडी खेल्न सिकेजस्तै लेख्दा लेख्दै लेख्न जानिने कुरा प्रधानले गरेका छन् । उनले लेखन कार्य गर्दा भाषा नमाझिएसम्म शैली नबन्ने र थिति पनि नबस्ने धारणा प्रस्तुत गरेका छन् । लेखकले दिगो र स्पष्ट बाटो समाइ नसक्दा ऊ लेखक बन्न नसक्ने कुरा बताएका छन् । उनले आफूले स्कूल, कलेजका गुरू बाहेक काव्य लेखन कार्यमा कसैलाई पनि गुरू नबनाएका कारण निकै चुनौति झेल्नु परे तापनि आफैले पुस्तक पढेर शैली निर्माण गरेको धारणा प्रस्तुत गरेका छन् : "अध्ययन गर्ने सन्दर्भमा पुस्तक नै मेरा सबथोक भए - स्कूल, कलेज पनि, गुरू पनि, मार्गदर्शक पनि । यसैलाई गुरू मानेर, गुरू भन्दै आएको छु" (प्रधान, २०६३ : ९८) ।

### ४.१.७. परिशिष्ट (क)

### हरएक मान्छे आफ्नै उज्यालोमा देखिन्छन् ,चिनिन्छन्

यो प्रधानको आफ्नो रचना नभएर प्रधानको संस्मरणकारिताका बारेमा गोविन्द राज भट्टराईले लेखेको समीक्षात्मक लेख हो; जसलाई **जिन्दगीका टिपोटहरू** को अन्तिम परिशिष्टमा समावेश गरिएको छ । यसमा प्रधानको समग्र साहित्यिकारिताको बारेका उल्लेख गर्दै मूलतः उनको संस्मरणकारिताका सम्बन्धमा चर्चा गरिएको छ । प्रधानको 'जिन्दगीका टिपोटहरू' नामक संस्मरणात्मक कृतिका सम्बन्धमा यो समग्र लेखलाई केन्द्रित गरिएको छ । प्रारम्भमै प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा गहन विवेचना गरिएको छ :

> *श्री कृष्णचन्द्रसिंह प्रधान नेपाली साहित्यका एक शिखर व्यक्तित्व । उनले बाँचेको दीर्घ जीवन, सधैं सक्रिय जीवन आज पनि त्यतिकै । यसबाट पछि फर्केर हेर्दा उनले जोगाएर ल्याएको झण्डै सत्तरी वर्ष लामो लेखकीय अतीत छ - कहिले भीरपहराको बाटोजस्तो, कहिले समथरिलो नागीजस्तो, कहिले उखूम पोल्ने भावर जस्तो, कहिले डरलाग्दो घुमाउने दहजस्तो । यी सारा दुर्गमहरू पार गरेर आज यो सुरक्षित भञ्ज्याङ्मा आइपुग्दा उनी नेपाली साहित्यका दुर्लभ शिखर भएर उभिएका छन्, पुजिएका छन्* (भट्टराई, २०६३

: १०५) ।

भट्टराईको यस टिप्पणीमा प्रधानको लामो साहित्यिक र लेखकीय जीवनमा अनेक उतार चढावहरू आएको, प्रधान साहित्यिक जीवनमा सबै खालको अनुभव हासिल गरेर नेपाली साहित्यको फाँटमा कहिल्यै नअस्ताउने चम्किलो नक्षत्रजस्तो बनेको कुरा स्पष्ट पारिएको छ । भट्टराईले उनको संस्मरणकारिताका सम्बन्धमा चर्चा गर्दै 'जिन्दगीका टिपोटहरू' यसभन्दा अगाडि प्रकाशित भएको 'नफर्किने ती दिनहरू' कै पछिल्लो संस्करण भएको र यी दुवैलाई जोडेर हेर्दामात्र प्रधानको एउटा पूर्ण इतिहास तयार भएको धारणा राखेका छन् । 'जिन्दगीका टिपोटहरू' का बारेमा भट्टराईले यसको शैली र विषय वस्तुमात्र बेजोड नभएर यस कृतिभित्र लेखकका मनमा उठेका विचार र चिन्तनका ज्वारभाटालाई, अठोटको राँको र ठक्करका चोटहरू, ग्लानी र विषाद्का अनगिन्ती कथाहरूलाई प्रस्तुत गरिएको कुरा उल्लेख गरेका छन् । यस कृतिमा राष्ट्रकै साहित्य राजनीति, संस्कृति र यसको इतिहाससँग जोडिएका विविध विषयहरूको चित्रण गरिएको धारणा प्रस्तुत गरेका छन् । उनले यस कृतिभित्रका छ वटा खण्डमध्ये तिन वटामा लेखक एक्लै भएको– कयःलाई भेट्नुभन्दा पहिले, कयः कोमामा लडेपछि र कयःको अवसानपछि पनि एक्लै भएको, मध्य भागका अरू तिन वटा शीर्षकमा मात्रै प्रधान कयःसँगै रहेको कुरा उल्लेख गरेका छन् । यस लेखमा भट्टराईले यो आत्म वृत्तान्त लेख्ने शैलीमा नितान्त नयाँ प्रयोग भएको र नेपाली साहित्यमा यस्तो अर्को कृति यसभन्दा अगाडि नआएको धारणा प्रस्तुत गरेका छन् : "यो आत्मवृत्तान्त लेख्ने शैलीमा बिल्कुल नयाँ तरिका र नसोचेको स्वाद हो । नेपाली साहित्यमा यस्तो आएकै छैन" (भट्टराई, २०६३ : ११०) । उनले यस कृतिमा प्रधानका 'सालिक', 'अनाम सत्य', 'पाइला आगतमा टेकेर'मा जस्तै अत्यन्तै ओजपूर्ण, शालीन र भव्य शैलीको प्रयोग गरिएको, पढ्दा मुटु छुने, गर्विलो र हल्लाउन नसकिने खालको भएको टिप्पणी गरेका छन् :

> *पढ्दा पनि भारी लाग्छ – एउटा गम्भीर वस्तुले मुटुनेरै छोएजस्तो, प्रभाविलो, गर्विलो, हल्लाउन नसकिने, तर्काउन नसकिने जस्तो । यो शैलीको प्रभावले गर्दा पाठक वरिपरि एउटा अग्लो राष्ट्रिय उचाइ भएका व्यक्तिले काटेका दुःख, उसका विचार, चिन्तन, कर्म, अठोट र जीवन दर्शनले बनेको एउटा पर्खाल उभिन्छ, त्यो प्रत्येक गम्भीर पाठकको वरिपरि उभिन्छ – भित्र पसेपछि पाखा निस्कन सकिँदैन* भट्टराई, २०६३ : ११३) ।

यसरी भट्टराईले प्रधानलाई अग्लो राष्ट्रिय उचाइ भएका, जीवन दर्शन दिन सक्ने

कर्मशील साहित्यकारको रूपमा चिनाएका छन् । उनले प्रधानको गद्य लेखनलाई देवकोटा र शङ्कर लामिछानेसँग जोडेर हेर्नुपर्ने धारणा राखेका छन् : "जे भनेर पढेपनि कृष्णचन्द्रसिंहको शालीन गद्यले छोपेको बेला अरू दुईटा बिसौनी मात्र मनमा सम्झना आउँछन् - महाकवि देवकोटा र शंकर लामिछाने" ( भट्टराई, २०६३ : ११३) । उनका विचारमा प्रधानको 'जिन्दगीका टिपोटहरू' मा शैली, विचार, दर्शन वा दृष्टिकोणको अनौठो संयोग मिलेको छ । उनको गद्य लेखन सस्तो भावुकताभन्दा माथि रहेको, विवरणात्मकको गन्ध नभेटिने, वस्तुवादी धरातलमा उभिएको छ भन्ने धारणा प्रस्तुत गरेका छन् । उनले कृष्णचन्द्र सिंह प्रधानका कृतिहरू जति पढ्यो उति पढौँ पढौँ लाग्ने खालका छन् भन्ने धारणा प्रस्तुत गरेका छन् : "म जति कृष्णचन्द्रका कृति पढ्दै जान्छु, त्यति बाँधिएजस्तो लाग्छ, चारैतिरबाट छेकिएर तिनै शब्दहरू उनको व्यक्तित्व बोल्ने वाक्यहरू बारम्बार ठोकिन्छन् । मनको पहरामा उनको कवितात्मक लाग्ने बोली झन्झन् प्रतिध्वनित भइरहन्छ" ( भट्टराई, २०६३ : ११३) ।

### ४.१.८. परिशिष्ट (ख)
### केही तस्वीरहरू

यस **जिन्दगी टिपोटहरू** संस्मरणात्मक कृतिमा समावेश आठौं मुख्य शीर्षक 'परिशिष्ट ( ख) केही तस्वीरहरू' रहेको छ । यसमा प्रधानका जीवनसँग सम्बन्धित २७ वटा तस्बिरहरू राखिएको छ ।

प्रधानको बूढो पास्नी गर्दा परिवारजनले लगाइ दिएको फेटा बाँधेका र श्रीमतीसँग बसेको तस्बिर सबैभन्दा प्रारम्भमा राखिएको छ । त्यस्तै यसपछि बूढो पास्नीमा नजिकका परिवारजनहरूले प्रधानको गोडा धोएको तस्वीरलाई दोस्रो स्थानमा राखिएको छ । यसपछि पुस्तक सार्वजनिक गर्दाका केही तस्बिरहरू राखिएको छ । पुस्तक प्रकाशन, विमोचन आदि कार्यक्रमहरूमा प्रधानसँगै राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तित्वहरू माधव प्रसाद घिमिरे, सत्य मोहन जोशी, मोहन कोइरालाहरूका तस्बिरहरू पनि प्रस्तुत गरिएको छ । त्यस्तै परिवारका सदस्यहरू बहिनी सुलोचना मल्ल, छोरी लजमिना जोशी, छोरी सुलेखा कायस्थ, छोरा पुस्तुन प्रधान, भतिजा सुप्रद चन्द्र लगायतकाहरूसँग बसेका प्रधानको तस्बिर प्रस्तुत गरिएको छ । त्यस्तै, प्रधानले विहेको पचासौं वर्ष पुगेको उपलक्ष्यमा परिवारका साथ खिचेका केही तस्बिरहरूलाई पनि समावेश गरिएको छ । यसै गरी बाग्लुङको पुरस्कार समारोहको उद्घाटन, लेखकको अभिनन्दन, श्री ५ बाट त्रिभुवन प्रज्ञा पुरस्कार ग्रहण गर्दै, साझा पुरस्कार ग्रहण गर्दै गरेका केही तस्बिरहरू पनि राखिएको छ । यसमा 'पाइला आगतमा टेकेर' निबन्धका लागि साझा पुरस्कार ग्रहण गर्दै गर्दाका, 'समय त्रासदी' को लोर्कापण समारोहमा मन्तव्य दिँदै गर्दाका, चीन भ्रमणमा जाँदा चीनको पिपुल्स काङ्ग्रेसका उपाध्यक्ष

पञ्चन लामासँग हात मिलाउँदै गर्दाका लेखक, अध्यक्ष माओत्सेचेतुङ्गसँगको तस्बिर, जनवादी चीनको ग्रेटवालमा बसेर खिचेको तस्बिर, एशियाली लेखक सङ्घको तर्फबाट भारतमा भएका समारोहमा खिचिएका तस्बिरहरू र अन्तिममा अचेत अवस्थामा कोमामा रहेकी कयको तस्बिर आदिलाई समावेश गरिएको छ । यी तस्बिरहरूले प्रधानको समग्र जीवनको इतिहासलाई समेटेका छन् । यिनमा उनको जीवनी, व्यक्तित्व र कृतित्वका स्मरणीय र ऐतिहासिक क्षणहरूलाई झल्काइएको छ ।

यसरी साहित्यकार कृष्णचन्द्र सिंह प्रधानको दोस्रो संस्मरणात्मक कृति 'जिन्दगीका टिपोटहरू' (२०६३) मा प्रधानले आफूले बाल्यकालदेखि जीवनको अन्तिम अवस्थासम्मका विविध विषय, प्रसङ्ग र घटनाहरूबाट उत्पन्न अनुभूतिहरूलाई स्मरण गरेका छन् । बाल्यावस्थामा मधेश जाँदादेखि माछा मार्दासम्मका, जुँगाको रेखी बस्दादेखि स्वप्नदोषसम्मका आफ्ना वैयक्तिक जीवन भोगाइलाई चित्रण गरेका छन् । व्यक्तिदेखि समाजसम्म, राष्ट्रियदेखि अन्तराष्ट्रिय स्तरसम्मका विविध विषय सन्दर्भहरूलाई उठाउँदै तिनलाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् । विशेष गरी विवाह हुनुपूर्वको समयका भोगाइहरू, कयःसँग विवाह भएपछिका सन्दर्भ र कयःको दुःखद अवसानसम्म गरी तिन मूल भागमा यसको विषय वस्तु संरचना प्रस्तुत भएको देखिन्छ । यसमा प्रेम, विछोड, सुख-दुःख, उकाली-ओराली, सम्पन्नता-विपन्नता, जीवन-मृत्यु आदिका अनगिन्ती अनुभूतिहरूलाई समेटिएको छ । मोहन शमशेरलाई भेटेको, मोहन शमशेरले घात गरेको, जुद्ध शमशेर हात्ती आखेट अभियानमा रुचिका साथ सामेल भएको, पूर्व प्रधान मन्त्री मन मोहन अधिकारीले अव्यावहारिकता प्रर्दशन गरेको, कयलाई अल्जाइमर्स र पार्किन्सन जस्ता घातक रोगहरू लागेका, कयको निधन भएको जस्ता विषयहरूले संस्मरणलाई जीवन्त बनाएका छन् ।

## ४.२. 'जिन्दगीका टिपोटहरू' को परिवेश वा सन्दर्भ चित्रण

प्रस्तुत संस्मरणत्मक कृतिमा रहेका विभिन्न शीर्षक, उपशीर्षकहरूमा समेटिएको विषय वस्तुलाई एउटा निश्चित सन्दर्भ र परिवेशमा देखाइएको छ । यस कृतिको प्रारम्भमै वि.सं. १९९० सालको महा भुकम्पको सन्दर्भलाई चित्रण गरिएको छ ।  १९९७ सालको सहिद काण्ड, २००१ सालतिर धार्मिक क्षेत्रमा चर्चाको शिखरमा रहेका ईश्वरानन्दको प्रसङ्ग, १९९५-९६ मा जुद्ध शमसेर हात्तीको खेल हेर्न चितवन गएको प्रसङ्ग, २००५ सालमा प्रधानको कयःसँग विवाह भएको घटना, २००८ सालमा प्रधान विश्व शान्ति परिषद् सम्बन्ध अखिल नेपाल शान्ति समितिको समितिको सचिव हुनु, २०२२ सालमा सुपरिटेन्डेन्ट भइ एस.एल.सी. परीक्षा सञ्चालनको लागि झापाको भद्रपुर जानु, २०१८ सालमा कवि वीरेन्द्र सुब्बालाई भेट्दाको प्रसङ्ग, २०६२ मा कयको

निधन भएको घटना लगायतका समय सन्दर्भहरूलाई विभिन्न उप शीर्षकहरूमा समेटिएको छ । संस्मरणको प्रारम्भमै समय सन्दर्भलाई यसरी समेटिएको छ : "भैंचालो जाँदा म ८ वर्षको थिएँ । बस्थें वीरगञ्जमा । वीरगञ्ज सहर हुँदै थियो । यही सहरको श्रीपुर गाउँ मेरो निवासस्थान थियो । त्यसबेला गएको ९० सालको भैंचालो सबैका निम्ति हृदयविदारक थियो" (प्रधान, २०६३ : १) । त्यस्तै 'बग्दाबग्दै किनार लागेका दिनहरू' मा लेखक किशोरावस्थामा पाइला टेकेका र यस अवस्थामा अनौठो शारीरिक तथा मानसिक परिवर्तन आएको सन्दर्भलाई चित्रण गरिएको छ । यसको प्रारम्भ नै यसरी गरिएको छ : "उमेरको वयसन्धि टेकेर आलोकाँचो गधा पच्चीसीतिर उक्लँदै थिएँ । बडो आँटिलो हुन्छ यो उमेर । उत्ताउलो, डरभर नभएको त्यति नै फुर्तिलो पनि" (ऐजन : ५) । त्यस्तै 'अतीतका अन्धविश्वासहरू' शीर्षकको संस्मरणमा गान्धीले भारतमा स्वतन्त्रता सङ्ग्राममा धार्मिक अस्त्र प्रयोग गरेर भारतलाई स्वतन्त्र बनाएको सन्दर्भलाई चित्रण गरिएको छ । महात्मा गान्धीले चलाएको शान्तिपूर्ण क्रान्तिको अभियानले संसारभरि प्रभाव पारेको र त्यसैको परिणाम स्वरूप नेपालमा पनि युवा पुस्ताहरू भजनमा संलग्न भएका सन्दर्भलाई यसरी उल्लेख गरिएको छ :

> *म वीरगञ्जमा छँदैको कुरा हो । किशोरकालीन मन तुरून्तै प्रभावित भई अनुकरण गर्न खुबै सिपालु हुँदोरहेछ । गान्धीले चलाएको भजनको लहर वीरगञ्जमा मैले प्रत्यक्ष अनुभव गरेको थिएँ । ९७-९८ सालतिर युवापुस्ताका धेरै मानिसहरूलाई कहिले कसकहाँ, कहिले कुनचाहिँको घर-आगनमा भेला भई भजन गरिरहेको देखेको छु* (ऐजन : ९) ।

यसबाट तत्कालीन युगीन सन्दर्भ स्पष्ट भएको छ । नेपाली समाज बिस्तारै अन्तर्राष्ट्रिय सम्पर्कमा जोडिदैँ गरेको स्थितिलाई यसले सङ्केत गरेको छ । वि.स. १९९७ सालको सहिद काण्ड र त्यसपूर्वको समयलाई पनि यसमा देखाइएको छ । राजनीतिक जागरणलाई धार्मिक नारामा बदल्ने प्रयास सहिद काण्डभन्दा अगाडि भएको देखिन्छ । 'ओम शान्ति' र 'जय नेपाल' का नाराहरू नेपाली शिक्षित समाजमा घन्केको पाइन्छ । यस कृतिमा गान्धीको हत्यापछि काठमाडौँमा हरेरामको सङ्गीतमय जुलुस निस्केको, शोभा भगवतीमा तुलसी दास, गोपाल प्रसाद रिमालहरूले प्रार्थना सभा गरेका जस्ता सन्दर्भहरू पनि चित्रित भएका छन् ।

त्यस्तै यस संस्मरणात्मक कृतिमा राणकालीन शासनको रवैया र शासकहरूका व्यवहारलाई पनि चित्रण गरिएको छ । राणाहरू मनोरञ्जन र सुख सयलमा बस्न चाहने स्वभावका भएकाले यिनीहरू जङ्ली जनावरहरूको शिकार गर्ने र जनावरहरूका विभिन्न क्रियाकलापहरू हेरेर

मनोरञ्जन लिने गरेको पाइन्छ । यसै सन्दर्भमा जुद्ध शमसेरले वि.सं. १९९६ सालतिर जङ्गली हात्तीको खेल हेर्न तराईको वीरगञ्ज गएको परिवेशलाई पनि यस कृतिमा चित्रण गरिएको छ । 'जङ्गली हात्तीको आखेट' शीर्षकको संस्मरणमा यस सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> *१९९५-९६ तिरको घटना हो, अझ सायद अघिकै पनि हुनसक्छ । म १२-१३ वर्षको हुँदो हुँ । वीरगञ्ज र वरपरका गाउँहरू सारा जङ्गली हात्तीको आतङ्क र साहसिकताको वखानले रोमाञ्चित भएको थियो । घटना जङ्गली हात्तीमै केन्द्रित नभई यसको सम्बन्ध जुद्धशमशेरसित पनि जोडिएको थियो* (ऐजन : १३) ।

यसबाट तत्कालीन समयका शासकहरूको मानसिकता र उनीहरूले आफ्ना सम्बन्धमा समाजमा छर्ने गरेका भ्रमहरू स्पष्ट भएको छ । त्यस्तै, यसमा प्रजातन्त्र पुनर्स्थापनापछिका नेपाली राजनीतिका थुप्रै सन्दर्भहरूलाई चित्रण गरिएको छ । वि.सं. २०५१ सालतिर नेपालका प्रथम कम्युनिष्ट प्रधान मन्त्री भएका मन मोहन अधिकारीको सन्दर्भ पनि जोडिएको छ । उनी भूमिगत राजनीतिमा रहँदा र प्रधान मन्त्री हुँदा फरक फरक व्यवहार प्रस्तुत गरेको कुरालाई प्रस्तुत गरिएको छ :

> *प्रधानमन्त्री भएपछि पनि त्यस्तै होलान् जस्तो अघि थिए भन्ने मलाई लाग्थ्यो । प्रधानमन्त्री छँदै पनि समारोहहरूमा भेट भइरहन्थ्यो । पहिलो पटक भेट्दाखेरि नै भनेको थिएँ – प्रधानमन्त्री हुनुभएकोमा ढिलो भए पनि मेरो बधाई छ । धेरै खुशी लागेको छ ... तर उनले भने पुरानो परिचय र साथीको नाताले न त्यस्तो न त्यस्तो आत्मीयता देखाए, न व्यवहार नै* (ऐजन : ३०) ।

यसबाट नेपालका राजनीतिक नेतृत्वको सत्तामा हुँदा र नहुँदाको बोली र व्यवहारमा देखिने भिन्नता स्पष्ट भएको छ । लेखक पनि कम्युनिष्ट राजनीतिमा संलग्न भएकाले भूमिगत हुँदा मन मोहन अधिकारी लगायतका थुप्रै नेता कार्यकर्ताहरूलाई आफ्नो घरमा पटक पटक आश्रय दिएको, विभिन्न सहयोग गरेको, सँगसँगै पार्टीका कामहरू गरेका तर सत्तामा पुगेपछि पुराना दिनहरू बिर्सिएको सन्दर्भलाई 'भद्र नेता अभद्र व्यवहार' शीर्षकको स्मरणमा उल्लेख गरिएको छ ।

वि.सं. २००७ सालतिर नेपालमा जनताको क्रान्तिले सफलता प्राप्त गरेको, मोहन शमशेर अन्तिम राणा प्रधान मन्त्री र प्रजातान्त्रिक नेपालका प्रथम प्रधान मन्त्री भएका, दिल्ली सम्झौताले राणाहरू सङ्कटमा परेका, विश्वेश्वर प्रसाद कोइराला लगायतका नेताहरू प्रभावशाली

हुँदै गएका, यसपछि मोहन शमशेर भारतको बङ्गलोरमा गई बसेका लगायतका सन्दर्भहरूलाई 'बङ्गलोरमा मोहनशमशेरलाई भेट्दा' शीर्षकको संस्मरणमा प्रस्तुत गरिएको छ । राणा शासनको समाप्तिपछि उनीहरूको हविगत निरीह र टिठलाग्दो भएको ऐतिहासिक सन्दर्भलाई पनि मोहन शमशेरका माध्यमबाट देखाइएको छ : "मोहनशमशेरको असन्तुष्टिबाट व्यक्तिएका विचलन, विदग्धता, पराभूतिको दुःखद अनुभूति भारतको प्रवास जीवनपछि झन् चर्केछ । देशको परिवर्तन अथवा बदलिंदो समयको यथार्थलाई अङ्गीकार गरेर त्यसैमा समाहित भई बसिदिएका भए यो परिणति भोग्न पर्दैनथ्यो" (प्रधान, २०६३ : ५३) । त्यस्तै, लेखकको पारस मणिसँगको भेटमा भारतमा बस्ने नेपालीहरूलाई नेपालमा बस्नेहरूले सम्मान गर्न नसकेको, भारतका नेपालीहरूमा वास्तविक राष्ट्रियताको भावना रहेको सन्दर्भलाई 'कालिङ्गपोङ्गमा पारसमणिसँगको भेट' शीर्षकमा उल्लेख गरिएको छ । यस्तै, यस संस्मरणात्मक कृतिको अन्तिमतिर 'ऊ फेरि कहिल्यै ब्यूँझिन' शीर्षकमा वि.सं. २०६२ साल वैशाख ४ गते कयको निधन भएको कुरा उल्लेख गरिएको छ : "नेपालको माटोमा नयाँ वर्षले पाइलो टेकिसकेको थियो, स्वागतमा मौन अभिवादनका साथ ऊ त्यसको पाउ स्पर्श गर्छे र वैशाख ४ गते राति ८ : ४५ बजे सधैँका निम्ति हामीबाट विदा हुन्छे" (ऐजन : ९२) । यसरी संस्मरणको प्रारम्भमा प्रस्तुत गरिएको समय र अन्तिममा प्रस्तुत गरिएको समयलाई हेर्दा यस कृतिले लगभग ८० वर्षको समयलाई समेटेको छ ।

स्थानका रूपमा यसमा मूलतः काठमाडौँ उपत्यका र अंशतः तराई वीरगञ्जको भौगोलिक परिवेशलाई चित्रण गरिएको छ । यसमा लेखकको निवास स्थानका रूपमा काठमाडौँको ढाका टोलको सन्दर्भलाई बढी उल्लेख गरिएको छ । यस्तै काठमाडौँका कालिमाटी, हरिहर भवन, डल्लु, तराईको वीरगञ्ज र श्रीपुर, झापाको भद्रपुर, भारतको कालिम्पोङ, अजन्ता, आसाम, बङ्गलोर, दार्जिलिङ लगायतका राष्ट्रिय अन्तर्राष्ट्रिय स्थानहरूको सन्दर्भलाई चित्रण गरिएको छ । त्यस्तै यसमा ललितपुर, स्वयम्भू, कन्या मन्दिर, साझा प्रकाशन, ने.रा.प्र.प्र., इलाम, दिल्ली, आगरा, पञ्जाव, औरङ्गावाद, महाराष्ट्र आदि स्थानहरूको पनि प्रसङ् अनुसार उल्लेख गरिएको छ । लेखकको बाल्यकाल र किशोरकाल तराईको वीरगञ्जमा बितेकाले त्यतिबेलाका घटना सन्दर्भको चित्रणमा त्यहीँको परिवेश जीवन्त बनेर आएको छ । लेखकको त्यसपछिको प्रायः समय काठमाडौँ र भारतका भ्रमणहरूमा बितेको देखिन्छ । यसरी यस कृतिमा राष्ट्रियदेखि अन्तर्राष्ट्रिय स्तरसम्मको सन्दर्भहरूलाई चित्रण गरिएको छ ।

कृष्णचन्द्र सिंह प्रधानको संस्मरणात्मक कृति **जिन्दगीका टिपोटहरू** लेखकका जीवन भोगाइका स्मरणीय क्षणहरूको कलात्मक आलेखन हो । लेखकको पारिवारिक अवस्था बाल्यकाल, यौवन

काल तथा जीवनका स्मरणीय घटना तथा अनुभूतिलाई सँगालिएको यस रचनाले जीवनका सुख दुःख, उतार चढावलाई ऐना झैँ छर्लङ्ग पारेको पाइन्छ । तत्कालीन अवस्थको वर्णन तथा भद्र व्यक्तिका अभद्र व्यवहारका रूपमा भोगेका भोगाइहरूलाई जस्ताको तस्तै रूपमा आलेख गरेको पाइन्छ । जसले हामीलाई पनि जीवनका दृष्टान्तका बारेमा अवगत गराएको छ ।

यस संस्मरणमा वर्णनीय स्थानका रूपमा भारतका विभिन्न स्थान र नेपाल र भारतीय परिवेश र जन जीवनलाई उद्घाटन गरिएको छ । प्रधानले भारतका विभिन्न स्थानको भ्रमण गर्नुका साथै नेपालमा नै झापामा एस.एल.सी. परीक्षा लिन जाँदाका बखतको घटना होस् या भद्र व्यक्तिले गरेको अभद्र व्यवहार होस् या राणाहरूले देखाएको दरिद्रताको अवस्था होस् यो हाम्रा लागि समेत शिक्षाको स्रोत भएको छ । भारत भ्रमणका बेलामा आफ्नी छोरीलाई गुमाउनु परेको क्षण र त्यसबाट श्रीमतीले बेहोर्नु परेका अप्ठयारा गल्छेंडाहरूको बारेमा गरिएको सबिस्तार वर्णनले पाठकको हृदयमा गहिरो चोट पारेको छ । यसरी विषय वस्तु अनुरूप देश, काल र वातावरणको जीवन्त चित्रण यसमा भएको पाइन्छ । उनले आफ्ना संस्मरणात्मक अभिव्यक्तिलाई रोचक र पत्यारिलो बनाउने क्रममा सन्दर्भ परिवेश वा वातावरणको सहज र रोचक तरिकाले उपयोग गरेका छन्; जसले गर्दा उनका संस्मरणात्मक लेखहरू पठनीय र आश्वाद्य बन्न पुगेका छन् ।

## ४.३. उद्देश्य

उद्देश्य विनाको रचनाको कुनै अस्तित्व हुँदैन । स्रष्टाले सृष्टि गर्दा रचनामा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा कुनै न कुनै उद्देश्य राखेको हुन्छ । उद्देश्यलाई सार्वजनिक रूपमा प्रस्तुत गर्नु नै स्रष्टाको मूल ध्येय रहेको हुन्छ । संस्मरणको रचना गर्नुमा पनि आफ्नो जीवन भोगाइका स्मरणीय घटना र अनुभूतिलाई सर्व साधारण पाठक समक्ष प्रस्तुत गर्ने मुख्य उद्देश्य निहित रहेको हुन्छ । साहित्यकार कृष्णचन्द्र सिंह प्रधानले आफ्नो जीवनका अमिट, स्मरणीय र संवेदनायुक्त भावना र घटनाका क्षणहरूलाई 'जिन्दगीका टिपोटहरू' संस्मरणमा अभिव्यक्त गरेका छन् । यसमा आएका कुराहरूले प्रधानको जीवनमा घटेका महत्त्वपूर्ण घटनाहरूको घटना क्रमलाई प्रस्तुत गरेको छ ।

यसमा प्रधानका जीवनमा घटेका घटनाहरूलाई, व्यक्तिगत जीवनमा आइ परेका समस्याहरूलाई तथा जिन्दगीका सुखद र दुःखद् क्षणहरूलाई प्रस्तुत गरिएको छ । प्रधानले आफ्ना आँखाले देखेका, सुनेका, अध्ययन गरेका र अनुभव गरेका विषयलाई जन साधारण समक्ष प्रकट गर्न सकिन्छ भन्ने मान्यताकै परिणाम स्वरूप यो संस्मरणको निर्माण भएको मान्न सकिन्छ । जन साधारणलाई वास्तविकताको जानकारी गराउँदै तथा भ्रमको निवारण गर्दै सत्य तथ्य र यथार्थ कुरालाई पहिचान गरी वस्तुगत सत्यका आधारमा मूल्याङ्कन गर्ने सामर्थ्यको विकास होस् भन्ने

उद्देश्यका साथ यस संस्मरणको थालनी गरेको पाइन्छ । तसर्थ यस संस्मरणमा प्रधानले आफ्नो दृष्टिकोण, विचार र चाहनालाई स्पष्ट भाषामा सरल तरिकाले प्रकट गरेका छन् । राम्रा नराम्रा सबै घटना र कार्यलाई प्रस्तुत गरेका छन् । यस संस्मरणको अध्ययन गर्दा उनले आफ्ना जीवनमा भोगेका कुनै पनि घटनालाई लुकाउने प्रयास गरेको पाइँदैन । आफूमाथिको भ्रम र संदिग्ध धारणालाई हटाउन, आफ्नो विचार, दृष्टिकोण र चाहनालाई प्रकट गर्ने उद्देश्यबाट प्रेरित भएर प्रधानले यस कृतिको रचना गरेको पाइन्छ ।

यस संस्मरणमा प्रधानले आफ्नो जीवनका कथा कहानीलाई मात्र व्यक्त गरेका छैनन् । उनले यसमा आफ्नो जीवन यात्राका क्रममा राष्ट्रिय व्यक्तित्वहरूसँगको आफ्नो सम्बन्ध, तिनीहरूले गरेका सहयोग तथा असहयोग, आदर तथा सम्मानका घटनाहरूको स्मरण गरेका छन् । त्यसैले उनको यो कृति जीवनका उकाली ओरालीमा घटेका व्यक्तिगत घटनाहरूको संस्मरण गरेको एउटा खुला दस्तावेज बन्न पुगेको छ ।

यसमा प्रधानले आफ्नो स्थिति, विभिन्न मानिसहरूको सोचाइ र गराइ, नेपाली समाजका विभिन्न प्रवृत्तिहरू, राजनैतिक तथा सामाजिक क्षेत्रका विकृतिहरूलाई यथार्थ ढङ्गमा चित्रण गरेका छन् । यसमा उनले आफूलाई सहयोग गर्ने र असहयोग गर्ने व्यक्तिको चरित्रको पनि उद्घाटन गरेका छन् । यसमा प्रधानले हरेक विषयका सकारात्मक र नकारात्मक दुवै पक्षलाई उद्घाटन गर्दै सहयोग गर्नेलाई आदरपूर्वक संस्मरण गरेका छन् भने घृणा गर्नेलाई पनि उत्तिकै सम्मानका साथ प्रस्तुत गरेका छन् । यसमा वर्णन गरिएका घटना र प्रसङ्ग एवम् तिनको सन्दर्भ चित्रण वा परिवेश र चरित्र चित्रणमा सहजताको अनुभूति पाइन्छ । सहजताको अनुभूति हुनु नै यस कृतिको सफलता हो ।

यस संस्मरणमा आफ्ना जीवनका दुःख सुखलाई उदाङ्ग पारेर प्रस्तुत गर्नु, आफ्नो दुःखका समयमा सहयोग गर्ने व्यक्तिको नाम र कामलाई किटानका साथ उल्लेख गर्नु, प्रमाणित व्यक्तित्व र व्यक्तिका विचारलाई खुलस्त रूपमा समर्थन गर्नु, साहित्यकार र साहित्यिक रचनालाई गहिरिएर अध्ययन गर्नु र त्यसबाट आफूमा परेको प्रभावलाई व्यक्त गर्नु, आफूले जीवनमा सङ्गत गरेका व्यक्तिहरूका बारेमा स्मरण गर्नु स्वयम्मा तटस्थताको द्योतक हो । स्वयम्मा इमानदारीको परिचय हो । आफू इमानदारी भएकाले नै यस संस्मरणमा कृष्णचन्द्र सिंह प्रधानले जीवनका असल र खराब दुवै पक्षलाई समान महत्त्वका साथ प्रस्तुत गरेका छन् । आफूले जीवनमा गरेका गल्ती र कमजोरीलाई पनि स्पष्ट रूपमा स्वीकारेका छन् । उनले आफ्नो गल्तीलाई र जीवनका नितान्त व्यक्तिगत चरित्रलाई समेत वर्ण्य विषय वस्तुका रूपमा प्रस्तुत गरेका छन् । यसरी समग्रमा प्रधानले

जीवन भोगाइका घटनालाई वर्णन गर्ने सन्दर्भमा कृत्रिमता र छल कपटबाट टाढा रही इमान्दार र तटस्थ भई विषय वस्तुको गाम्भीर्यतालाई बुझी वास्तविकतालाई सार्वजनिक गरेका छन् । आफ्ना जीवन भोगाइका क्रममा भएका स्मरणीय घटना, सन्दर्भ र प्रसङ्गलाई आम पाठक समक्ष पुऱ्याउनु, संस्मरण लेखनको वास्तविक जग बसाल्नु, नेपाली संस्मरण लेखनलाई आत्म केन्द्रित र पूर्वाग्रही हुनुबाट बचाउने प्रेरणा दिनु नै यस संस्मरणात्मक कृतिको मूल उद्देश्य रहेको देखिन्छ ।

## ४.४. चरित्र चित्रण

प्रस्तुत संस्मरणात्मक कृतिभित्रका सबै शीर्षक उप शीर्षकका केन्द्रीय चरित्र स्वयम् संस्मरणकार कृष्णचन्द्र सिंह प्रधान हुन् । समग्र संस्मरणका विषय, घटना, प्रसङ्ग, अनुभव सबै उनको चरित्रमा केन्द्रित भएका छन् । आफैलाई उपस्थित गराएर आफ्ना सन्दर्भसँग जोडिएका कुराहरूलाई नै स्मरण गरेका हुनाले चरित्र चित्रणको केन्द्रीय व्यक्ति उनी आफै हुन् । संस्मरणकार प्रधान केन्द्रीय चरित्र भए पनि उनले आफ्नो सन्दर्भमा जोडिन आएका अन्य अनेकौं चरित्रहरूको उपस्थापना गरेर कलात्मक रूपमा चित्रण गरेका छन् । उनले आफूले आफ्नै चरित्रका सकारात्मक नकारात्मक प्रवृत्तिहरूका बारेमा इमानदारीका साथ खुलासा गरेका छन् । उनी गतिशील, वर्गीय र अनुकूल चरित्रका रूपमा उपस्थित भएका छन् । उनी अत्यन्त सङ्घर्षशील र बौद्धिक चरित्रका रूपमा रहेका छन्  । उनले आफू बाहेक आफू र आफ्नो जीवनसँग जोडिन आएका अन्य थुप्रै पात्रहरूका बारेमा पनि रोचक प्रसङ्गहरू उल्लेख गरेका छन् । त्यस्ता पात्रहरूका प्रवृत्ति, सोचाइ, व्यवहार, स्वभाव र विविध पक्षहरूका बारेमा इमानारीका साथ वर्णन गरेका छन् । यस क्रममा श्रीमती कयः, नेपालका प्रथम कम्युनिष्ट प्रधान मन्त्री मन मोहन अधिकारी, राणाकालका अन्तिम प्रधान मन्त्री मोहन शमशेर, साहित्यकार पारस मणि प्रधान, वीरेन्द्र सुब्बा, कवि सिद्धि चरण श्रेष्ठ, राणा प्रधान मन्त्री जुद्ध शमशेर, उनकी प्रेमिका अपरिचिता, कान्छी छोरी तथा परिवारका अन्य सदस्यहरूको प्रसङ्ग अनुकूल चित्रण गरेका छन् ।

उनले पूर्व प्रधान मन्त्री तथा कम्युनिष्ट नेता मन मोहन अधिकारीको चरित्रलाई पनि प्रस्तुत गरेका छन् । अधिकारी पदमा हुँदा र नहुँदा फरक व्यवहार गर्ने प्रवृत्ति देखाएको कुरा स्मरण गरेका छन् । त्यस्तै प्रधानले जुद्ध शमशेर हात्तीको आखेट हेर्न मन पराउने साहसी र हक्की स्वभावको भएको विषयलाई उल्लेख गरेका छन् । प्रधानले मोहन शमशेरको चरित्रका सकारात्मक र नकारात्मक विशेषताहरूलाई पनि स्पष्ट पारेका छन् । उनले मोहन शमशेर राणा शासन र प्रजातान्त्रिक शासन दुवै कालका प्रधान मन्त्री हुने अवसर प्राप्त गरेका भाग्यमानी प्रधान मन्त्री भएको कुरा उल्लेख गर्दै सत्ताच्यूत भएपछि भारतको बङ्गलोरमा गएर बसेका र त्यहाँ उनी मणि

हराएको नागजस्ता देखिएका भनेर टिप्पणी गरेका छन् । प्रधानले सत्ता र शक्तिको परिवर्तनले व्यक्तिको जीवनमा आउने परिवर्तनलाई मोहन शमशेरको माध्यमबाट स्पष्ट पारेका छन् । त्यस्तै, उनले पारस मणि प्रधान देशभक्त, स्वाभिमानी र साहसी स्वभावका भएको कुरा उल्लेख गरेका छन् । प्रधानले पारस मणिको माध्यमबाट भारतमा बस्ने नेपालीहरूमा रहेको राष्ट्रप्रेमको भावनालाई उजागर गरेका छन् । उनले वीरेन्द्र सुब्बाको बोली र व्यवहारमा एकरूपता नभएको भन्दै उनको असन्तुलित मानसिकतालाई चित्रण गरेका छन् । कयः अत्यन्त उदार, सहयोगी, स्वाभिमानी, स्पष्ट वक्ता, मिहिनेती र सङ्घर्षशील चरित्रकी भएको कुरालाई विभिन्न प्रसङ्ग मार्फत् उल्लेख गरेका छन् ।

यस्तै गरी केन्द्रीय पात्रका रूपमा रहेका प्रधानले आफ्ना जीवनका विभिन्न घटना क्रमको उल्लेख गर्ने सन्दर्भमा जोडिन आएका थुप्रै पात्रहरूको प्रसङ्गलाई उल्लेख गरेका छन् । उनले भारतीय स्वतन्त्रता सङ्ग्राममा धार्मिक अभियानका माध्यमबाट महत्त्वपूर्ण भूमिका खेलेका महात्मा गान्धीको प्रसङ्ग पनि उल्लेख गरेका छन् । गान्धीको धार्मिक अभियानले नेपाल लगायत विश्वभरि प्रभाव पारेको तथ्यलाई चर्चा गर्दै तुलसी मेहर, तुलसी दास लगायतका व्यक्तिहरू नेपालमा गान्धीको दर्शनलाई फैल्याउन सक्रिय रहेको कुरा चित्रण गरेका छन् । उनले नेपालमा राणा शासनको अन्त्यका लागि साहित्यकारहरूको महत्त्वपूर्ण भूमिका रहेको ऐतिहासिक सन्दर्भलाई विभिन्न प्रसङ्गहरूमा उल्लेख गरेका छन् । यस क्रममा साहित्यकार सिद्धि चरण श्रेष्ठ, गोपाल प्रसाद रिमाल आदिको चर्चा गरिएको छ । यस बाहेक अन्य विभिन्न प्रसङ्गमा साहित्यकार कुमार प्रधान, ईश्वर बल्लभ, बैरागी काइँला, मोहन शमशेर, लक्ष्मी प्रसाद देवकोटा, रामकृष्ण शर्मा, गणेशलाल सुब्बा, देव कुमारी सिंह, प्रेम विरोकी, केदार मान व्यथित, माधव प्रसाद घिमिरे, विजय बहादुर मल्ल, गिरिश कुमार सिंह, महानन्द सापकोटा, बालकृष्ण सम, कवि शिरोमणि लेखनाथ पौड्याल लगायतको चर्चा गरिएको छ । त्यस्तै कयःको रोग र उपचार सन्दर्भको चर्चा गर्ने क्रममा उनले कमल मणि दीक्षित, डा. अरूण सायमी, डा. जगदीस अग्रवाल लगायतका व्यक्तिहरूको नाम पनि उल्लेख गरेका छन् ।

## ४.५ भाषाशैली

संस्मरणकार कृष्णचन्द्र सिंह प्रधानको संस्मरणात्मक कृति 'जिन्दगीका टिपोटहरू' मा कलात्मक, रागात्मक र बिम्बात्मक भाषाको प्रयोग भएको पाइन्छ । यसमा जीवन भोगाइका विशिष्ट क्षणमा उभिएर अतीतका रोचक घटना र स्मरणीय सन्दर्भहरूलाई उल्लेख गर्दै विवरणात्मक र विश्लेषणात्मक भाषा शैलीको प्रयोग गरिएको छ । यसमा विगतका स्मरणीय क्षणलाई निजात्मक,

भावनात्मक, संवेदनायुक्त भाषाको माध्यमबाट प्रस्तुत गरिएको छ । यसमा प्रधानले सरल, सरस र आकर्षक भाषाको प्रयोग गरेर आफ्ना जीवनसँग सम्बन्धित महत्त्वपूर्ण घटना र सन्दर्भहरूलाई उजागर गरेका छन् । भाषाको सरलता र सहजताको कारण यो कृति सामान्य पाठकको लागि पनि बोधगम्य बनेको छ ।

प्रस्तुत संस्मरणात्मक कृतिमा प्रायः तद्भव शब्दहरूको प्रयोग गरिएको छ भने तत्सम शब्दको पनि आवश्यकता अनुसार उपयोग गरिएको छ । आगन्तुक शब्दको एकदमै कम मात्र प्रयोग भएको देखिन्छ । यसमा समग्र विषय वस्तु प्रस्तुत गर्ने क्रममा यसको भाषिक संरचनालाई विभिन्न अनुच्छेदमा विभाजन गरिएको छ । यसमा ससाना एक-दुई वाक्यदेखि तीस-बत्तीस वाक्यसम्मका अनुच्छेदहरूको प्रयोग गरिएको छ तापनि प्रायः छोटा अनुच्छेदहरूकै बढी प्रयोग गरिएको छ । वाक्यहरू सरल, संयुक्त र मिश्र गरी तीनवटै संरचनामा आबद्ध भएका छन् तापनि अधिकांश अवस्थामा मिश्र वाक्यहरूकै प्रयोग गरिएको छ । मिश्र वाक्यहरूको प्रयोग गरिए तापनि तिनलाई तार्किक ढाँचामा प्रस्तुत गरिएकाले बोधगम्य बनेका छन् । जस्तै : 'जङ्गली हात्तीको आखेट' शीर्षकमा प्रयोग भएका भाषा यस्तो छ :

> *बारा, पर्साका मात्रै होइन, सरकारी पाल्तु हात्ती मात्रै पनि होइन, तमाम तराई फाँटका जमिन्दार निजी हात्तीलाई समेत यस जङ्गली हात्तीको आखेट अभियानमा सामेल हुन अनिवार्य गरियो । हात्तीको भव्य र रमाइलो मेला नै लागेछ । जहाँबाट जङ्गली हात्तीले आफ्नो यात्रारम्भ गर्ने हो त्यहीँ सारा पाल्तु हात्तीलाई उपस्थित गराइयो ... पचासौँ हात्तीहरूको जमातले घेराबन्दी गरे पनि त्यसको गति रोकिएन, यात्रा रोकिएन । समात्ने त के त्यसको छेउसम्म पुग्न पनि आँट गर्न सकेनन्* (प्रधान, २०६३ : १४) ।

संस्मरणात्मक कृति भएको र विगतका स्मरणहरूलाई वर्णन गरिएकाले प्रायः वाक्यहरू भूतकालिक संरचनामा प्रस्तुत भएका छन् । जस्तै 'कान्छी छोरीको मृत्यु : केही जोडिएका प्रसङ्गहरू' शीर्षकमा प्रयोग भएका वाक्यहरू यस्ता छन् : "क्यै भएको थिएन । भोक लाग्यो होला भनेर दूध बनाइँदिए । अलि चिसो भएपछि मुखमा दूधदानी राखिदिएकी थिएँ ... रून पनि सकिन" ( प्रधान, २०६३ : २६) । यस कृतिमा भूतकालका अभ्यस्त र अज्ञात पक्षका क्रियापदहरूको पनि बाक्लै प्रयोग गरिएको छ । कतिपय सन्दर्भमा 'गर्छ', 'हुन्छ', 'पर्छ', 'जान्छ', आदि वर्तमान कालिक क्रियापदको पनि प्रयोग भए तापनि तिनीहरूलाई भूतकालिक सन्दर्भ चित्रणमा उपयोग गरिएको छ ।

संस्मरण भएकाले लेखकले आफ्ना निजी भावनाहरू अभिव्यक्त गर्दा निपातहरू जस्तै : पो, त, खै, रे, नि आदिको पनि प्रयोग  भएको देखिन्छ । अनुभूतिको सहज वर्णनको क्रममा आएका निपातहरूले अभिव्यक्तिलाई झन् सुन्दर बनाएको देखिन्छ ।

यस **जिन्दगीका टिपोटहरू** कृतिका लेखक तथा संस्मरणकार प्रधान स्वयम् भएकाले प्रायः सबै संस्मरणहरूमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यसमा 'म', 'मेरो', 'मलाई' जस्ता प्रथम पुरुष सूचकहरूको प्रयोग गरिएको छ । प्रायः संस्मरणहरूमा प्रधान आफैले आफ्ना बारेमा वर्णन गरेकाले प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दु शैलीको प्रयोग गरिएको छ भने कतै कतै लेखकले अन्य पात्रहरूका बारेमा वर्णन गरेको हुनाले आंशिक रूपमा परिधीय प्रथम पुरुष दृष्टिविन्दुको पनि प्रयोग भएको देखिन्छ । 'सीमान्तको यात्रा', 'ऊ फेरि कहिल्यै ब्यूँझिन' जस्ता संस्मरणमा यस्तै अवस्था रहेको छ । 'ऊ फेरि कहिल्यै ब्यूँझिन' शीर्षकको संस्मरणमा लेखकको सबै वर्णन कयको जीवन र मृत्युका बारेमा केन्द्रित रहेको छ ।

यस संस्मरणात्मक कृतिको भाषा सामान्य र सरल हुँदा हुँदै पनि आलङ्कारिक र चमत्कारपूर्ण रहेको देखिन्छ । 'बग्दा बग्दै किनार लागेका दिनहरू' शीर्षकको संस्मरणमा भनिएको छ : "जीवन एउटा नदीजस्तो लाग्छ । विना किनारको नदी हुँदै हुन्न । किनार लाग्न पनि पानीभित्रै पस्नुपर्छ, बगिरहनुपर्छ । मैले एकान्तलाई किनार ठानेर रोजें । टेकेको यो निर्भ्रान्त पाइलालाई यसरी एउटा किनार दिएछु" (प्रधान; २०६३ : ८) । यसबाट यस कृतिमा प्रयोग भएको आलङ्कारिक र बिम्बात्मक भाषाको प्रयोग भएको पुष्टि हुन्छ ।

## ४.६. निष्कर्ष

कृष्णचन्द्र सिंह प्रधानद्वारा रचित **जिन्दगीका टिपोटहरू** कृति नेपाली संस्मरण साहित्यकै एक उत्कृष्ट रचना हो । प्रधानका बाल्यकालका अन्तरङ्ग घटनादेखि लिएर साहित्यिक एवम् राजनैतिक जीवन भोगाइका विविध घटना क्रम, संवेदना युक्त क्षण, मार्मिक अभिव्यक्ति एवम् हृदय विदारक अनुभूतिको प्रस्तुतिले सिँगारिएको यो कृति उनको जीवन भोगाइका स्मरणीय घटनाहरूको कलात्मक एवं प्रामाणिक अभिलेख बनेको छ ।

बाल्यकालका घटना, प्रधान परिवारको अवस्था, अध्ययनका समयमा भोगेको सङ्कट, प्राप्त कुण्ठा, श्रद्धा एवम् सहानुभूति, भावनामय अनुभूति, परम्परा, संस्कृतिप्रतिको दृष्टिकोण लगायत जीवनका विविध पक्षलाई समेटिएको यो कृतिमा प्रधानको सिङ्गो व्यक्तित्व उजागर भएको छ । आफ्नो जीवनका विशेष घटना एवम् क्षणहरूलाई प्रस्तुत गरेर सम्पूर्ण कोणबाट पारदर्शी बनेका प्रधानले यसमा मूलतः जीवनका घटना क्रम, यात्रा तथा साथीबाट प्राप्त सहयोग र असहयोगले

दिएको पीडालाई उतारेका छन् ।

प्रधानले आफ्नो जीवनका सन्दर्भमा आएका अन्तरङ्ग सहेली, पारिवारिक सदस्यका अतिरिक्त समाजका प्रतिष्ठित व्यक्तित्वहरूका साक्ष्यमा इमानदारीपूर्वक तटस्थ भएर आफ्ना स्मरणीय क्षणहरूलाई प्रस्तुत गरेका छन् । यसका साथै यस कृतिमा सरल, सरस र बोधगम्य गद्य भाषाको प्रयोग गरिएको छ । पात्र, सन्दर्भ चित्रण, वर्ण्य विषय र शैली एवम् सुसङ्गठनका दृष्टिमा यो कृति नेपाली संस्मरण साहित्यका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हो ।

## पाँचौं अध्याय

# उपसंहार

यस अध्यायमा संस्मरणकार कृष्णचन्द्र सिंह प्रधानको दोस्रो संस्मरणात्मक कृति **जिन्दगीका टिपोटहरू** लाई संस्मरण साहित्यको सैद्धान्तिक मान्यताका आधारमा गरिएको अध्ययन विश्लेषणको सार सङ्क्षेप र निष्कर्षलाई प्रस्तुत गरिएको छ। यस अध्यायमा प्रस्तुत शोधका क्रममा भएका महत्त्वपूर्ण उपलब्धिहरूलाई उल्लेख गरिएको छ । यस क्रममा पहिलो उपशीर्षकमा अध्यायगत रूपमा प्रत्येक अध्यायमा विश्लेषण गरिएका विषयहरूलाई सार सङ्क्षेपमा प्रस्तुत गरिएको छ भने दोस्रो उपशीर्षकमा त्यसैको आधारमा यस शोधको मुख्य प्राप्ति वा निष्कर्षलाई प्रस्तुत गरिएको छ।

## ५.१. सारांश

प्रस्तुत शोधको समग्र संरचनालाई पाँच अध्यायमा विभाजन गरिएको छ। ती पाँचवटै अध्यायमा भएको अध्ययनको सार अंश निम्न अनुसार रहेको छ :

यस शोध पत्रको पहिलो अध्यायमा शोध कार्यको परिचय दिइएको छ। यस अन्तर्गत विषय परिचय, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, शोध कार्यको सीमाङ्कन र शोध विधिमाथि प्रकाश पार्दै यस शोधपत्रको रूपरेखा तयार पारिएको छ।

दोस्रो अध्यायमा संस्मरण साहित्यको परिचय दिइएको छ । यस अध्यायमा संस्मरण साहित्यको सैद्धान्तिक पृष्ठभूमि तयार पारिएको छ । यसमा गद्य साहित्यको फाँटमा नवीन विधाका रूपमा देखा परेका विभिन्न विधाहरूलाई एउटै मूल नाम आख्यानेतर विधा नामकरणका सम्बन्धमा र यसका वैशिष्ट्य एवम् स्वरूपहरूका सम्बन्धमा उल्लेख गरिएको छ। यसमा संस्मरण साहित्यको परिचय, विभिन्न विद्वान् लेखकका परिभाषा तथा संस्मरण साहित्यका आधारभूत तत्त्वको निर्धारण र चर्चा गरिएको छ। अन्तमा आख्यानेतर विधा अन्तर्गतका विभिन्न उपविधाहरू जीवनी, आत्मकथा, संस्मरण, पत्र-साहित्य, दैनिकी, नियात्रा, अन्तर्वार्ता, विवरण र शब्दचित्रका बिचमा तुलनात्मक अध्ययन गर्दै तिनका स्वरूपगत समानता र असमानतालाई प्रस्तुत गरी निष्कर्ष दिइएको छ।

तेस्रो अध्यायमा साहित्यकार प्रधानको सङ्क्षिप्त परिचय दिइएको छ। यसमा प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा भएका महत्त्वपूर्ण तथ्यहरूलाई उल्लेख गरिएको छ।

यसमा प्रधानको जन्म, बाल्यकाल, शिक्षा, पेसा, कारावास, साहित्य सिर्जनामा सकियता, सामाजिक सकियता, पुरस्कार, सम्मान र पदक र विदेश भ्रमणमाथि सङ्क्षिप्त रूपमा प्रकाश पारिएको छ। उनले नेपाली साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानमाथि प्रकाश पारिएको छ।

चौथो अध्याय यस शोधपत्रको प्रमुख अङ्गका रूपमा रहेको छ । यसै अध्यायमा प्रस्तुत शोधपत्रको विशेष अध्ययन केन्द्रित रहेको छ। यस अध्यायमा प्रधानको 'जिन्दगीका टिपोटहरू' लाई संस्मरण साहित्यको सैद्धान्तिक मान्यताका आधारमा व्याख्या विश्लेषण गर्दै निष्कर्ष निकालिएको छ। यस अध्यायमा यस कृतिका महत्त्वपूर्ण विशेषताहरू ठम्याइ यसले नेपाली संस्मरण साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ।

त्यसैगरी प्रस्तुत पाँचौ अध्याय उपसंहारका रूपमा रहेको छ र यसमा शोध सारांश तथा निष्कर्ष दिने काम गरिएको छ।

## ५.२. निष्कर्ष

कृष्णचन्द्र सिंह प्रधान एक सशक्त संस्मरणकार हुन् । उनका **जिन्दगीका टिपोटहरू र नफर्कने ती दिनहरू** गरी दुईवटा संस्मरणात्मक कृतिहरू प्रकाशित भएका छन् । 'नर्फकने ती दिनहरू' बाट आफ्नो संस्मरण साहित्यको यात्रा प्रारम्भ गरेका प्रधानले आफ्ना जीवनका अनुभव र भोगाइहरूलाई 'जिन्दगीका टिपोटहरू' मार्फत् लिपिबद्ध गरेका छन् । 'जिन्दगीका टिपोटहरू' उनको समग्र जीवनको इतिहासको प्रतिबिम्ब तथा स्मारक बनेको छ। यसमा उनले आफ्नो बाल्यकालदेखि वृद्ध हुँदासम्ममा जीवनमा आइ परेका अनगिन्ती मोड, घुम्ती, घटना परि घटना, उकाली ओराली र विभिन्न सन्दर्भका कारण उत्पन्न अनुभूतिलाई कलात्मक भाषामा चित्रण गरेका छन् ।

यी उल्लिखित दुई संस्मरणात्मक कृतिहरूले उनलाई आख्यानेतर गद्य साहित्यका क्षेत्रमा एक प्रतिभाशाली व्यक्तित्वका रूपमा स्थापित गरेका छन् । यी कृति मार्फत् उनले भावमा भन्दा वस्तुतामा जोड दिने, व्यक्तिगत तथा निजी प्रसङ्गहरूदेखि राष्ट्रिय घटना सन्दर्भहरूलाई इमानदारीका साथ प्रस्तुत गर्ने यथार्थवादी संस्मरणकारको परिचय बनाएका छन् । शिल्प र संरचनाको विशिष्ट प्रयोग, गद्य कवितात्मक भाषाको प्रयोग, ऐतिहासिक घटनाको यथार्थ प्रस्तुति, राष्ट्रिय भावनाको अभिव्यक्ति, विवरणात्मकता र सस्तो भावुकताबाट टाढा रहनु, आफ्ना कमी कमजोरीहरूलाई नलुकाइकन प्रस्तुत गर्नु, भाव र भाषाको सन्तुलित र सुललित प्रयोग आदि उनको संस्मरणकारिताका मुख्य विशेषताहरू हुन् ।

'जिन्दगीका टिपोटहरू' मा उनले नितान्त वैयक्तिकदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जीवनमा ख्याति प्राप्त गरेका व्यक्तित्वहरूको सम्बन्ध र सम्पर्क तथा त्यस कममा भएका विशिष्ट

घटना र प्रसङ्गहरूको जिउँदो जाग्दो तस्वीर प्रस्तुत गरेका छन् । यसमा उनको विवाहपूर्वको बाल्यावस्था तथा किशोरावस्थाका वैयक्तिक अनुभव, स्वप्न, इच्छा र घटनाहरूलाई पूर्वाद्ध खण्डमा र कयःसँग विवाह भएपछिका समग्र घटना, विषय र प्रसङ्गहरूलाई उत्तर्राद्ध खण्डका रूपमा प्रस्तुत गरिएको छ । मूलतः कयसँगको जीवनको सम्बन्ध बढी नै मार्मिक बनेको छ । उनले यसमा आफ्नी जीवन सङ्गिनी कयःसँग बिताएका रमाइला दिनहरू, कयःको उदात्त चरित्र र उसमाथि परेका दैविक विपत्तिहरूको सुन्दर, भावनात्मक, कलात्मक, मार्मिक र कारूणिक चित्रण गरेका छन्; जसले यस कृतिको भावनात्मक पक्षलाई उत्कर्षमा पुऱ्याएको छ । यसका साथै यसले हरेक पाठकलाई संवेदना र करूणाको गहिराइमा डुब्न बाध्य पारेको छ ।

जीवन भोगाइका विभिन्न क्षणहरूको सहज प्रस्तुति, परिवेश वा सन्दर्भप्रतिको सचेतता, विविध विषयको गम्भीरता, पात्रहरूको वैशिष्ट्य, सरल र सरस भाषा, आकर्षक शैली, रोचक प्रसङ्ग, कसिलो सङ्गठन पक्ष र प्रस्तुतिगत ढाँचाको वैशिष्ट्यले गर्दा प्रधानको 'जिन्दगीका टिपोटहरू' कृति उत्कृष्ट बनेको छ । यसमा प्रस्तुत भएको विषयको बृहत क्षेत्र, विषय वस्तुको विविधता, विषय र सन्दर्भको उचित संयोजन, तथ्यहरूको पारदर्शी वर्णन, महत्त्वपूर्ण ऐतिहासिक प्रसङ्गहरूको चित्रण, सरल भएर पनि मार्मिक, भावना र विचारहरूको सन्तुलित प्रस्तुति, जीवनका गम्भीर दार्शनिक पक्षहरूको तार्किक प्रस्तुति, प्रभावकारी, प्रवाहपूर्ण र ओजपूर्ण शैलीको प्रयोग जस्ता विशेषताहरूले यस कृतिलाई जीवन्त बनाएका छन् । यसका साथै संस्मरण लेखनका क्षेत्रमा कलम चलाउनेहरूका लागि उनी र उनको यो कृति एउटा महत्त्वपूर्ण प्रेरणाको स्रोत बनेको छ ।

यसरी वर्ण्य विषय, विषयसँग सम्बन्धित परिवेश, प्रस्तुत गरिएका राजनीतिक घटना क्रमका सन्दर्भ, पात्रका क्रियाकलाप र मनस्थिति समेत प्रतिबिम्बित गर्न सक्ने भाषिक शिल्प नै यस संस्मरणको विशेषता बनेको छ । संस्मरणको अध्ययन गर्दै जाँदा पाठकमा जति पढ्यो उति रोचक र कौतूहलताको सिर्जना गर्नु यसको रोचक पक्ष मानिन्छ । सामान्यभन्दा सामान्य पाठकदेखि विशिष्ट पाठकसम्म कसैले पनि यस संस्मणलाई बुझ्न जटिल मानसिक कसरत गर्नु पर्दैन । क्लिष्टता र जटिलताबाट टाढा रही बोधगम्य भाषाको प्रयोग नै प्रधानको यस कृतिको वैशिष्ट्य हो ।

प्रधानले आफ्नो जीवनमा भएका सकारात्मक नकारात्मक, अनुकूल प्रतिकूल, राम्रा नराम्रा सबै विषयहरूलाई इमानदारीका साथ प्रस्तुत गरेका छन् । उनले आफ्ना कमजोरीलाई नलुकाइकन जस्ताको त्यस्तै प्रस्तुत गरेर आम पाठकलाई भन्ने साहस गरेका छन्; जसले उनको लेखकीय इमानदारीको राम्रो परिचय दिएको छ । यसमा उनको समग्र जीवन एउटा खुला

पुस्तकजस्तो बनेर उभिएको छ । एउटा स्रष्टा र द्रष्टाका रूपमा उनले जे भोगे, जे देखे, त्यही लेखेका छन् । राणा शासन कालमा अन्तिम पूर्व प्रधान मन्त्री मोहन शमशेरदेखि बहुदलीय व्यवस्था पुनर्स्थापना भएपछिका प्रथम कम्युनिस्ट प्रधान मन्त्री मन मोहन अधिकारीसम्मका व्यक्तित्वहरूका भेटघाट, सम्बन्ध, तिनका चारित्रिक विशेषता तथा तीसँग जोडिन आएका ऐतिहासिक सन्दर्भहरूलाई वस्तुगत र तथ्यपरक भएर प्रस्तुत गर्नुले उनको यथार्थवादी संस्मरण लेखनको विशेषतालाई थप स्पष्ट बनाएको छ । यथार्थलाई नछोडिकन पनि त्यसमा कलात्मक रङ भरी साहित्यिक आस्वादनका लागि रसिक र सरस बनाउनु उनको संस्मरणकारिताको महत्त्वपूर्ण उपलब्धि बनेको छ । यस कृतिमा प्रयोग भएको अत्यन्त सचेत, बौद्धिक, तार्किक र सरल भाषाशैलीको प्रयोगले उनको संस्मरण यात्रालाई थप उचाइमा पुऱ्याएको छ । उनले कठिन र नबुझिने भाषामा साहित्य लेखेर पाण्डित्य प्रदर्शन गर्ने कतिपय साहित्यकार तथा लेखकहरूलाई सरल भाषामा लेखेर पनि कृतिको साहित्यिक गरिमालाई उत्तिकै उचाइमा पुऱ्याउन सकिन्छ भन्ने गतिलो उदाहरण 'जिन्दगीका टिपोटहरू' मार्फत् दिएका छन् । उनले संस्मरण घटना र भोगाइको थुप्रोमात्र नभएर साहित्यिक कलाले युक्त सुन्दर प्राप्ति हो भन्ने सन्देश दिएका छन् । जीवनकै भोगाइबाट तथ्यहरू स्मरण गरेर ती तथ्यहरूलाई कल्पना र भावनाको माध्यमबाट जस्ताको त्यस्तै चित्रण गर्नु कृष्णचन्द्र सिंह प्रधानको संस्मरण साहित्य लेखनको विशिष्ट प्राप्ति हो र यसले उनलाई नेपाली आख्यानेतर साहित्य लेखकको विशिष्ट व्यक्तित्वको रूपमा उभ्याएको छ । प्रधानले प्रस्तुत **जीन्दगीका टिपोटहरु**मा संकलित संस्मरणात्मक लेखहरु मार्फत निबन्धात्मक एवम् आख्यानात्मक गुणका परिसीमाबाटै संस्मरण साहित्यलाई जीवन्त, पठनीय, रोचक र प्राज्ञिक उचाई दिने काम गरेका छन् ।

# सन्दर्भ सूची


अधिकारी, क्षेत्र प्रताप (२०६७), “साझा प्रकाशन र कृष्णचन्द्रजीसँगको सहकार्य” **गरिमा** वर्ष-२९, अङ्क-१, पूर्णाङ्क-३३७, पृ.५-१३ ।

अधिकारी, बाबुराम (२०६१), **समालोचना सिद्धान्त र नेपाली समालोचना**, काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

अधिकारी, रविलाल (२०५१), **नेपाली समालोचनाको रूपरेखा**, पोखरा : लेकाली प्रकाशन ।

अधिकारी, रामचन्द्र (ई. १९९२), **हिन्दी गद्य साहित्य**, वाराणसी : विश्व विद्यालय प्रकाशन ।

अन्नपूर्ण फाउन्डेसन (२०१४), “कृष्णचन्द्रसिंह प्रधान” Http://annafourd.org/node/9

असद, माजदा (ई. १९८६), **गद्य की नवीन विधाएं**, दिल्ली : गन्थ्र अकादमी ।

आनन्द, खेलचन्द्र (ई. १९७४ ), **आधुनिक हिन्दी गद्य**, दिल्ली : सूर्य प्रकाशन ।

इन्साइक्लोपेडिया (२०१०), “कृष्णचन्द्रसिंह प्रधान” en.wikipedia.org./.../Krishna_c..

उपाध्याय, केशव प्रसाद (२०४९), **साहित्य-प्रकाश,** पाँचौं संस्करण , काठमाडौं : साहित्य प्रकाशन ।

एटम, नेत्र (२०६१), **समालोचनाको स्वरूप**, काठमाडौं : साझा प्रकाशन ।

काठमाडौं पोष्ट (२०१०,जुलाई ३ बुधबार), “साहित्यकार कृष्णचन्द्रसिंह प्रधान रहेनन्” www.ekantipur.com

कार्थर, पिटर जे. (२०१०, जुलाई १९), “गुडबाई कृष्णचन्द्र दाई” अनलाइन, **रिपब्लिका,** www.republica.com

गौतम, धुव्रचन्द्र (२०६७**),** “मेरा आदरणीय कृष्णचन्द्रसिंह प्रधान” **समकालीन साहित्य**, अङ्क ३, पूर्णाङ्क- ६१, पृ. १४-१६ ।

ग्वंग, तेजेश्वर बाबु (२०६७) “स्तब्ध श्रद्धाञ्जली”, **कान्तिपुर,** असार २६ गते शनिवार ।

घिमिरे, विष्णु विभु (२०६३), “सम्झनाश्रद्धा कृष्णचन्द्रसिंह प्रधानमा” **समकालीन साहित्य,** अङ्क ३, पूर्णाङ्क-६१, पृ.२७-२८ ।

त्रिपाठी, वासुदेव (२०३१), **साहित्यका मूलभूत विधाका सापेक्षतामा अन्य विधाको रेखाङ्कन**, काठमाडौ : अरूणोदय ।

दाहाल, अर्जुन प्रसाद (२०६७), “कृष्णचन्द्रसिंह प्रधानको संस्मरणकारिता”, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर ।

दुवाल, मोहन (२०६७**),** “कृष्णचन्द्रसिंह प्रधान : हाम्रो हियारको सियाँलनेर” **गरिमा**, वर्ष-२९, अङ्क-१, पूर्णाङ्क-३३७, पृ.३५-३६ ।

नगेन्द्र (ई.१९८१ ), **भारतीय साहित्य कोश**,(सम्पा.), दिल्ली : नेशनल पब्लिसिङ्ग हाउस ।

नयाँघरे, युवराज (२०६७), “कृष्णचन्द्र र ह्याट्रिक” **समकालीन साहित्य**, अङ्क-३, पूर्णाङ्क -६१, पृ.२९-३२ ।

पराजुली, कृष्ण प्रसाद (२०६७), “कृष्णचन्द्रसिंह प्रधान : हाम्रो हियारको सियाँलनेर” **गरिमा**, वर्ष-२९,अङ्क-१, पूर्णाङ्क-३३७, पृ.३३-३४ ।

पारिजात (२०५४), **पारिजातका सङ्कलित रचनाहरू**, सिक्किम : निर्माण प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०५०), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रकाश, राम (ई.१९८६), **साहित्यका विविध विधाएँ,** दिल्ली : सनमार्ग प्रकाशन ।

प्रधान, कृष्णचन्द्र सिंह (२०५९), **नफर्कने ती दिनहरू**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

________________ (२०६३), **जिन्दगीका टिपोटहरू**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

प्रधान, पुस्तुन (२०६७), “म धर्तीमाथि बोझ भएर बाँच्न चाहन्न” **गरिमा**, वर्ष-२९, अङ्क-१, पूर्णाङ्क-३३७, पृ.२९-३१ ।

प्रधान, भिक्टर (२०४४), **नेपाली जीवनी तथा आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रसाईं, नरेन्द्र राज (२०६१), **नेपाली साहित्यका समालोचक र समालोचना**, काठमाडौं : एकता प्रकाशन ।

बन्धु, चूडामणि (२०६७), “कृष्णचन्द्रसिंह प्रधान : जीवनी र व्यक्तित्वका केही पाटाहरू” **गरिमा**, वर्ष-९, अङ्क-१, पूर्णाङ्क-३३७, पृ. १४-१७ ।

बर्मा, धीरेन्द्र (२०२०), **हिन्दी साहित्य कोश**, (सम्पा.), वाराणसी : ज्ञान मण्डल ।

भट्टराई, गोविन्द राज (२०६४), “हरएक मान्छे आफ्नै उज्यालोमा देखिन्छन्, चिनिन्छन्” कृष्णचन्द्र सिंह प्रधान, **जिन्दगीका टिपोटहरू**,दो.सं. काठमाडौं : रत्न पुस्तक भण्डार ।

________________ (२०६७) “एक महान् शिखरयात्रीसँगका अन्तिम सम्झना” समकालीन साहित्य, अङ्क-३, पूर्णाङ्क-६१, पृ. ७-१३ ।

मञ्जन, विनोद (२०६०), **खोज-अनुसन्धानपरक नेपाली समालोचना**, काठमाडौं : सेरेनहिल स्कूल ।

माली, इन्द्र (२०६७), “कृष्णचन्द्रसिंह प्रधान : हाम्रो हियारको सियाँलनेर” **गरिमा**, वर्ष-२९, अङ्क-१, पूर्णाङ्क-३३७, पृ.३४-३५ ।

वाशिष्ठा, भुषिता (२०१४, अक्टोबर) "कृष्णचन्द्रसिंह प्रधान" अनलाइन, **काठमाडौँ पोष्ट**, www.ekantipur.com

शर्मा, मख्खन लाल (ई. १९७४), **भारतीय काव्यशास्त्रको सिद्धान्त**, दिल्ली : प्रेमशील प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६७), "समालोचक कृष्णचन्द्रसिंह प्रधानका साहित्य सम्बन्धी मान्यताहरू" **गरिमा**, वर्ष-२९, अङ्क-१, पूर्णाङ्क-३३७, पृ. १८-२३ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४९), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, अभि (२०६७), "कृष्णचन्द्रसिंह : कोणहरू र लेखन" **समकालीन साहित्य**, अङ्क ३, पूर्णाङ्क ६१, पृ.२१-२६ ।

सुवेदी, राजेन्द्र (२०४९), **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, काठमाडौँ : साझा प्रकाशन ।

______ (२०५३), "संस्मरण साहित्यको सैद्धान्तिक परिचय : संक्षिप्त अध्ययन", **मधुपर्क**, वर्ष-२८, अङ्क-४, पृ. ३७ ।

______ (२०६७), "गुड बाई कृष्णचन्द्र दाइ" **गरिमा**, वर्ष-२९, अङ्क-१, पूर्णाङ्क-३३७, पृ. २४-२८ ।

______ (२०६४), **नेपाली समालोचना : परम्परा र प्रवृत्ति**, दो.सं, काठमाडौँ : साझा प्रकाशन ।